## परिच्छेद - एक

# शोधपरिचय

### १.१ विषय परिचय

प्रस्तुत शोधकार्यको विषय 'सूर्य सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्व' रहेको छ । नेपाली साहित्य जगत्का एक उत्कृष्ट प्रतिभा सूर्य सुवेदी वि.सं. २००५ जेठ १९ गते तेरथुम जिल्लाको सावला गा.वि.स. वडा नं. ६ मा जन्मेग्रेजी, राजनीतिशास्त्र र कानुनमा उच्चशिक्षा हासिल गरेका सुवेदी लामो समयदेखि समाजसेवा र स्वतन्त्र पत्रकारिताका क्षेत्रमा संलग्न रहेका छन् । वि.सं. २०२७/२८ सालदेखि सुवेदी नेपाली साहित्यका क्षेत्रमा देखापरेका हुन् । यिनी नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएर साहित्यकारका रूपमा परिचित छन् । समाजसेवी, पत्रकार र लेखन व्यक्तित्व नै उनको प्रमुख व्यक्तित्व हो ।

सूर्य सुवेदीले साहित्य र साहित्येतर गरी थुप्रै विधामा कलम चलाए पनि यिनी विशेषगरी कथा र उपन्यास विधामा परिचित छन् । यिनका **सूर्य सुवेदीका कथाहरू** (२०६८) शीर्षक कथा सङ्ग्रह, **दिशाहीन यात्रा** (२०६९) नामक उपन्यास एवं सिर्जना र दृष्टिकोण (२०७०) शीर्षक अन्तर्वार्ता सङ्ग्रह प्रकाशित छन् । यसका अतिरिक्त थुप्रै पत्रपत्रिकाहरूमा उनका पर्यटन गतिविधि सम्बन्धी समसामयिक लेखरचनाहरू प्रकाशित छन् । समाजसेवा गरेबापत वि.सं. २०५७ सालमा उनलाई श्री ५ वीरेन्द्रबाट 'प्रबल गोरखादक्षिणबाहु' सम्मान प्रदान गरिएको छ । समाजसेवी, पत्रकार व्यक्तित्व, राजनीतिक व्यक्तित्व, लेखक व्यक्तित्व नै उनको प्रमुख व्यक्तित्व हो । वि.सं. २०४६ सालदेखि उनले शाखा अधिकृत जागिर छोडेर डेढ वर्ष सातदिने **गाण्डीव** पत्रिकाको प्रकाशन गर्न थाले र पछि यिनले यसै पत्रिकाको अतिथि सम्पादकसमेत भएर काम गरेको पाइन्छ । यसरी साहित्यिक र साहित्येतर कृतिहरूका लेखक सूर्य सुवेदीका जीवनी, व्यक्तित्व र कृतित्वको विविध पक्षको अध्ययन, विश्लेषण र मूल्याङ्कन यस शोधकार्यमा गरिएको छ ।

### १.२ समस्याकथन

सूर्य सुवेदीले साहित्यका विविध विधामध्ये मूलतः कथा एवं उपन्यासमा कलम चलाएका छन् । वि.सं. २०२७/०२८ सालदेखि नै आफ्नो लेखनलाई अगाडि बढाएका सुवेदीले आफ्नो लेखनको प्रारम्भिक कालदेखि नै साहित्य सिर्जना गरेको पाइन्छ । उनका बारेमा छिटपुट रूपमा चर्चापरिचर्चा भए तापनि

विस्तृत र व्यवस्थित रूपमा समग्र अध्ययन गरिएको पाइँदैन । तसर्थ प्रस्तुत शोधकार्य निम्नलिखित मुख्य शोध समस्यामा केन्द्रित रहेको छ :

१. सूर्य सुवेदीको जीवनी, व्यक्तित्व र साहित्य यात्रा तथा प्रवृत्ति के कस्ता छन् ?

२. उपन्यास तत्त्वका आधारमा सूर्य सुवेदीको उपन्यास के कस्तो देखिन्छ ?

३. कथातत्त्वका आधारमा सूर्य सुवेदीका कथा के कस्ता छन् ?

## १.३ शोधकार्यको उद्देश्य

उपर्युक्त शोधसमस्यालाई केन्द्रविन्दु बनाई तयार गरिएको प्रस्तुत शोधकार्यका उद्देश्यहरू यस प्रकार रहेका छन् :

१. सूर्य सुवेदीको जीवनी, व्यक्तित्व र साहित्य यात्रा तथा प्रवृत्तिको अध्ययन गर्नु,

२. उपन्यास तत्त्वका आधारमा सूर्य सुवेदीको उपन्यासको अध्ययन गर्नु,

३. कथातत्त्वका आधारमा सूर्य सुवेदीको कथाको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

सूर्य सुवेदीको कृतिका बारेमा विभिन्न विद्वान्हरूले त्यति धेरै अध्ययन विश्लेषण गरेको त पाइँदैन तर पनि उनका उपन्यासका बारेमा लेखक तथा पत्रकारहरूले आंशिक तथा छिटपुट रूपमा चर्चा गरेको पाइन्छ । उनको योगदान अनुसार उनको चर्चा परिचर्चा भएको पाइँदैन । उनको कृतिका सम्बन्धमा गरिएका चर्चा परिचर्चाहरू कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिन्छ :

अभि सुवेदीले **सूर्य सुवेदीका कथाहरू** (२०६८) कथाको पुस्तकको 'स्मृतिका आयाम' शीर्षक भूमिकामा सूर्यका कथामा आञ्चलिक पात्रहरूका मानवीय संवेदना, दुख र आल्हादका अवसर अनि क्षणहरूले मानिसका साझा अनुभूति बोल्छन् तर ती अस्मिताभित्र छन् भनी तिनका साधारण जीवन र मानवीय महत्त्वको अस्तित्वको चित्रण भएका यस सङ्कलनका कथाको वर्णनशैली सहज छ । पात्रका चरित्र र तिनका स-साना परिवेश र तिनका भौगोलिक, आर्थिक, नैतिक अनि सामाजिक आलम्बन नै तिनका प्रतीक हुन् र सूर्य आञ्चलिकतालाई उद्गम चेतनाको चाहना र स्वच्छ संस्कृति प्रतिको लोलुपता मानेका छन् । यस्तो काल्पनिकीलाई उनको विचारमा साहित्यले कुनै समाजको बोलीका रूपमा काव्यिक ढङ्गले प्रस्तुत गर्छ । उनी यस्तो आञ्चलिक साहित्यिक रचनालाई त्यस्तै अनुरागको रूपक मानिन्छ । यो अनुराग एक सहज, सरल र सुन्दर विगततिरको यात्रा हो । यस्तो पुनरावृत्तिको काल्पनिकीकरण

त्यसलाई बाधा गर्ने सबै प्रकारका तत्त्वहरूसँग सामना गरिएको हुन्छ । उनी साहित्यको यो आँचललाई सम्झनाको थलो एवं स्मृतिको कलेवर मान्छन् भनी उल्लेख गरेका छन् ।

दयाराम श्रेष्ठले **सूर्य सुवेदीका कथाहरू** (२०६८) पुस्तकको भूमिकामा सूर्य सुवेदी व्यक्ति चरित्र भित्रका राम्रा नराम्रा सबै गुण अवगुणहरू केलाएर ती सबै सामाजिक र सांस्कृतिक पृष्ठधारहरूको उद्घाटन गर्न कथाकार सफल रहेको पाइन्छ । ग्रामीण परिवेशमा हुर्केबढेका मानिसहरूको धारणा, विश्वास र आकाङ्क्षामा प्रभाव पार्ने सामाजिक मूल्य र मान्यताको सन्धान यी कथाहरूमा भएको पाइन्छ । विगतको दश वर्षे द्वन्द्वकालका घाउ चोटलाई उनीजस्ता संवेदनशील कथाकारले बिर्सने त कुरै भएन । एक्लोपनको नियति भोग्न विवश आजका मान्छेको कथा, सडक बालबालिकाहरूतर्फ उनको ध्यान पुगेकै पाइन्छ । पूर्वी नेपालको यथार्थ भूगोललाई कार्य पीठिका मात्र बनाएर वस्तवमा मानव जीवनको आन्तरङ्ग सत्यको उद्घाटन गर्ने लक्ष्य लिएका छन् भनी उल्लेख गरेका छन् ।

लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारीले **नेपाली कथाको इतिहास** (२०६९) पुस्तकमा तीसओटा कथाहरू रहेको यस सङ्ग्रहका कथाहरूमा मूलतः पूर्वी पहाडी क्षेत्रलाई कार्यपीठिका बनाइएको छ । आञ्चलिक परिवेशमा लेखिएका यस सङ्ग्रहका कथामा आफ्नै निजी संस्मरण र भोगाइहरूको कथाको स्वरूप प्राप्त गरेका छन् । यस सङ्ग्रहका प्रायः सबै कथाहरू आञ्चलिक छन् । आञ्चलिक पात्रका मानवीय संवेदना, दुख, अभाव, गरिबी, सामाजिक, आर्थिक र भौगोलिक विषमता, मोफसलको एकनासे जीवनशैली मानव जीवनको अन्तरङ्ग सत्यको उद्घाटन आदि उनका कथामा पाइने विशेषता हुन् । घटनाप्रधान र चरित्रप्रधान दुवै किसिमका कथा लेख्ने सूर्य सुवेदीका *ब्याकी आइमाई, हेडसर, देउराली, रतेली, आरन* आदि शक्तिशाली कथाका रूपमा देखिन्छन् । नेपाली समाजका लोकजीवन पद्धति, लोकसंस्कार र लोकविश्वासलाई सूक्ष्म तरिकाले देखाउनु उनको विशेषता हो भनी उल्लेख गरेका छन् ।

सोमनाथ घिमिरेले **दिशाहीन यात्रा** (**युगसंवाद**, साप्ताहिक २०६९ असोज २) शीर्षकको लेखमा यो उपन्यासले चर्चित कालखण्डका विविध घटनाबाट नेपाली जनजीवनमा राजनीतिक, सामाजिक, सांस्कृतिक एवं मनोवैज्ञानिक असर कुन रूपमा पर्‍यो भनी राम्रोसँग केलाएको छ । विषयवस्तु र लेखनशैली दुवैले पाठकहरूको ध्यान खिच्नसक्ने देखिन्छ । समसामयिक राजनीतिक घटनामा केन्द्रित रहेर लेखिएको यो उपन्यासले द्वन्द्व साहित्यलाई नयाँ आयाम दिई यसका साथै उपन्यासकारले केही सुपरिचित राजनीतिक पात्रहरू र केही काल्पनिक पात्रहरू खडा गरेर सो समयावधिभित्रका ऐतिहासिक घटना र समयक्रममा विकसित भएका अनेकौ विकृतिहरूको सम्यक गर्नु विवेचना भएको छ भनी उल्लेख गरेका छन् ।

डा. खगेन्द्र प्रसाद लुइटेलले **दिशाहीन यात्रा** (**युगसंवाद**, साप्ताहिक २०६९ असोज २) शीर्षकको लेखमा उपन्यासको मूल्याङ्कन गर्दै यस उपन्यासले तटस्थ दृष्टिकोण प्रस्तुत गरेका छन् भन्ने उल्लेख गरेका छन् । द्वन्द्वका विषयमा तटस्थ भएर कलम चलाउनु लेखकको विशिष्ट क्षमता हो । उपन्यासमा युगिन यथार्थको चित्रण छ । उपन्यासमा धेरै पात्रहरू छन् तर ती बोल्दैनन्, जति बोल्छन् लेखक आफै बोल्छन् भन्ने उल्लेखका साथ उनले यो नौलो प्रयोग भनेका छन् ।

मोहन लोहनीले 'विचारप्रधान उपन्यास' (**नागरिक**, २०६९ कार्तिक १८) शीर्षकको लेखमा नयाँ समावेशी संविधान पारित गरी संविधान लागू हुने र जनताले मौलिक अधिकार उपभोग गर्न पाउने आशा, आकाङ्क्षामा संविधान सभाको अवसानपछि तुसारापात भएको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रतर्फको यात्रा अनिश्चित र दिशाहीन भएको छ र ठोस निष्कर्षको आभास नभएपछि उपन्यासमा प्रश्नै प्रश्नका अनगिन्ती गुजुल्टा देखा पर्छन् । मार्गचित्र स्पष्ट नभएको अवस्थामा तिनलाई फुकाउन सजिलो छैन । हिंसात्मक आन्दोलनका परिणामलाई अर्थ्याउन र कथानकलाई गति दिन यी सहायक छन् भन्ने उल्लेखका साथ उपन्यासको भाषा सरल र सुबोध्य छ भनेका छन् ।

शिवप्रसाद भट्टराईले **दिशाहीन यात्रा** (**गोरखापत्र** २०६९ माघ २०) शीर्षकको लेखमा वि.सं. २०४६ र २०६३ को जन आन्दोलनबाट प्राप्त उपलब्धिलाई नेपालका राजनीतिक दलहरूले निम्न वर्गीय जनताका हितमा किन प्रयोग गर्न सकेनन् ? किन नेपाली जनताले लामो समयसम्ममा पनि लोकतन्त्रको घामलाई आफ्नै घर आँगनमा स्पर्श गर्न सक्ने वातावरण पाउन सकेनन् ? गरिब र धनीबीचको खाडल दिनप्रतिदिन किन र कसरी बढ्दै गयो ? नेपालमा भएका कुनै पनि राजनीतिक परिवर्तनले किन सकारात्मक दिशा ग्रहण गर्न सकेनन् ? आदि इत्यादि विविध सन्दर्भहरूमा गहन प्रकाश पार्दै प्रस्तुत उपन्यास आजको राजनीति कुन रूपमा दिशाहीन अवस्थामा पुगेको बताएका छन् । यस किसिमको दिशाहीन अवस्थाले भविष्यमा नेपालमा कस्तो समाज र संस्कृतिको निर्माण हुन पुग्ला ? भन्ने विषय नै अत्यन्त अन्योलपूर्ण बनेको यथार्थमा प्रकाश पार्न सफल छ । यस यथार्थलाई मनन गर्दा उपन्यासको शीर्षक **दिशाहीन यात्रा** निकै सार्थक बन्न सकेको छ । माओवादी सशस्त्र द्वन्द्व र यसले सिर्जना गर्न पुगेका विविध किसिमका त्रासदपूर्ण अवस्थामा दृष्टिपात गर्न पनि उपन्यास सफल छ भनेका छन् ।

हेमनाथ पौडेलले '**दिशाहीन यात्रा**को नालीबेली' (**अन्नपूर्ण पोष्ट**, २०६९ मङ्सिर १६) शीर्षकको लेखमा उक्त उपन्यासमा माओवादी विद्रोह र यसले उत्पन्न गरेको द्वन्द्व, पीडा र त्रासद पक्षलाई

समग्रमा चित्रण गरेको छ । धनकुटाको मारेकटहरेको मध्यम वर्गीय चरित्र सुवर्णको राजनीतिक यात्रासँग सम्बन्धित भए पनि यस उपन्यासले समग्र नेपाललाई नै समेटेको छ भनेका छन् ।

खगेन्द्र प्रसाद लुइटेलले 'अनुभवको उत्कृष्ट सङ्ग्रह' (**नागरिक**, २०७१ कात्तिक २२) शीर्षकको लेखमा दीर्घ जीवन बिताएर विभिन्न क्षेत्रमा अनुभवसिद्ध ज्ञानको भण्डारका रूपमा आएका व्यक्तिहरूको अन्तर्वार्ता सङ्ग्रह हो, सिर्जना र दृष्टिकोण भनि भनेका छन् । यसमा समाविष्ट व्यक्तिहरूले अनुभूतिजन्य राष्ट्रिय, अन्तर्राष्ट्रिय सन्दर्भका साथै वैयक्तिक दृष्टिकोण एवं मान्यता पनि बताएका छन् । तिनीहरूले भोगेको युगका विविध पक्षलाई भेटेर लामै समय गफ गरी यति धेरै सामग्री सङ्कलन गर्नु कठिन कार्य हो । यस्तो कार्यलाई पनि लेखक सूर्य सुवेदीले सहजतासाथ सम्पादन गरेका छन् । नेपाली साहित्यका साथै विभिन्न क्षेत्रमा ख्याति कमाएका ५२ पुरुष र ७ महिला गरी ५९ जना व्यक्तिसँग विभिन्न समयमा लिइएका अन्तर्वार्ताहरूको सङ्ग्रहका रूपमा प्रकाशित कृतिका माध्यमबाट उनले आफूलाई कुशल अन्तर्वार्ताकार व्यक्तित्वका रूपमा स्थापित गरेका छन् भनी उल्लेख गरेका छन् ।

## १.५ शोधकार्यको औचित्य

थोरै कृति लेखे पनि लामो समयदेखि नेपाली साहित्यको सेवा गर्दै आएका साहित्य साधक सूर्य सुवेदीका बारेमा विभिन्न पत्रपत्रिकामा सामान्य छिटफुट रूपमा टिप्पणी र चर्चा परिचर्चा गरिनुबाहेक विस्तृत र सुव्यवस्थित अध्ययन-अनुसन्धान नभएको परिप्रेक्ष्यमा गरिने अध्ययन र अनुसन्धान स्वतः औचित्यपूर्ण देखिन्छ । समवर्ती र उत्तरवर्ती साहित्यिक व्यक्तित्वहरूका लागि उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन प्रेरणादायी बन्नुका साथै उनका बारेमा जिज्ञासु भएर पनि पूर्ण जानकारी नभएका व्यक्तिलाई पूर्ण रूपमा जानकारी गराउन यसले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ र एक साहित्य साधन व्यक्तित्वको समग्र चिनारीबाट त्यस्ता व्यक्तित्व प्रति सच्चा सम्मान र राष्ट्रलाई साहित्यमार्फत लगाएको गुणको मूल्याङ्कन हुन सक्छ । यसै सन्दर्भमा यस शोधकार्यको औचित्य र महत्त्व स्पष्टिन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यको क्षेत्र सूर्य सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन एवं विश्लेषण हो । सूर्य सुवेदीका जीवनका विभिन्न पाटाहरूको चर्चा गर्दै उनका कथा सङ्ग्रहका कथालाई कथा तत्त्वका आधारमा र उपन्यासलाई उपन्यास तत्त्वका आधारमा विश्लेषण गरिएको तथा अन्तर्वार्ता

सङ्ग्रहलाई भने सामान्य परिचयात्मक ढङ्गले उल्लेख गरिएको छ । वि.सं. २०७१ सालसम्म प्रकाशित उनका कृतिहरूको अध्ययन गर्नु प्रस्तुत शोधकार्यको सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलन र शोधविधि

यस शोधकार्यलाई विश्वसनीय, पूर्ण प्रमाणित बनाउनको लागि मूलतः पुस्तकालयीय विधि अपनाइएको छ । यसका अतिरिक्त सामग्री सङ्कलनका लागि शोधनायक स्वयम् र उनका निकटतम व्यक्तिसँग पनि सम्पर्क गरिएको छ । यसका लागि अन्तर्वार्ता, प्रश्नावली आदिका माध्यमबाट शोधका लागि आवश्यक सामग्री सङ्कलन गरिएको छ । उपन्यासलाई कथावस्तु, पात्रविधान, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैली जस्ता उपन्यास तत्त्वका आधारमा र कथालाई कथानक, पात्रविधान, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीजस्ता कथाका तत्त्वका आधारमा विश्लेषण गरिएको छ । यस शोधकार्यमा वर्णनात्मक, विश्लेषणात्मक र निगमनात्मक विधि अपनाइएको छ ।

## १.८. शोधपत्रको रूपरेखा

शोधपत्रको संरचनालाई व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि मुख्य सातवटा परिच्छेद र आवश्यकता अनुसार विभिन्न शीर्षक-उपशीर्षकमा विभाजन गरिएको प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : सूर्य सुवेदीको जीवनी र व्यक्तित्व

परिच्छेद तिन : कथाको विधागत स्वरूप

परिच्छेद चार : सूर्य सुवेदीको कथायात्रा, प्रवृत्ति र कथासङ्ग्रहको विश्लेषण

परिच्छेद पाँच : **दिशाहीन यात्रा** उपन्यासको विश्लेषण

परिच्छेद छ : अन्तर्वार्ता संग्रहको संक्षिप्त विवेचना

परिच्छेद सात : उपसंहार तथा निष्कर्ष

सन्दर्भग्रन्थसूची

# परिच्छेद - दुई

# सूर्य सुवेदीको जीवनी

## २.१ जन्म र बाल्यकाल

सूर्य सुवेदीको जन्म वि.सं. २००५ जेठ २ गते तदनुसार सन् १९४८ जुन १ मा तेरथुम जिल्ला साबला गा.वि.स. वडा नं. ६ मा भएको हो । सूर्य सुवेदीका पुर्खाहरू बहादुर शाहको समयदेखि नै तेरथुममा बसोबास गर्दै आएका हुन् । यिनका बाजे र बाबुको जन्म पनि तेरथुम जिल्लामै भएको हो । पिता रामप्रसाद सुवेदी र माता विष्णुमाया सुवेदीका साहिला पुत्रका रूपमा यिनको जन्म भएको हो । यिनका बाबु रामप्रसाद घरमै साधारण अध्ययन गरेका, सामाजिक, सामान्य खालका व्यक्ति थिए । विष्णुमाया पनि दयालु, सामान्य ग्रामीण महिला, सबैले सम्झने खालकी महिला थिइन् । यिनै ब्राह्मण दम्पतीका कोखबाट जन्मिएका सूर्य सुवेदीको न्वारनको नाम सूर्यप्रसाद हो । उनका बाबुका दुईवटी श्रीमती थिए, उनीहरूका सातजना छोराछोरी छन् । उनकी आमापट्टीका पाँचजना दाजुभाइ र तिनजना दिदी बहिनी छन् । जेठो दाजु पुण्यप्रसाद, ऋषिकेश, नरहरि, नारायण, पुरुषोत्तम, तिन दिदीबहिनी नरमाया ढकाल, हरिमाया प्रसाईं, रमला थपलिया हुन् (सुवेदी, २०७० : २-२५) । जेठो दाजु पुण्यप्रसाद सुवेदी गीतकार र कविका रूपमा परिचित छन् र काइला भाइ नरहरि सुवेदी गायक हुन् । पुण्यप्रसाद सुवेदी र नारायण सुवेदीको मृत्यु भइसकेको छ । सूर्य सुवेदीकी आमाको मृत्यु ४० वर्षको उमेरमा वि.सं. २०१२ सालमा टाइफाइडका कारण भएको हो ।

सूर्य सुवेदीको जन्म तेरथुम जिल्लामा भएकाले उनी त्यहीँको माटो, प्रकृति र वातावरणसँग खेल्दै अगाडि बढेको पाइन्छ । यिनले अठार वर्षसम्म तेरथुम जिल्लामै बिताएको पाइन्छ । सूर्य सुवेदी एउटा सामान्य मध्यम वर्गीय किसान परिवारका व्यक्ति हुन् । यिनलाई बुबा र दाजुले घरमा नै अक्षर चिनाएका थिए । यिनले गाइवस्तु हेर्ने, घाँस काट्ने, खेतीपाती गर्ने सबै काममा बाबुआमालाई सघाउँदै स्कुल पढेका हुन् । उनलाई खान, लगाउन र पढ्न भने दुख थिएन । उनी बाल्यकालमा विद्यालय गएको देखिँदैन । ६ देखि ७ वर्षमा मात्र उनी प्राथमिक तहको अध्ययनको लागि स्थानीय विद्यालयमा भर्ना भएका हुन् । उनी विद्यालयमा मध्यम खालका विद्यार्थी थिए ।

सूर्य सुवेदी बाल्यकालमा अलि चन्चले, दौडधुप गर्ने, नेतृत्व गर्न चाहने स्वभावका थिए । बाल्यकाल सामान्य ग्रामीण परिवेशमा बिताएका सुवेदी करिब ८ वर्षको हुँदा उनकी आमाको मृत्यु भयो । आमाको अभाव उनलाई सधैँ खड्किरहन्छ (सुवेदी, २०७० : २-२६) । सुवेदी सानो हुँदा उनका

काकाहरू कम्युनिस्ट पार्टीमा थिए । त्यस बेलाको प्रतिबन्धित समयमा काकाहरूले रातीराती पुलिस थानामा पमप्लेट फ्याँक्न लगाउँथे । अहिले पनि त्यो स्थिति सम्झँदा उनलाई रोमाञ्चक लाग्ने गर्दछ ( सुवेदी, २०७० : २-२५) ।

## २.२ शिक्षादीक्षा

सूर्य सुवेदीको अक्षराम्भ घरमै भएको थियो । बुबा र दाजुले नै उनलाई अक्षर चिनाएका थिए । उनलाई सानोमा **रुद्री**, **चण्डी**, **गीता** र **अमरकोश** पढाउन कृष्णलाल अधिकारी भन्ने गुरु (पण्डित) घरमा नै आउने गर्दथे (सुवेदी, २०७० : २-२६) । उनी ६-७ वर्षको भएपछि मात्र प्राथमिक तहको अध्ययनका लागि स्थानीय विद्यालयमा भर्ना भएका हुन् । वि.सं. २०२१ सालमा तेरथुमको सिंहवाहिनी हाइस्कुलबाट यिनले तृतीय श्रेणीमा प्रवेशिका परीक्षा पास गरे । सूर्य सुवेदीका पिताले आफ्ना छोराहरूलाई उनीहरूकै इच्छाअनुसार पढ्न छोडिदिएका थिए । सूर्य सुवेदीले त्रि-चन्द्रबाट वि.सं. २०२४ सालमा प्रमाणपत्र तह र वि.सं.२०२६ सालमा दोस्रो श्रेणीमा स्नातक तह पूरा गरे । उनले त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजी तथा राजनीतिशास्त्रमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह पूरा गरेका छन् । यसका अतिरिक्त उनले कानुनमा स्नातक पनि गरेका छन् । सूर्य सुवेदीको औपचारिक अध्ययन यही पुगेर टुङ्गिएको देखिन्छ ।

## २.३ पारिवारिक स्थिति

सूर्य सुवेदीको उपनयन संस्कार घरैमा अरू भाइहरू र ठूला बाका छोराहरूका साथ १२ वर्षको उमेरमा भएको थियो । यिनको उपनयन वैदिक परम्पराअनुसार नै भएको थियो । वि.सं. २०३३ साल मङ्सिर २२ गते चितवन भरतपुर निवासी गोपीनाथ खतिवडा र भवानी खतिवडाकी कान्छी सुपुत्री प्रतिभा खतिवडाका साथ सूर्य सुवेदीको मागी विवाह भएको हो (सुवेदी, २०७० : २-२६) । त्यतिवेला सुवेदी २८ वर्षका र प्रतिभा २३ वर्षकी थिइन् । प्रतिभा विवाह गर्दा स्नातकोत्तर गर्दै थिइन् । सुवेदीको पहिलो सन्तानका रूपमा २०३५ सालमा जेठो छोरा प्रसन्न र २०३६ सालमा कान्छो छोरा त्रिलोकको जन्म भयो (सुवेदी, २०७० : २-२६) । सुवेदीका यी सन्तानमध्ये कान्छो छोरा त्रिलोकको विवाह भइसकेको छ । उनका छोराहरूले अमेरिकाबाट ग्र्याजुएट गरेका छन् । यिनका कान्छा छोरा केही महिनाअगिसम्म रेडियो नेपालमा अङ्ग्रेजी समाचार वाचक थिए । यिनका छोराहरू अहिले अमेरिकामा रहेको कुरा सुवेदीबाट जानकारी पाइन्छ ।

## २.४ पेसा

सूर्य सुवेदीको जन्म पहाडी दुर्गम ठाउँमा एक मध्यम वर्गीय किसान परिवारमा भएको हो । उनीलाई खान, लगाउन र पढ्न भने दुख थिएन । आफ्नै कमाइले काठमाडौँको ज्ञानेश्वरमा आधुनिक सुविधायुक्त घरको निर्माण गरी सुवेदी त्यहीँ सपरिवार बसोबास गर्दै आइरहेका छन् । सुवेदी स्वयम् जागिरे भएको र प्रतिभा पनि पढेलेखेकी नारी भएका कारणले गर्दा आर्थिक स्थितिमा उनलाई साथ दिएकी छन् । उनका दुवै छोरा अमेरिकामा भएकाले र घरभाडामा पनि रहेकाले उनीहरूलाई आर्थिक अभाव भएको देखिँदैन । उनीहरूले सुखी र सम्पन्न तरिकाले नै जीवन बिताइरहेका छन् (सुवेदी, २०७० : २-२६) ।

सूर्य सुवेदी २०२८ सालतिर त्रि.वि.मा स्नातकोत्तर पढ्दै गर्दा रेडियो नेपालमा पार्ट टाइम काम गरेर कार्य क्षेत्रमा प्रवेश गरेका हुन् । उनले **गोरखापत्र**मा करिब एक वर्ष उपसम्पादक भएर पनि काम गरेको पाइन्छ । २०३२ सालमा लोकसेवा पास गरेर उनी शाखा अधिकृत भएका हुन् । २०४६ देखि उनले जागिर छोडेर करिब डेढ वर्ष सातदिने पत्रिका **गाण्डीव**को प्रकाशक र पछि अतिथि सम्पादकसमेत भई काम गर्न थालेका हुन् । सूर्य सुवेदीले स्नातक उत्तीर्ण गरेपछि केही समय झापामा शिक्षक भएर पनि काम गरेको देखिन्छ ।

## २.५ भ्रमण, सम्मान र पुरस्कार

मानिस गतिशील प्राणी भएकाले ऊ सधैँ एकै स्थानमा रहँदैन । ऊ विभिन्न स्थानहरूको भ्रमण गर्न पुग्दछ । तेरथुममा जन्मिएर उतै बाल्यकाल बिताएका सूर्य सुवेदी अध्ययनको सिलसिलामा काठमाडौँ आएका हुन् । उनले अमेरिका, भारत, श्रीलङ्का थाइल्यान्ड, हङकङ भ्रमण गर्ने सुअवसर पाएका छन् । सूर्य सुवेदीलाई पनि समाजसेवा गरेबापत वि.सं. २०५७ सालमा श्री ५ वीरेन्द्रबाट 'सुप्रबल गोरखा दक्षिण बाहु' भन्ने सम्मान प्रदान गरिएको हो (सुवेदी, २०७० : २-२६) । यसबाहेक नेपाली साहित्यको सेवा गरेबापत सुवेदीले कुनै पुरस्कार पाएको देखिँदैन ।

## २.६ स्वभाव र रुचि

मानिस जुन किसिमको वातावरणमा हुर्किन्छ र बढ्छ उसको स्वभाव र बानीव्यवहार पनि सोहीअनुरूप नै हुन्छ । मध्यम वर्गीय ब्राह्मण परिवारमा जन्मिएका सुवेदीको स्वभाव शान्त र सौम्य किसिमको छ । आफूभन्दा ठूलालाई आदरसत्कार गर्ने र सानालाई माया गर्ने स्वभाव सुवेदीको रहेको छ

। उनी मृदुभाषी र शिष्ट प्रवृत्तिका छन् । मिठो बोली र नरम व्यवहारले उनी सबैलाई प्रभावित पार्न सफल छन् । बढी तडकभडकबाट टाढै रहन खोज्ने उनको स्वभाव रहेको देखिन्छ । उनी बाहिरबाट हेर्दा कठोर स्वभावका देखिए पनि उनको मन सारै कोमल रहेको छ । एकान्तमा बस्न, प्राकृतिक दृश्य हेर्न, प्रकृतिसँग घुलमिल हुन उनी औधी मन पराउँछन् (सुवेदी, २०७० : २-२२) ।

हरेक व्यक्तिका आ-आफ्नै खाले रुचि हुन्छ । एक व्यक्तिको रुचि अर्को व्यक्तिसँग नमिल्न पनि सक्छ । विद्यार्थी जीवनमा नै साहित्य रचना गर्न रुचि राख्ने सुवेदीले प्रमाणपत्र तह पढ्दापढ्दै कथा रचना गरेको पाइन्छ । सुवेदीलाई साहित्यका, बायोग्राफी, जीवनी, संसारका परिवर्तन सम्बोधन गर्ने खालका किताब पढ्न मन पर्छ । उनी कुटनीतिक क्षेत्रमा सफलता प्राप्त गरेका किताब पनि पढ्न मन पराउँछन् (सुवेदी, २०७० : २-२६) । उनी घर सफासुग्घर राख्नुका साथै आफू पनि सफा बस्न मन पराउँछन् । खानेकुरामा सामान्य दाल, भात, माछामासु, फलफूल आदि मन पराउने सुवेदीलाई पहिरनतर्फ सामान्य पेन्ट, सर्टको प्रयोग मन पर्छ ।

सङ्गीतमा रुचि राख्ने सुवेदी धर्मराज थापा, तारादेवी, अरुणा लामा, कुमार बस्नेतका गीतहरू सुन्न मन पराउँछन् । यिनी ग्रामीण समाज र गाउँको विकासमा पनि रुचि राख्ने व्यक्ति हुन् ।

सूर्य सुवेदी आफ्नो परम्पराप्रति आस्था राख्ने व्यक्ति हुन् । परम्परालाई समयसापेक्ष रूपमा सुधार गरिनु पर्छ भन्ने दृष्टिकोण उनको रहेको छ । आफ्नो मनमा लागेका कुराहरू स्पष्ट रूपमा व्यक्त गर्न सक्नुपर्छ भन्ने धारणा उनको रहेको छ । मान्छे सानो वा ठूलो हुँदैन, उसको कर्मले ठूलो वा सानो हुन्छ भन्ने उनको विचार रहेको छ । उनलाई सादा जीवन उच्च विचारको भावना मनपर्छ । साहित्यले जनजीवन सही रूपमा उतार्न सकेमा मात्र त्यो वास्तविक साहित्य हुन्छ भन्ने दृष्टिकोण पनि उनमा रहेको पाइन्छ ।

### २.७ लेखनका लागि प्रेरणा र प्रभाव

कुनै पनि साहित्यकारको साहित्यलेखनमा विभिन्न साहित्यकारका साथै तिनका रचनाले पनि प्रभाव परेको हुन्छ । सूर्य सुवेदीको परिवारमा साहित्यिक वातावरण थियो । उनका ठूलाबुबा पहलमान सुवेदी (जन्तरे बडाउ), जुनसुकै विषयलाई पनि तुरुन्त कवितामा उतार्न सक्ने व्यक्ति थिए । उनका कविताहरू छाप्ने भनेर एकजना आफन्तले बर्मामा लगेको र पछि ती हराएको जानकारी पाइन्छ (सुवेदी, २०७० : २-२६) । सूर्य सुवेदी केटाकेटी हुँदा ठूलोबाको कविता सुन्ने गर्दथे । सूर्य सुवेदीका जेठा दाजु

पुण्यप्रसाद सुवेदी पनि कवि र गीतकार थिए । पुण्यप्रसादको **धुवाँका चक्काहरू** भन्ने कथा सङ्ग्रहका साथै फुटकर कविता पनि प्रकाशित छन् । त्यसको प्रभाव पनि सूर्य सुवेदीमा परेको पाइन्छ ।

त्यसै गरी डा. अभि सुवेदी उनका काका र साथी दुवै हुन् । उनका भाइहरू पुरुषोतम सुवेदी र विमल सुवेदी पनि राम्रा कविहरू हुन् । पढ्ने, लेख्ने र विद्वान्हरू घरैमा आइराख्ने हुँदा र गुणी गुरुहरूको सङ्गतले लेख्नुपर्छ भन्ने चेतना सुवेदीमा थियो । त्यसैको प्रभावस्वरूप २०२६ सालको **दर्पण** पत्रिकामा 'दुई आत्मा र आफ्ना समस्या' भन्ने कथा प्रकाशित गरेर उनी साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् (सुवेदी, २०७० : २-२६) । उनले कविता एवं निबन्ध पनि लेखेको पाइन्छ तर ती प्रकाशित भएका छैनन् । उनले लीलबहादुर क्षेत्रीको **बसाइँ** उपन्यासका बारेमा 'बसाइँ सरसर्ती हेर्दा' शीर्षकमा वि.सं. २०२८ सालमा समालोचना पनि लेखेका छन् ।

## २.८ प्रकाशित कृतिहरू

नेपाली साहित्यका निबन्ध र कविता विधामा फाटफुट कलम चलाए पनि मूलतः सूर्य सुवेदी कथाकार र उपन्यासकारका रूपमा परिचित छन् । त्यसै गरी उनले साहित्येतर विधामा पनि कलम चलाएको पाइन्छ । सूर्य सुवेदीका प्रकाशित साहित्यिक तथा साहित्येतर कृतिहरू निम्नानुसार रहेका छन् :

### १. साहित्यिक कृतिहरू

(क) **सूर्य सुवेदीका कथाहरू** (२०६८) कथा सङ्ग्रह

(ख) **दिशाहीन यात्रा** (२०६९) उपन्यास

(ग) **सिर्जना र दृष्टिकोण** (२०७०)

### २. साहित्येतर कृतिहरू

(क) **पुण्यप्रसाद सुवेदी स्मृति ग्रन्थ** (२०६१) सम्पादन

(ख) **पर्यटन गतिविधि** (२०३८)

सूर्य सुवेदीले विभिन्न पत्रपत्रिकाहरूमा केही फुटकर रचनाहरू पनि प्रकाशित गरेका छन् । ती रचनाहरूलाई कालक्रमिक रूपमा तल प्रस्तुत गरिएको छ :

| क्र.सं. | शीर्षक | पत्रिका | वर्ष/अङ्क | प्रकाशन साल | विधा |
|---|---|---|---|---|---|
| १ | दुई आत्मा र आफ्ना समस्या | **दर्पण** | १, ६ | २०२६ श्रावण | कथा |
| २ | 'बसाइँ' सरसर्ती हेर्दा | **धूपी** | २ | २०२८ पौष | समालोचना |

## २.९ सूर्य सुवेदीको व्यक्तित्व

कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक वातावरण, संस्कारका साथै समकालीन साथीहरूको सङ्गतले उल्लेखनीय भूमिका खेलेको हुन्छ । उसमा रहेको सिर्जनशील प्रतिभा, चिन्तनमनन तथा उच्च महत्त्वाकाङ्क्षाले पनि गम्भीर प्रभाव पारेको हुन्छ । कुनै व्यक्तिको व्यक्तित्व नै उसका विशेषताहरूको परिचायक हुन्छ । निरन्तर सक्रिय व्यक्तिका व्यक्तित्वका आधारमा उसमा निहित विशेषतालाई ठम्याउन सकिन्छ, सामान्यतया व्यक्तित्व दुई प्रकारको हुन्छ, बाह्य र आन्तरिक । बाह्य व्यक्तित्व शारीरिक बनोट, रूपरङ्ग आदिसँग सम्बन्धित हुन्छ भने आन्तरिक व्यक्तित्व व्यक्तिमा अन्तर्निहित गुण वा विशेषतासित सम्बन्धित हुन्छ ।

### २.९.१ शारीरिक व्यक्तित्व

सूर्य सुवेदीको शारीरिक व्यक्तित्वलाई विचार गर्दा मध्यम खालको उचाइ देखिन्छ । गहुँगोरो रङ, बाटुलो अनुहार, ठूलो निधार, वान्की परेको नाक, चम्किला आँखा, फुलेको कपाल भएका सुवेदी शारीरिक रूपमा हृष्टपुष्ट देखिन्छन् ।

सरल विनम्र, मिलनसार स्वभावका सुवेदी जीवनका जस्तै कठिन परिस्थितिमा पनि धैर्य, साहस र सन्तुलन नगुमाई जीवनमा सधै क्रियाशील रहिरहने साहसी र उच्च मनोबल भएका व्यक्तित्व हुन् । पहिरनमा भने उनी खास गरेर सर्ट पाइन्ट नै प्रयोग गर्दछन् ।

### २.९.२ व्यक्तित्वका विभिन्न पाटाहरू

कुनै पनि मानिसको व्यक्तित्व उसका जीवनको उतारचढाव, क्रियाप्रतिक्रिया र जीवन भोगाइमा नै निर्भर गर्दछ । व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक एवं राजनैतिक पृष्ठभूमिले निर्णायक भूमिका खेलेको हुन्छ । यिनका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा र जीवनप्रतिको दृष्टिकोण पनि व्यक्तित्व निर्माणमा सहायक हुन्छ । यिनै कुराका आधारमा हेर्दा सुवेदीका व्यक्तित्वका विभिन्न पाटाहरू देखा पर्दछन् । तिनलाई यहाँ क्रमशः विभाजन गरी अध्ययन गर्न सकिन्छ :

## २.९.२.१ साहित्यिक व्यक्तित्व

सूर्य सुवेदी नेपाली साहित्यका विविध विधामा कलम चलाउने साहित्यिक स्रष्टा हुन् । उनले सबैभन्दा बढी कलम चलाएको नेपाली साहित्यको विधा कथा हो । उनको एउटा कथा सङ्ग्रह प्रकाशित छ । त्यसपछि उनको अर्को महत्त्वपूर्ण विधा उपन्यास हो । उनले कविता र निबन्ध, अन्तर्वार्तामा पनि कलम चलाएका छन् तर ती प्रकाशित छैनन् । यिनै विभिन्न कृतिहरूलाई आधार मानेर सुवेदीको साहित्यिक व्यक्तित्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### (क) कथाकार व्यक्तित्व

सूर्य सुवेदीको साहित्यिक यात्रा कथा विधाबाट प्रारम्भ भएको पाइन्छ । वि.सं. २०२६ सालमा नै यिनको 'दुई आत्मा र आफ्ना समस्या' नामका कथा प्रकाशित भएको देखिन्छ । त्यसबेला सुवेदी प्रवीणता प्रमाणपत्र तह अध्ययनरत थिए । नेपाली साहित्यको अन्य विधामा फाटफुट कलम चलाए पनि सुवेदीको कथाकार व्यक्तित्व प्रमुख देखिन्छ ।

नेपाली साहित्यका फाँटमा कथाकारका रूपमा परिचित सूर्य सुवेदीको हालसम्म एकवटा कथा सङ्ग्रह **सूर्य सुवेदीका कथाहरू** (२०६८) प्रकाशित भएको छ । यस कथा सङ्ग्रहमा *थाप्लामा नाम्लाको भञ्ज्याङ, भित्तामा टाँगिएका फोटा, ब्ल्याकी आइमाई, दाइजो, देउराली, ढोयो, मगन्ते, रतेली, निसाफ, बौलाही मञ्जु, श्याम फर्केला त ? रिठ्ठे झाँक्री, अमेरिकाका छोरा बुहारी, रमिते पाखा, रानीवन र सानीबज्यै, हेडसर, खेतालो, पुतलीनाच, आरन, एकतारे साधु, खाते, अनिकालको बाँको, रौनक नभएको दशैं, विश्व भूमिगत भएछ, ठुल्दिदीको लाली गाई, त्रिशूल बाबा, त्यै रक्सी झोलले गर्दा*जस्ता गरी जम्मा ३० वटा कथा समाविष्ट छन् । यिनै कथाहरूले सुवेदीको कथाकार व्यक्तित्वलाई चिनाउने काम गरेका छन् ।

सूर्य सुवेदीले गाउँघरमा घट्ने गरेका यथार्थ घटनालाई कथामा उतारेका छन् । यी कथाहरूमध्ये दुईवटा कथा सत्य घटनामा आधारित छन् । आफूले देखेका र भोगेका जीवनको केही अंश नपरी कथा हुन्न भन्ने सुवेदीमा कथाहरूमा समाजको यथार्थ चित्रण पाइन्छ । त्यसै गरी गाउँघरमा आर्थिक अभावका कारण मान्छेले भोग्नु पर्ने दुख एवं पीडाको चित्रण पनि उनका कथामा पाइन्छ । सामान्य विषयवस्तुलाई कथाको रूप दिने सुवेदीले आफू बाँचेको परिवेशबाट नै कथाको विषयवस्तु लिने गर्दछन् । सूर्य सुवेदीका कथामा पूर्वी पहाडको जनजीवन तिनले पाएको दुख, विश्वास र अन्धविश्वासहरू र विगतको दस वर्षे जनविद्रोहले पारेको असर थियो, ती विषयदेखि लिएर त्यहाँका सांस्कृतिक जीवनमा

परेका असरहरू आदिका विषयमा लेखिएका छन् (काइँला, २०६८ : १५५, ४२) । सूर्य सुवेदीका कथामा सामाजिक विकृति, अन्धविश्वास, दस वर्षे द्वन्द्व, सांस्कृतिक मोह, अदालती परिबन्द र विदेश बसाइको अन्ध आकर्षणका पक्षहरूको यथार्थ चित्रण पाइन्छ । निम्नस्तरका किसानहरू, खान नपुग्ने गाउँलेहरू, भरिया र मगन्तेहरू अनि सामाजिक थिचोमिचोमा परेका गरिबहरू यस सङ्ग्रहका कथाका पात्रहरू हुन् ।

छोटो आयाम, सरल कथावस्तु, समसामयिक परिवेश र कलात्मक प्रस्तुतिले गर्दा कथाहरू पठनीय बनेका छन् । कथाकार सुवेदीको कथालेखन सामाजिक यथार्थवादी कथा परम्परामै देखा परेको छ । आञ्चलिकता यस लेखनको उपलब्धी हो र नेपाली समाजको खास क्षेत्रको समाज पर्यवेक्षण सुवेदीको कथाकारिताको विशेषता हो (शर्मा, २०६८ : १५६, ४२) । नेपालको सांस्कृतिक सन्दर्भ झल्काउने कथाहरूमा 'देउराली', 'रतेली', 'रिठ्ठे झाँक्री' 'एकतारे साधु', 'भत्काइएको घर' र 'तीज' रहेका छन् भने सामाजिक विकृति दर्शाएर सुधारतर्फ उन्मुख गराउने कथाहरूमा 'दाइजो', 'बौलाही मञ्जु', 'पुतली नाच', 'त्रिशूल बाबा' र 'त्यै रक्सी झोलले गर्दा' शीर्षकका कथाहरू देखा परेका छन् । नेपालको दस वर्षे सशस्त्र द्वन्द्वको कालखण्डलाई आधार बनाएर लेखिएका कथाहरू हुन्- 'श्याम फर्केला त ?', 'रौनक नभएको दशैं' र 'विश्व भूमिगत भएछ' पेसा र पढाइका लागि विदेशिने प्रवृत्ति झल्काउने कथाहरू हुन्- 'भित्तामा टाँगिएका फोटा' र 'अमेरिकाका छोराबुहारी' त्यसै गरी मानवप्रेम र पशुप्रेम दर्शाउने कथाहरूमा 'निरन्तर प्रेम' र 'ठूल्दिदीको लाली गाई' पर्दछन् ।

नेपाली कथा क्षेत्रमा **सूर्य सुवेदीका कथाहरू** शीर्षक कथा सङ्ग्रह एक उल्लेख कृतिका रूपमा भएको छ र यसका लागि कथाकार सुवेदीले आफ्नो कथाकारितामा उल्लेख्य स्थान बनाएका छन् ।

**(ख) उपन्यासकार व्यक्तित्व**

सूर्य सुवेदीको साहित्यिक यात्राको प्रारम्भ कथाबाट भए पनि उनले उपन्यास पनि लेखेका छन् । सुवेदी राजनीतिक र सामाजिक उपन्यासकार हुन् (पौडेल, २०६९ : २०६, ११) । उनले वि.सं. २०६९ सालमा **दिशाहीन यात्रा** नामक उपन्यासमार्फत उपन्यास लेखन यात्राको सुरु गरेका हुन् । २०४६ सालको जनआन्दोलनदेखि २०६२/०६३ को जनक्रान्तिसम्मको कालखण्डमा केन्द्रित यस उपन्यासमा नेपालमा भएका पटकपटकका आन्दोलन र परिवर्तनले सही दिशा लिन नसकेको ययार्थलाई प्रस्तुत गरिएको छ । दस वर्षे जनयुद्धको थालनी, विकास, चरमोत्कर्ष र शान्तिका लागि सुरक्षित अवतरणजस्ता विविध चरणहरूलाई यस उपन्यासले यथार्थ रूपमा औपन्यासिक कलाका साथ प्रस्तुत गरेको छ (

शर्मा, २०६९ : २-२९) । माओवादी विद्रोह र यसले उत्पादन गरेको द्वन्द्व, पीडा र त्रासदी पक्षलाई यस उपन्यासले समग्रमा चित्रण गरेको छ । यस उपन्यासमा उपन्यासकारले राजनीतिक पार्टीका गतिविधि क्रियाकलाप तथा नेताका चिन्तन र व्यवहारलाई पनि देखाएका छन् । सूर्य सुवेदीको उपन्यासमा राजनीतिक, सामाजिक, विषय मात्र नभई शैक्षिक र सांस्कृतिक पक्ष पनि विषय बनेर आएका छन् ।

सूर्य सुवेदीको उपन्यासमा विषयवस्तुअनुरूपको पात्र चयन, पात्रअनुसारको भाषिक प्रयोग र स्वभाविक किसिमको प्रस्तुतिले गर्दा उपन्यास पठनीय बनेको छ । उनको उपन्यास सरल रेखामा अगाडि बढेको छ । उनको **दिशाहीन यात्रा** उपन्यासको भाषा सरल र सम्प्रेष्य रहेको छ । शब्द, वाक्य, अनुच्छेद र सङ्कथनको शृङ्खला मिलेको छ । उपन्यासमा परिवेश अनुकूल पात्र, चरित्र, परिवेश र आख्यानको सन्तुलित प्रस्तुति पाइन्छ । यस उपन्यासको भाषाशैली विश्लेषणात्मक भएर पनि सहज, बोधगम्य रहेको छ ।

उपन्यासको महत्त्वपूर्ण पक्ष भनेको प्रस्तुति हो । विषयवस्तु भए पनि उपन्यास लेख्ने ढाँचा, भाषामा लैजाने सीप र सिङ्गो उपन्यास लोकप्रिय हुन्छ । सुवेदीको **दिशाहीन यात्रा** उपन्यासले त्यो प्रस्तुतिकौशल वरण गरेको छ । त्यसकारण यस उपन्यासले नेपाली उपन्यास परम्परामा एउटा महत्त्वपूर्ण शृङ्खला थपेको छ । उनको उपन्यास आदि, मध्य र अन्त्यको शृङ्खला बगेको छ ।

### (ग) सम्पादक र अन्तर्वार्ताकार व्यक्तित्व

सूर्य सुवेदीले विभिन्न पत्रपत्रिकाहरूको सम्पादन गरेको देखिन्छ । सुवेदीले सुरुमा २०२८/०२९ सालतिर एम.ए. पढ्दा रेडियो नेपालमा काम गरेका थिए । सूर्य सुवेदीले **धूपी** नामक पत्रिकाको सम्पादन गरेका छन् (**धूपी**, २०२८ पौष २) । यिनी २०३१ सालमा करिब १ वर्ष **गोरखापत्र** पत्रिकाको उपसम्पादक र **गाण्डीव** पत्रिकाको अतिथि सम्पादकसमेत भएका थिए । उनले वि.सं. २०६१ सालमा पुण्यप्रसाद सुवेदी स्मृतिग्रन्थको पनि सम्पादन गरेका छन् । **गाण्डीव** पत्रिकामा प्रकाशित सूर्य सुवेदीका लेखको सूची तल प्रस्तुत गरिएको छ :

| क्र.सं. | शीर्षक | वर्ष/अङ्क | पत्रिका | सम्पा. साल |
|---|---|---|---|---|
| १ | गलत सञ्चार नीति र हाम्रो पत्रकारिता | २/२४ | **गाण्डीव** | २०४८ साउन |
| २ | प्रजातान्त्रिक संस्कृतिको जगेर्नाको खाँचो | २/२८ | **गाण्डीव** | २०४८ |

सूर्य सुवेदीलाई अन्तर्वार्ताकारका रूपमा पनि चिन्ने गरिन्छ । सूर्य सुवेदीले ५९ जना वरिष्ट साहित्यकारहरूसँग अन्तर्वार्ता लिई अन्तर्वार्ताको सङ्ग्रहको किताब प्रकाशित गरिसकेका छन् । प्रस्तुत अन्तर्वार्ता सङ्ग्रह जम्मा ६१२ पृष्ठको रहेको छ ।

सूर्य सुवेदीले वि.सं. २०३० सालमा **गोरखापत्र**मा काम गर्दा सर्वप्रथम महानन्द सापकोटाको अन्तर्वार्ता लिएका थिए (सुवेदी, २०७० : ४-१९) । यिनले यदुनाथ खनालसँग लिएको अन्तर्वार्ता २०३० सालको **विधेय** पत्रिकामा प्रकाशित छ । यसै गरी यिनले विजय मल्लसँग लिएको अन्तर्वार्ता २०३० सालको **शिलान्यास** पत्रिकामा प्रकाशित छ । सूर्य सुवेदीले त्यही अन्तर्वार्तालाई निरन्तरता दिइ हाल उनले महानन्द सापकोटा, यदुनाथ खनाल, विजय मल्ल, माधव घिमिरेलगायतका ५९ जना साहित्यकारको अन्तर्वार्ता समावेश भएको अन्तर्वार्ता सङ्ग्रह प्रकाशित गरेका छन् । जसमा ५२ जना पुरुष र ७ जना महिला रहेका छन् (सुवेदी, २०७० : २-२६) ।

### २.९.२.२ साहित्येतर व्यक्तित्व

सूर्य सुवेदीको साहित्येतर व्यक्तित्व साहित्यिक व्यक्तित्व जस्तै फराकिलो रहेको छ । साहित्यका अतिरिक्त यिनका साहित्येतर व्यक्तित्वका मुख्य पाटाहरूमा जागिरे व्यक्तित्व, समाजसेवी व्यक्तित्व, पत्रकार व्यक्तित्व, राजनीतिक व्यक्तित्व जस्ता महत्त्वपूर्ण साहित्येतर व्यक्तित्वका रूपमा रहेका छन् । कुनै पनि व्यक्तिका साहित्यिक व्यक्तित्वसँगसँगै उसको साहित्येतर व्यक्तित्व पनि आएको हुन्छ । त्यसैले शोधनायक सुवेदीका साहित्येतर व्यक्तित्वहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

#### (क) जागिरे व्यक्तित्व

सूर्य सुवेदीको जागिरे व्यक्तित्व पनि महत्त्वपूर्ण देखिन्छ । उच्चशिक्षा आर्जन गर्ने समयदेखि नै विभिन्न संस्थाहरूमा काम गरेका सूर्य सुवेदीले वि.सं.२०२७ सालमा स्नातक उत्तीर्ण गरेपछि झापामा शिक्षक भएर काम गरे (सुवेदी, २०७० : २-२६) । वि.सं. २०२८ सालतिर त्रि.वि. मा एम.ए. पढ्दै गर्दा यिनले रेडियो नेपालमा आंशिक कर्मचारी भएर काम गरेका थिए । त्यसपछि वि.सं.२०३० सालमा **गोरखापत्र**मा करिब एक वर्ष उपसम्पादक भएर काम गरेका सुवेदी वि.सं.२०३२ सालमा लोकसेवा पास गरेर शाखा अधिकृत भई काम गर्न थाले । वि.सं.२०४६ सालदेखि जागिर छोडेर डेढ वर्ष सातदिने **गाण्डीव** पत्रिकाको प्रकाशन गर्न थाले र पछि यसै पत्रिकाको यिनी अतिथि सम्पादकसमेत भएर काम रहेको पाइन्छ ।

### (ख) समाजसेवी व्यक्तित्व

मानिस सामाजिक प्राणी भएकाले ऊ समाजमा नै जन्मन्छ, हुर्कन्छ र मर्छ पनि । आफ्नो जीवनकालमा उसले समाजमा केही न केही छाप छोडेको हुन्छ । सूर्य सुवेदी मिलनसार प्रकृतिको व्यक्ति भएकाले समाजका दुखी, गरिब र असहायप्रति सहयोगी भावनाले काम गर्थे । समाजमा विभिन्न किसिमका मानिसहरू हुन्छन् । उनीहरूको स्वभाव र प्रकृति अनुसार व्यवहार गर्नुपर्छ भन्ने मान्यता सुवेदीको रहेको छ । काठमाडौंमा नै बसे पनि यिनको चिन्तन भने दुर्गम पहाडी भूभाग र त्यहाँ बस्ने विपन्न परिवारको उत्थानमा नै केन्द्रित रहेको छ । सूर्य सुवेदी आफ्नो जन्मथलो तेरथुममा रहेर गाउँको विकास कार्यमा सक्रिय रहेका थिए । यिनी झोलुङ्गे पुलहरूको निर्माण, खानेपानी, वातावरण संरक्षण, बाटोघाटो मर्मत, खेतीकिसानीमा सुधार र शिक्षाको प्रचार प्रसारमा संलग्न हुनाका साथै जनचेतना जागृत गराउने कार्यमा पनि सक्रिय थिए । सूर्य सुवेदीले विराटनगरको 'नेपाली भाषा संस्कृति परिषद्' भन्ने संस्थाको पुस्तकालयलाई करिब दुई हजार पुस्तक दिएका छन् (सुवेदी, २०७० : २-२६) । समाजमा आइपर्ने सानाठूला कुनै पनि समस्या सुल्झाउन सुवेदी तन, मन र धनले लागि पर्दछन् । यसैले पनि उनलाई समाजले आदरको भावनाले हेर्ने गर्छ ।

### (ग) पत्रकार व्यक्तित्व

सूर्य सुवेदी एक कुशल पत्रकारका रूपमा पनि परिचित छन् । उनका पन्ध्र सयभन्दा बढी समसामयिक लेखरचना प्रकाशित छन् । मुलुकको अर्थ राजनीतिक र समसामयिक पेचिला विषयमा सूर्य सुवेदीले गरेका विश्लेषणहरू गहन र तर्कपूर्ण हुन्छन् (शर्मा, २०६९) । समसामयिक लेखनमा बढी सक्रिय भएर नै सुवेदी साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । सूर्य सुवेदीका पन्ध्र सयभन्दा बढी समसामयिक लेखरचनामध्ये केही लेखरचनाको सूची तल प्रस्तुत गरिएको छ :

| क्र.सं. | शीर्षक | पत्रिका | अङ्क/वर्ष | प्रकाशन साल |
|---|---|---|---|---|
| १ | राजनीतिक निकासका लागि राष्ट्रिय सहमति आवश्यक | **स्पेसटाइम** | | २०६० माघ १२ |
| २ | श्री ५ ज्ञानेन्द्र र राष्ट्रिय मेलमिलाप | **नेपाल खबर** | | २०६०।३।२३ |
| ३ | किन पार्टीहरूको आकर्षण घट्दैछ ? | **रहस्य साप्ताहिक** | १४/३२ | २०६० मङ्सिर ४ |
| ४ | कोइरालाको राजनीतिक निकायको फर्मुला र | **रहस्य साप्ताहिक** | १६/३२ | २०६० मङ्सिर १८ |

| | | | | |
|---|---|---|---|---|
| | सर जेफ्री जैम्स | | | |
| ५ | सरकारका क्रियाकलाप संकीर्ण हुँदै गएका छन् | **नेपाली माटो साप्ताहिक** | २/२२ | २०६० असोज २९ |
| ६ | युद्ध र शान्तिवार्ता सँगसँगै कति सम्भव होला ? | **नेपाली माटो साप्ताहिक** | १४/२१ | २०६० साउन २२ |
| ७ | युद्धबाट हार्ने त जनता नै हो | **नेपाली माटो साप्ताहिक** | १८/२१ | २०६० भदौ २५ |
| ८ | के को लागि आन्दोलन ? | **विश्वदीप साप्ताहिक** | २३/२० | २०६० असार १२ |
| ९ | प्रजातान्त्रिक संस्कृति र चेतनाको निर्माण | **नेपाल समाचारपत्र** | | २०६० असार ५ |
| १० | कांग्रेस बीपीवादी धाराबाट विपरीत दिशातिर | **सयपत्री** | | २०६० असार १७ |
| ११ | शक्ति सन्तुलन अग्रगामी निकासका लागि शान्तिवार्ता | **नेपाल समाचारपत्र** | | २०६० साउन २ |
| १२ | सरकारले गृहयुद्ध आह्वान गर्न मिल्छ ? | **स्पेसटाइम** | | २०६० पुस १८ |
| १३ | राजसंस्थालाई विवादमा तान्नु कसको हितमा ? | **नेपाल समाचारपत्र** | | २०६० पुस १८ |
| १४ | गणतन्त्रको नारा आत्मघाती हुन सक्छ | **स्पेसटाइम** | | २०६१ जेठ १४ |
| १५ | एउटै विचार, एउटै सिद्धान्त, एउटै नीति र एउटै दृष्टिकोणमा हिँड्न नसक्ने पार्टी | **गोरखापत्र** | १९/११२ | २०६९ साउन १९ |
| १६ | किन लोपोन्मुख छन् हाम्रा भाषा ? | | | २०६९ वैशाख २० |
| १७ | अब माओवादी आतङ्ककारी होइन त ? | **सौर्य दैनिक** | २१४/१ | २०६९ असोज ३ |
| १८ | राष्ट्रियताको सन्दर्भमा वामपन्थी पार्टी | **सौर्य दैनिक** | १६४/१ | २०६९ साउन १६ |
| १९ | के नेपाल असफल राष्ट्र बन्दैछ ? | **गोरखापत्र** | २१९/१२ | २०६९ पुस २ |
| २० | यसरी बनाउन सकिन्छ स्थिर नेपाल | **राजधानी** | ३२९/१२ | २०७० वैशाख २४ |
| २१ | याङजिचीको आसन्न नेपाल भ्रमणको सन्देश | **गोरखापत्र** | ४९/११३ | २०७० असार १० |
| २२ | संविधान बाहिरबाट पनि सम्भव | **कमाण्डर पोष्ट** | २४९/१५ | २०७० साउन १५ |

### (घ) राजनीतिक व्यक्तित्व

हाम्रो जस्तो मुलुकमा समाजको हरेक व्यक्ति प्रत्यक्ष अप्रत्यक्ष रूपमा राजनीतिबाट प्रभावित भएको हुन्छ । सूर्य सुवेदीको विद्यार्थी समयमा वि.सं. २०२२ सालदेखि वि.सं. २०३२ सम्म वामपन्थी राजनीतिमा झुकाव भएको पाइन्छ (सुवेदी, २०७० : ४-१८) । सुवेदी वि.सं. २०३२ सालदेखि वि.सं. २०४६ सम्म नेपाल सरकारमा कर्मचारी भई कार्यरत रही वि.सं. २०४६ पछि राजीनामा दिइ २०४६ सालदेखि नेपाली कांग्रेस पार्टीको नजिक रहे र उनले वि.सं. २०५० देखि नेपाली कांग्रेसको राजनीतिमा प्रवेश गरे । उनी वि.सं. २०५१ सालमा नेपाली कांग्रेसको जिल्ला कार्य समितिको सदस्य तथा महाधिवेशन प्रतिनिधि भएका थिए । वि.सं. २०५८ सालपछि उनी राजनीतिमा निष्कृय भएको र अहिले प्रजातन्त्रप्रति विश्वास र सोही अनुकूल लेखन मात्र भएको कुरा सुवेदीबाट जानकारी पाइन्छ । उनलाई

पैसा, नातागोता र चाकरीको बिगबिगी देखेपछि राजनीतिमा चाख नलागेको कुरा व्यक्त गर्दछन् । स्वतन्त्र विचार राख्ने मान्छे राजनीतिमा नअटाउने कुरा सुवेदीले बताए । भ्रष्टाचारको संस्कृति बढेकाले गर्दा राजनीतिमा बसिराख्न मन नलाएको कुरा सुवेदीबाट जानकारी पाइन्छ ।

### २.९.३ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनबीच अर्न्तसम्बन्ध

सूर्य सुवेदीको जन्म मध्यम वर्गीय किसान परिवारमा भएको हो । उनले बालककालमा मात्र होइन अध्ययन गर्दासम्म पनि आर्थिक अभाव महसुस गर्नु परेन । उनले अङ्ग्रेजी तथा राजनीतिशास्त्रमा स्नातकोत्तर र कानुनमा स्नातक तहसम्मको अध्ययन गरेका छन् । अध्ययनसँगसँगै जागिर पनि खान थालेका सुवेदीले हालसम्म कथा, उपन्यास, समालोचना, विभिन्न लेखरचनामा कलम चलाएका छन् । यिनले सामाजिक विकृति, अन्धविश्वास, दस वर्षे द्वन्द्व, सांस्कृतिक मोह, अदालती परिबन्द र विदेश बसाइँको अन्धआकर्षणजस्ता विविध यथार्थ चित्रण आफ्ना कथा, उपन्यासमा गरेका छन् । सुवेदी राजनीतिज्ञ पनि भएकाले यिनको उपन्यासमा वि.सं. २०४६ सालको जनआन्दोलनदेखि २०६२/२०६३ को जनक्रान्तिसम्मको समयका बीचमा नेपालमा भएका विविध खाले राजनैतिक घटनाहरूलाई समेटिएको छ । यिनको उपन्यासमा नेपालमा भएका पटकपटकका आन्दोलन र परिवर्तनले सही दिशा लिन नसकेको यथार्थलाई प्रस्तुत गरिएको छ । उनी समाज र स्वतन्त्रताका लागि आवाज उठाउने व्यक्ति हुन् । स्वयं राजनीतिबाट पीडित व्यक्ति भएकाले सुवेदी स्वतन्त्रताको पक्षधर हुन् । त्यसैले उनका रचनामा वि.सं. २०४६ सालभन्दा अगाडि र पछाडिको राजनीतिक स्थितिको चित्रण पाइन्छ । सुवेदीले देखेका र भोगेका जीवनको यथार्थ चित्रण आफ्ना कथामा उतारेका छन् । आफ्नै परिवारका भोगाइलाई पनि सुवेदीले कथाको रूप दिएका छन् । 'ठूल्दिदीको लाली गाई' कथामा सुवेदीको आफ्नै फुपूको जीवन कथा पाइन्छ । *रमिते पाखा, रानीवन र सानीबज्यै, भत्काइएको घर*जस्ता कथा पनि यथार्थ घटनाकै उपज हुन् । उनले बाल्यकाल बिताएको पूर्वी नेपालको गाउँठाउँको चित्रण आफ्ना कथामा गरेका छन् ।

सूर्य सुवेदीको **दिशाहीन यात्रा** उपन्यासको मुख्य पात्र सुवर्ण उपन्यासकार आफै भएको कुरा व्यक्त गर्दछन् (सुवेदी, २०७० : २-२६) । कार्य क्षेत्रका रूपमा सुवेदी शिक्षक, पत्रकारिता, शाखा अधिकृतसम्म भई काम गरेका छन् । आफ्नो पेसाप्रति सबैले लगनशील भएर इमान्दारीपूर्वक कर्तव्य निर्वाह गर्नुपर्छ भन्ने मान्यता राख्ने सुवेदी आफूभन्दा ठूलालाई आदरसत्कार तथा सानालाई औधी माया गर्दछन् ।

कुनै पनि साहित्यकारका रचनाहरू उसको जीवनी र व्यक्तित्वबाट प्रभावित नभइरहन सक्दैन किनभने साहित्यकार स्वयम् समाजको वातावरण अनि समाजका राम्रा नराम्रा कुराहरूसँग घुलेको हुन्छ, जसको प्रभाव उसका रचनामा पनि पर्दछ । सुवेदीका रचनामा पनि उनले भोगेका पीडा, बटुलेका अनुभव, यात्रा गरेका स्थान र समाजको राम्रो प्रभाव परेको छ ।

सूर्य सुवेदीको स्रष्टा व्यक्तित्वमा कथाकार व्यक्तित्व नै प्रमुख देखिन्छ । उनको लगाव पनि यसै क्षेत्रमा बढी देखिन्छ । सरल र स्पष्ट भाषाशैलीका कथा लेख्ने सुवेदी सम्पूर्ण पाठकहरको मन जित्न सफल भएका छन् । राष्ट्रिय र अन्तराष्ट्रिय परिवेशसँग परिचित सुवेदी अझै जोस र उत्साहका साथ साधनारत देखिन्छन् । यसरी सूर्य सुवेदीको जीवनी, व्यक्तित्व र साहित्य सिर्जनाका बीच एक अकार्को अन्तः सम्बन्ध स्पष्ट रूपमा परिलक्षित भएको पाइन्छ ।

# परिच्छेद - तिन

## कथाको विधागत स्वरूप

साहित्यका प्रमुख चार विधा कविता, आख्यान, नाटक र निबन्धमध्ये आख्यान अन्तर्गत पर्ने कथा अङ्ग्रेजी Short Story को नेपाली रूपान्तर हो । कथा साहित्यको एउटा प्रमुख गद्य विधा हो ।

कथाको उत्पत्तिलाई हेर्दा मानिसले एकअर्काका बीचमा विचार विनिमय गर्ने सिलसिलाबाट नै मौखिक रूपमा कथा सुन्ने र भन्ने परम्पराको विकास भइसकेको थियो । त्यसकारण मौखिक परम्पराबाट नै कथालाई एकअर्कामा आदानप्रदान गरी जोगाउने गर्दथे । यसलाई लोककथा भन्ने नाम प्रदान गरियो । यस लोककथाकै पृष्ठभूमिबाट वर्तमान समयको कथाको उत्पत्ति भएको मानिन्छ । कथाको प्रारम्भ पश्चिमी सभ्यताबाट भएको मानिन्छ । पूर्वमा कथाको पुर्खा खोज्दै जाँदा ई.पू. १५०० तिरको मानिने **ऋग्वेद**सम्म पुग्नुपर्ने हुन्छ । पुराणहरू बाल्मीकिको **रामायण** तथा व्यासको **महाभारत** नै पनि कथा प्रयोगका दृष्टिले अत्यन्त सम्पन्न छन् (बराल, २०६९ : १०) । पश्चिमी साहित्यको परम्पराबाट विकास हुँदै नेपाली साहित्यको क्षेत्रमा भित्रिएको कथा शब्द संस्कृतबाट आएको हो । संस्कृतको 'कथ्' धातुमा टाप (आ) प्रत्यय लगाउँदा कथा शब्दको निर्माण हुन्छ र यसले कुनै कुरा काट्नु वा भन्नु भन्ने अर्थ बुझाउँछ (गौतम र अधिकारी, २०६० : १) । कथा आख्यानात्मक संरचनाका माध्यमबाट भाव सम्प्रेषण गर्ने एक विशिष्ट कला हो (गौतम, २०५४ : १) ।

संसारभर कथा भन्ने र सुन्ने परम्परा प्राचीन कालदेखि नै पाइन्छ र लेख्य रूपमा पनि यो एउटा समृद्ध विधाका रूपमा रहेको छ । मौखिक परम्पराबाट विकसित भएको कथाले लेख्य रूप प्राप्त गरेको लामो समय भएको छैन । साहित्यका अन्य विधाहरूजस्तै कथा आफ्नै विशिष्टता तथा सैद्धान्तिक रूप प्राप्त संरचना हो । पूर्वीय तथा पाश्चात्य जगत्मा पुराना कथाको अति प्राचीन परम्परा रहेको पाइन्छ तापनि आधुनिक समीक्षाशास्त्रअनुसार यसको जुन रूपलाई विधागत स्वीकृति प्रदान गरिएको छ, त्यो १९ औं शताब्दीको पाश्चात्य जगत्कै देन हो (श्रेष्ठ, २०६७ : ६) ।

पूर्वमा कथाको इतिहास लामो भए तापनि आधुनिक कथाको जन्म भने पश्चिममा नै भएको हो । उन्नाइसौं शताब्दीमा अमेरिकाका स्कर्नर एडगर एलेन पोबाट आधुनिक कथाको जन्म भएको हो । नेपाली कथाले आधुनिक कालमा आएर मात्र विधागत अस्तित्व प्राप्त गरेको हो । नेपालमा मात्र नभएर संसारका धेरै मुलुकमा यो विधा ज्यादै लोकप्रिय भएर फैलिएको देखिन्छ । यसरी कथाको परम्परा मानव चेतनाको विकासको साथसाथै आरम्भ भएको देखिन्छ ।

कथा आधुनिक युगको नवीन विधा भए तापनि कथाका सम्बन्धमा भने लामो समयदेखि नै चिन्तन भएको पाइन्छ । पूर्वमा भरतमुनि र **अग्निपुराण**देखि पश्चिममा एरिस्टोटलका चिन्तनदेखि यता साहित्यका विभिन्न विधाको चर्चा गर्ने क्रममा कथालाई पनि चिनाइएको पाइन्छ र आआफ्नै किसिमले परिभाषा गरिएको छ ।

### ३.१ कथा एवम् उपन्यासको रचनाविधान र कथा तथा उपन्यास विश्लेषणका आधार

कृतिलाई स्वरूपगत पूर्णता प्रदान गर्ने वा अस्तित्वमा ल्याई निश्चित संरचना प्रदान गर्ने आवश्यक अङ्ग वा अवयवहरूलाई तत्त्व वा संरचक घटक भनिन्छ । कथा एवम् उपन्यासलाई आकृति प्रदान गर्ने विभिन्न अवयवहरूलाई नै यसका तत्त्वहरू/संरचक घटकहरू भनिन्छ । साहित्यका अन्य विधाझैँ कथा एवम् उपन्यास पनि परिवर्तनशील विधा भएकाले कालक्रममा कथा र उपन्यासको स्वरूप संरचना एवं विषयवस्तुमा व्यापकता आएको छ । कथा र उपन्यासको गतिशील स्वरूपले गर्दा यसका तत्त्व निर्धारणमा विद्वान्हरू बीच मतभिन्नता पाइन्छ, यही मतभिन्नतालाई यहाँ देखाइएको छ :

१. दयाराम श्रेष्ठले कथाका तत्त्वलाई निम्नानुसार चर्चा गरेका छन् :
रचना विधान दुई पक्ष हुन्छन् :

(क) **संरचना**

१. कथावस्तु
२. दृष्टिबिन्दु
३. पात्र
४. सारवस्तु

(ख) **रूपविन्यास**

१. संवृत रूपविन्यास
२. विवृत रूपविन्यास
३. पदविन्यास
४. वाक्यविन्यास
५. बिम्व
६. तुलना (प्राक्सन्दर्भ, उपमा, अलङ्कार)
७. प्रतीक
८. शीर्षक (दयाराम श्रेष्ठ, २०६६ : पृ. २१) ।

२. डा. कृष्णहरि बरालले कथाका तत्त्वलाई निम्नानुसार चर्चा गरेका छन् :

१. कथानक

२. चरित्र र चरित्र चित्रण
३. दृष्टिबिन्दु
४. पर्यावरण
५. गति र लय
६. सारवस्तु
७. बिम्ब तथा प्रतीक
८. भाषा (बराल कृष्णहरि)

३. डा.लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारीले कथाको तत्त्वलाई निम्नानुसार उल्लेख गरेका छन् :

१. कथावस्तु/कथानक
२. पात्र
३. कथोपकथन
४. परिवेश
५. उद्देश्य
६. दृष्टिबिन्दु
७. भाषाशैलीय तत्त्व (गौतम र अधिकारी, २०६९ : पृ. १२-२०) ।

कथाका तत्त्वका सम्बन्धमा पनि व्युत्पति र परिभाषामाझैँ विविधता देखिन्छ । यहाँ लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारीको **नेपाली कथाको इतिहास**का आधारमा कथा तत्त्वको विश्लेषण गरिन्छ । यी कथाका तत्त्वहरू जस्तै यिनै उपन्यासका पनि तत्त्व हुन्छन् । यी तत्त्व सामान्य र सिमित हुन्छन् भने उपन्यासमा व्यापक हुन्छन् । ती तत्त्वलाई यसप्रकार देखाइन्छ :

### ३.१.१ कथावस्तु/कथानक

कथानक भनेको पाठकलाई ध्यानाकर्षित गर्न तथा रुचि जगाउन चयन गरिएका घटनाहरूको विन्यास र अन्तः सम्बन्ध हो । कृतिको सुरुदेखि अन्त्यसम्म फैलिएर रहने कथानकले रचनाकारका वैचारिक अवधारणाको प्रस्तुतिलाईसमेत जनाउँछ । कथानकमा घटनाहरूको योजना वा रखाइ कालक्रमिक सम्बन्धका आधारमा नभएर कार्यकारण सम्बन्धमा आधारित गरिन्छ ।

कथावस्तुसँगै क्रियाव्यापार पनि जोडिएर आउँछ । पात्रहरू जे गर्दछन्, जे भन्दछन् र जे सोच्दछन् तिनको परिणाम नै क्रियाव्यापार भएकाले क्रियाव्यापारले सम्पूर्ण कथालाई नै प्रभावित पारेको हुन्छ (गौतम र अधिकारी, २०६९ : पृ. १३) ।

कथा र उपन्यासका निम्ति इतिहास, यथार्थ, रागभाव, स्वैरकल्पना जस्ता चारमध्ये कुनै एक स्रोतलाई पक्रेर सो स्रोतको विशुद्ध कथानक पनि तयार गर्न सकिन्छ र एकभन्दा बढी स्रोतहरूलाई मिसाएर मिश्रित कथानक पनि तयार गर्न सकिन्छ (शर्मा, २०३५ : पृ. २३) ।

कथानकमा रहेको मुख्य पात्रको एउटा जटिल समस्या हुन्छ र त्यस समस्याको समाधानका निम्ति एउटा खास लक्ष्य रहेको हुन्छ । कथानकका समस्या सुरु भएको भाग कथा र उपन्यासको आदि हो र समस्याको समाधान भएको भाग कथा र उपन्यासको अन्त्य हो (गौतम र अधिकारी, २०६९ : पृ. १३-१४) ।

कथा एवम् उपन्यासमा प्रारम्भले आगामी कार्यव्यापारलाई सम्भाव्य बनाउँदछ, मध्यले पूर्व क्रियाव्यापारका साथै भावी क्रियाव्यापारलाईसमेत सम्भाव्य बनाइदिन्छ र अन्त्यले सम्पूर्ण क्रियाव्यापारालाई अन्वित गरी किनारा लगाइदिन्छ, यसरी कथावस्तुमा प्रभावान्वितको सिर्जना हुन्छ ( श्रेष्ठ, २०६६ : पृ. २३) । यसरी कथा र उपन्यासका लागि कथावस्तु/कथानक महत्त्वपूर्ण तत्त्व हो । कथानकमा द्वन्द्व अपरिहार्य हुन्छ । पात्र र कार्यव्यापार अथवा परिस्थिति र पात्रका बीचमा द्वन्द्व नै कथानक हो । कथानकमा निहित मुख्य पात्रको साध्यमा आइपरेका व्यवधान नै यसको समस्या हो । समस्याको सङ्केतबाट भएको कथानकको प्रारम्भ सङ्घर्षका क्रममा विकसित हुँदै अभीष्ट सिद्धिका लागि सङ्घर्षरत हुँदा अन्त्य हुन्छ । कथानकमा निहित शृङ्खलाबद्ध घटनालाई तात्षणिक र परावर्तीत दुवै ढङ्गमा अभिव्यक्ति दिन सकिन्छ र यो दुई भन्दा भिन्न ढाँचा पनि अपनाउन सकिन्छ । यिनै अवयवहरूको समन्यवमा सफल कथा र उपन्यासको कथानक बाँधिएको हुन्छ र कथानकालई कथा र उपन्यासको महत्त्वपूर्ण तत्त्वको रूपमा लिन सकिन्छ ।

### ३.१.२ पात्र वा चरित्र

पात्र वा चरित्र कथा एवम् उपन्यास सिद्धान्तले अपरिहार्य ठानेको तत्त्व हो । यसले कथावस्तुलाई गति प्रदान गर्दछ । यसले सर्जकका भावना, अनुभूति एवं दृष्टिकोणलाई निश्चित स्थानसम्म पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्दछ । पात्र मानवीय वा मानवेतर दुवै खाले हुन सक्दछन् ।

“कथा र उपन्यासमा सहभागिता जनाउन आउने व्यक्तिलाई नै पात्र वा सहभागी भनिन्छ र यो चरित्रका रूपमा आएको हुन्छ । कथा र उपन्यासमा पात्र वा सहभागीको भूमिका मुख्यत : वक्ता, श्रोता, प्रेषक, प्रापक, सम्बोधक, सम्बोधित र समाख्याता आदिका रूपमा रहन्छ” (गौतम र अधिकारी, २०६९ : पृ. १४) ।

कृतिमा अनुकूल, प्रतिकूल, नेपथ्य, मञ्च, बद्ध, मुक्त आदि अनेक प्रकारका पात्रहरूको सहभागिता रहन्छ । कृतिको कथानक प्रमुख सहभागी वा नायकमा घटित घटनावलीबाट गतिशील भई उसकै चरित्र र भूमिकाद्वारा निर्धारित हुन्छ । यी विभिन्न खालका चरित्रहरूका बीच हुने पारस्परिक सम्बन्ध तथा द्वन्द्वले कथानकलाई जीवन्त र सहभागीहरूलाई सक्रिय तुल्याउँछ (लुइटेल, २०५८ : पृ. १७३) । पात्र संवादात्मक रूपमा प्रस्तुत हुन्छ । कथा र उपन्यासमा पात्र आख्यानात्मक रूपमा प्रस्तुत हुन्छ । आख्यानकारले र उपन्यासमा कथामा नाटकीकरणको युक्ति ग्रहण गर्दछ । जसका लागि पात्रहरूको कल्पना नगरी नहुने हुन्छ (श्रेष्ठ, २०६६ : पृ. ३६) ।

कथानकलाई गतिशीलता दिन पात्रको आवश्यकता पर्दछ, पात्र मानवीय र मानवेत्तर जे भए पनि त्यसले मानवीय मानसिकता, संवेगात्मकता एवं कार्यकलापलाई समेटेको हुनुपर्दछ । कथा र उपन्यासको स्वरूप, संरचना आवश्यकता र परिवेश अनुरूप दृष्टिकोणको प्रयोग गरिएको हुन्छ । चरित्र चित्रण कथोपकथन शैलीमा प्रभावकारी हुन्छ । यसरी पात्र पनि कथा र उपन्यासका लागि ज्यादै महत्त्वपूर्ण तत्त्व हो ।

**३.१.३ कथोपकथन**

कथोपकथनलई संवाद पनि भनिन्छ । कथा र उपन्यासको विकास चरित्र चित्रण र लेखकको आशय स्पष्ट गर्न संवादको सहायता लिइन्छ । कथोपकथन कथा र उपन्यासको सूक्ष्म तत्त्व हो ।

कथा र उपन्यासमा पात्रले बोल्नु वा सोच्नुलाई कथोपकथन वा संवाद भनिन्छ । संवादमा वा कथोपकथनमा दुई वा सोभन्दा बढी पात्रहरूका बीच संवाद हुनुपर्दछ तर कथोपकथनमा एउटा पात्रमा मात्र मानसिक अन्तरमन्थन पनि हुन सक्छ (गौतम र अधिकारी, २०६९ : पृ. १६) । संवाद वा कथोपकथन भनेको पात्रहरू बीचको कुराकानी हो (बराल र एटम, २०५८ : पृ. ३६) ।

कुनै पनि कथा र उपन्यासमा कथानक हुन्छ, कथानकमा क्रियाव्यापारलाई अघि बढाउने पात्र हुन्छन्, ती पात्रहरूद्वारा एक आपसमा वा वैयक्तिक रूपमै गरिने वार्तालाप वा संलापलाई नै कथोपकथन भनिन्छ । कथोपकथनको प्रयोगले कथा र उपन्यासलाई सुन्दर, स्वाभाविक, कौतुहलपूर्ण र आकर्षण प्रदान गर्दछ । कथा र उपन्यासको नाटकीयता, जीवन्तता र प्रभावकारीताका लागि प्रयुक्त संवाद सरल, संक्षिप्त तथा गहन हुनु पर्दछ ।

### ३.१.४ परिवेश

कथा एवम् उपन्यासमा प्रयुक्त सहभागीहरूले कार्यव्यापार सम्पन्न गर्ने तथा घटनाहरू घटित हुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ। खासमा परिवेश भनेको देश, काल र वातावरण हो। देशले कार्यव्यापार सम्पन्न हुने स्थान, कालले कार्यव्यापार सम्पन्न हुने समय तथा वातावरणले कार्यव्यापारबाट उत्पन्न पाठकीय प्रभावलाई जनाउँछ । यसरी घटना घटित हुने स्थान, समय र वातावरण नै परिवेश हो । कृतिका घटना र पात्रलाई सहज, स्वाभाविक र विश्वसनीय तुल्याउन परिवेशले महत्त्वपूर्ण भूमिका खेल्छ।

कथा र उपन्यासमा वर्णित स्थान, काल, र वातावरणको समष्टिनै परिवेश हो र यो पात्रले कार्यव्यापार सम्पन्न गर्ने ठाउँ र समय र परिस्थिति हो (गौतम र अधिकारी, २०६९ : पृ. १९) । जीवन गतिशील हुन्छ र परिस्थितिहरू बदलिरहन्छन् अनि यस्तै अवस्थामा कुनै घटनाहरू घटेको वा पात्रले कार्यव्यापार सम्पादन गरेको स्थान, समय र वातावरण नै परिवेश हो (अवस्थी, २०५५ : पृ. ६-७)।

यसैले कथा र उपन्यासमा कुनै न कुनै रूपमा स्थान, समय र वातावरणको प्रयोग गरिने हुनाले तथा स्थान, समय र वातावरणको पूर्ण अभावमा कथा र उपन्यासको सिर्जना हुनसक्ने भएकाले आख्यान, कथानकलाई अघि बढाउन र पात्रका क्रियाव्यापार विश्वसनीयता प्रदान गर्न देश, काल र वातावरण कथाका अन्य तत्त्वझैँ आवश्यक देखिन्छ। कृतिलाई विशिष्टता प्रदान गर्न परिवेशले विशेष सहयोग पुऱ्याउँछ । आञ्चलिकताको आधिक्य भएको कथा ऐतिहासिक भावभूमिमा आधारित कृतिमा परिवेशको अझ महत्त्वपूर्ण स्थान रहन्छ। परिवेश बाह्य र आन्तरिक दुवै हुनसक्छ। यसरी कथामा परिवेश पनि महत्त्वपूर्ण तत्त्वको रूपमा देखापर्दछ।

### ३.१.५ उद्देश्य

जुन प्रयोजनका लागि कथा र उपन्यास लेखिएको हुन्छ त्यस प्रयोजनलाई उद्देश्य भनिन्छ । हरेक विधाका साहित्यिक कृतिको सिर्जना उद्देश्यमूलक ढङ्गले गरिने हुँदा साहित्य सिर्जनाका पछाडि प्रत्यक्ष वा परोक्ष रूपमा कुनै न कुनै प्रकारको उद्देश्य अन्तनिर्हित हुन्छ । विना उद्देश्य कुनै पनि साहित्यिक कृतिको रचना गरिँदैन र यदि निरुद्देश्य कुनै पनि कृतिको रचना गरिएमा त्यो सार्थक नभई निरर्थक कार्य हुन्छ।

कथा र उपन्यासले प्रस्तुत गर्न खोजेको मुख्य प्रयोजन नै उद्देश्य हो र प्रयोजन विना कुनै कथा पनि रचना गरिदैन । मनोरञ्जन, शिक्षा, आनन्द, लोककल्याण र यथार्थको प्रकटीकरणलाई कथा सिर्जनाको प्रमुख उद्देश्य मानिन्छ (गौतम र अधिकारी, २०६९ : पृ. १८) ।

उद्देश्य कथामा अमूर्त रूपमा रहेको हुन्छ । उद्देश्यको निक्यौल पाठकीय प्रभावबाट गरिन्छ । जीवनको विशिष्ट क्षण वा अवस्थाको विशिष्ट कार्यव्यापारको चित्रण नै आजका कथाको उद्देश्य रहेको देखिन्छ (गौतम, २०५४ : पृ. १६) ।

कथा र उपन्यासको उद्देश्यले सारवस्तुलाई उजिल्याउँछ । कथाको सारवस्तु उद्देश्यभन्दा टाढा हुँदैन । वास्तवमा यो उद्देश्यमै पारदर्शी रूपमा रहेको हुन्छ (श्रेष्ठ, २०६६ : पृ. ४०) ।

यसरी उद्देश्य पनि कथा र उपन्यास वा साहित्यको अपरिहार्य तत्त्व हो । उद्देश्यविना कुनै पनि कृतिको रचना गरिँदैन । लक्ष्यविनाको यात्राले कसैलाई पनि टुङ्गोमा पुऱ्याउँदैन । त्यसैले कथा र उपन्यासका लागि उद्देश्यको आवश्यकता पर्दछ ।

### ३.१.६ दृष्टिबिन्दु

कथा र उपन्यासलाई पाठकसमक्ष उपस्थित गर्ने तरिका वा उपस्थापन पद्दतिलाई दृष्टिबिन्दु भनिन्छ । अर्को शब्दमा कुन कथा कसको आख्यान हो र त्यसलाई भन्ने समाख्याता को हो भन्ने कुरा नै दृष्टिबिन्दु हो । लेखकले आफ्ना धारणाहरू पाठकसमक्ष पुऱ्याउने परिस्थिति, अवस्था एवं तरिका दृष्टिबिन्दु हो र यसले रचनाकार तथा पाठकका बीचमा सम्बन्ध स्थापित गर्ने सेतुको काम गर्छ । कृतिमा अभिव्यक्त गरिने विचारधारा सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, धार्मिक, दार्शनिक आदि हुनु सक्छ ।

सामान्यतया हेराइको कोण वा परिप्रेक्ष्यलाई जनाउने दृष्टिबिन्दु कृतिको प्रस्तुतीकरणसँग सम्बन्धित संरचक घटक हो । कृतिकारको स्थितिलाई बुझाउने दृष्टिबिन्दुले कृतिका सहभागी, कार्यव्यापार, परिवेश, उद्देश्य आदिलाई पाठक समक्ष पुऱ्याउने तरिकालाई पनि बुझाउँछ । यसले कृतिलाई ठोस आकृति वा संरचनागत पूर्णता प्रदान गर्ने तथा कृतिको वस्तुलाई सम्प्रेषणीय र संवेदनशील तुल्याउन मद्दत पुऱ्याउँछ (लुइटेल, २०५८ : पृ. १७८) । दृष्टिबिन्दु प्रथम पुरुष र तृतीय पुरुष गरी मूलतः दुई प्रकारका हुन्छन् । यिनमा प्रथम पुरुष दृष्टिबिन्दु केन्द्रीय, परिधीय गरी दुई

प्रकारको हुन्छ भने तृतीय पुरुष दृष्टिबिन्दु सीमित, सर्वदर्शी र वस्तुपरक गरी तिन प्रकारको हुन्छ (गौतम र अधिकारी, २०६९ : पृ. १७) ।

यसरी कथा र उपन्यासमा दृष्टिबिन्दु भन्नाले कथाकार वा समाख्याताले कथानक प्रस्तुत गर्नका लागि आफू उभिन रोजेको ठाउँ हो । कथा र उपन्यास रचना गर्न सुरु गर्नुभन्दा अगाडि नै कुन दृष्टिबिन्दुमा कथा र प्रस्तुत गर्ने भनेर आख्यानकारले निर्णय गर्दछ । दृष्टिबिन्दुको समुचित प्रयोगबाट आख्यानको एउटा विशेष प्रवाह वा शृङ्खला प्राप्त गरेको हुन्छ । दृष्टिबिन्दुमा एकरूपता कायम गरेमा कथा र उपन्यासको संरचना बलियो बन्छ ।

### ३.१.७ भाषाशैली तत्त्व

कथा र उपन्यासमा प्रस्तुत हुने भावना, विचार वा अनुभूतिलाई अभिव्यक्त गर्ने माध्यम भाषा हो । शैली त्यस भाषालाई सुन्दर र मिठो बनाउने कला हो । कथा र उपन्यासलाई साकार र मूर्त तुल्याउने साधन भाषा हो । कथा एवम् उपन्यासका निम्ति यो नभई नहुने तत्त्व हो । कथा र उपन्यास गद्य भाषामा लेखिन्छ । यसमा क्लिष्ट र दुरुह नभएर सरल र सहज भाषाको प्रयोग गरिनुपर्छ । कथा र उपन्यासको भाषा सरल, सहज, बोधगम्य, सम्प्रेषणीय र बोलचालका भाषाको निकट हुनु राम्रो ठानिन्छ । आख्यानकारको अभिव्यक्ति गर्ने ढङ्गलाई शैली भनिन्छ । कथा र उपन्यासमा मुख्यतः रैखिक र वृत्तकारीय गरी दुई प्रकारका शैलीको प्रयोग गरिन्छ ।

कथा र उपन्यासको निर्माण गर्ने रूपविन्यासका उपकरण वा सानासाना लघु घटकहरूलाई भाषाशैली भनिन्छ र भाषाशैली भित्रका विभिन्न लघुघटकहरूको समुचित व्यवस्थापन नै भाषाशैलीय विन्यास हो (गौतम र अधिकारी, २०६९ : पृ. २०) । मनका भाव या विचार अरूछेउ प्रकट गर्ने सार्थक शब्द वा वाक्यहरूको समूह, आशय वा भाव व्यक्त गर्ने सार्थक ध्वनि समूह, वाणी, बोली व्यक्ति विशेषले लेख्ने र बोल्ने ढङ्ग शैली (**नेपाली बृहत् शब्दकोश**, पृ. ९५३) ।

यसरी भाषासाहित्यका लागि अपरिहार्य तत्त्व हो, जसको सहयोग लिएर भन्न वा लेख्न सकिन्छ । कथा र उपन्यास लेखनका क्रममा कहिलेकाही भाषाको विचलन पनि आएको हुन्छ । भाषाको अभावमा कथा लेख्न सकिँदैन । शैली व्यक्तिगत हुने धारणा विद्वान्हरूको पाइन्छ । भाषालाई व्यक्त गर्ने तरिका नै शैली भएकाले यो साहित्यकारहरूको आ-आफ्नै हुन्छ । रैखिक ढाँचामा लेखिएका कथा आदि, मध्य र अन्त्यको शृङ्खलामा क्रमबद्ध रूपमा अगाडि बढेका हुन्छन् । वृत्ताकारीय ढाँचामा लेखिएका कथामा कथाकारले कथानकलाई गोलाकार रूपमा अगाडि बढाउँछन् । यो मध्य वा अन्त्यबाट सुरु हुन पनि

सक्छ । यो आदि, मध्य, अन्त्य जताबाट बढे पनि अर्थमा खास फरक पर्दैन । यसरी शैलीको सफल आयोजनाले कथा र उपन्यास कलात्मक बन्न पुग्छ ।

कथा र उपन्यासमा उपर्युक्त तत्त्वहरूको सन्तुलित प्रयोग गरिन्छ । प्रारम्भिक कथा र उपन्यासहरूमा उपर्युक्त सबै तत्त्वहरूको अनिवार्य प्रयोग पाइए पनि आधुनिक कथा एवम् उपन्यासहरूमा यी सबैको अनिवार्य प्रयोग नभएको पनि पाइन्छ । आधुनिक कथा र उपन्यासहरू कथानक प्रधानभन्दा बढी चरित्रप्रधान भएर देखापरेका छन् ।

## ३.२. निष्कर्ष

कथाको उत्पति मानिसहरूको विचार विनिमयबाट नै भएको पाइन्छ । कथा र उपन्यासको प्रारम्भ पश्चिमी सभ्यताबाट भएको मानिन्छ । पूर्वमा कथाको पूर्खा खोज्दै जादा ई.पू. १५०० तिरको ऋग्वेदमा पुग्नुपर्ने हुन्छ । पश्चिमी साहित्यको परम्पराबाट विकास हुँदै नेपाली साहित्यको क्षेत्रमा भित्रिएको कथा शब्द संस्कृतबाट आएको हो । पूर्वमा कथाको इतिहास लामो भएता पनि आधुनिक कथाको जन्म भने पश्चिममा नै भएको हो । उन्नाइसौ शताव्दीमा अमेरिकाको स्कर्नर एडगर एलेन पोबाट आधुनिक कथाको जन्म भएको हो । कथालाई परिभाषा दिने क्रममा विभिन्न विद्वानहरूको मत मतान्तर पाइन्छ । कथा र उपन्यासका लागि पनि विभिन्न संरचनागत तत्त्वहरूको आवश्यकता हुन्छ । विभिन्न विद्वानहरूले तत्त्वहरूका सम्बन्धमा आ-आफ्नै प्रकारका मतहरू राख्ने गरेको देखिन्छ । यस्तो परिपेक्ष्यमा कथा र उपन्यासको संरचनालाई गहिरिएर समाल्दा कथानक, चरित्र/पात्र, उद्देश्य, दृष्टिविन्दु, भाषाशैलीय विन्यासनै कथा र उपन्यासका महत्वपूर्ण घटकका रूपमा लिन सकिन्छ ।

उपन्यास शब्द तत्सम भए पनि उपन्यास विधा पाश्चात्य साहित्यको उपज हो । नेपाली साहित्यको उपन्यास लेखनका सुरुका दिनहरूमा पाश्चात्य प्रभाव परे तापनि आधुनिक कालमा भने यसले आफ्नै मौलिक संरचनाका साथ विकसित हुने अवसर पायो । वि.सं.१९९१ बाट सुरु भएको नेपाली उपन्यास परम्परा पुग नपुग आठ दशक पार नगर्दै विविध प्रवृत्ति अगाली अघि बढ्न सक्षम भएको देखिन्छ । यसै क्रममा वि.सं.२०६९ मा **'दिशाहीन यात्रा'** उपन्यासबाट सूर्य सुवेदी उपन्यासको फाँटमा देखा परेका हुन् ।

## परिच्छेद - चार

# सूर्य सुवेदीको कथायात्रा, प्रवृत्ति र कथासङ्ग्रहको विश्लेषण

### ४.१ विषय प्रवेश

सूर्य सुवेदी वि.सं. २०२६ सालमा **दर्पण** पत्रिकामा प्रकाशित 'दुई आत्मा र आफ्ना समस्या' कथाको रचना गरेर आधुनिक नेपाली कथाको फाँटमा देखापरेका हुन् । उनले वि.सं. २०६८ सालमा **सूर्य सुवेदीका कथाहरू** कथा सङ्ग्रह प्रकाशित गरेर आफ्नो कथायात्रालाई अग्रगति प्रदान गरेका छन् । पचासको दशकदेखि निरन्तर साहित्य साधना र सेवामा समर्पित सुवेदीका थुप्रै कथाहरू प्रकाशित छन् । राजनैतिक र समाजसेवामा सक्रिय समपर्णशील जीवन बिताउने सुवेदी सङ्कलन सम्पादनमा पनि निकै अभिरुचि राख्दछन् । सुवेदीले विभिन्न विधामा र वैचारिक लेखमा कलम चलाए पनि उनको निजी क्षेत्र कथा विधा नै हो । उनी यसै क्षेत्रबाट चिनिन्छन् र उनको साहित्यिक व्यक्तित्वलाई ठम्याउने केन्द्रीय मेरुदण्ड पनि यही विधा नै हो । कथाका क्षेत्रमा नै उनले लामो साधना, श्रम, सीप र निरन्तरता प्रदान गरेर नेपाली कथाको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् ।

### ४.२ सूर्य सुवेदीको कथायात्रा र प्रवृत्ति

'दुई आत्मा र आफ्ना समस्या' (२०२६) शीर्षक कथाबाट कथायात्रा प्रारम्भ गर्ने सुवेदीका ३० वटा कथाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका छन् । पुस्तकका रूपमा प्रकाशित सूर्य सुवेदीका कथाहरूमा समाजको यथार्थचित्र प्रस्तुत गर्न चाहन्छन् । उनले राजनीतिक तथा सामाजिक विषयलाई आफ्नो लेखनको क्षेत्र बनाएका छन् । सूर्य सुवेदीले ग्रामीण जीवनको सरलता, त्यहाँका सबल र निर्बल पक्ष, प्रजातन्त्र र सशस्त्र माओवादी युद्धले सिर्जित भएका सामाजिक पक्षसमेतलाई कथाका माध्यमबाट चित्रित गर्न खोजेका छन् । उनका कथाहरू पूर्वी पहाडको जनजीवनलाई उद्घाटित गर्ने र आञ्चलिकतालाई प्रतिनिधित्व गर्ने दृष्टिले लेखिएका छन् ।

सुवेदीका कथाबाट पूर्वी नेपालको गाउँ ठाउँका सामान्यदेखि मध्यम र माथिल्लो आर्थिक स्थिति भएका सबै जातजातिका मानिसहरूका जीवनको जीवन्त चित्र अङ्कित हुन्छ । उनले **सूर्य सुवेदीका कथाहरू** कथा सङ्ग्रहमा समकालीन ग्रामीण समाज एकातिर पुरातन सोच र प्रणालीबाट मुक्त हुन नसकिरहेको स्थिति र अर्कातिर समयको परिवर्तनले ती गाउँलेहरूको जीवनमा पारेको प्रभावले गर्दा उत्पन्न भएको मूल द्वन्द्वलाई आलोचनात्मक दृष्टिले पर्यवेक्षण गरेका छन् । त्यसकारण सुवेदी रुढिवादी,

रीतिपरम्परा तथा जीवनशैलीमा परिवर्तनको अपेक्षा राख्ने कथाकारका रूपमा देखापरेका छन् । उनलाई सामाजिक यथार्थ भित्र निहित विशुद्ध नेपाली लोक संस्कृतिका सौन्दर्य तत्त्वमा अभिरुचि राख्ने कथाकारका रूपमा चिन्न सकिन्छ । सुवेदीले व्यक्तिविशेषका चरित्र, स्वभाव एवं प्रवृत्तिमा केन्द्रित भएर तिनको गहन विश्लेषण गर्ने कुरामा पनि अभिरुचि लिएका छन् । व्यङ्ग्यमा पनि कथाकार सुवेदीले केही न केही रुचि राखेकै देखिन्छ । सडक बालबालिकाहरूतर्फ उनको ध्यान पुगेको पाइन्छ । सूर्य सुवेदीलाई स्कुलमा पढेको बोधविक्रम अधिकारीको दन्त्यकथा हुँदै पुस्कर शमशेर, गुरूप्रसाद मैनाली, गोविन्द गोठाले, विजय मल्ल, विश्वेश्वरप्रसाद कोइराला, लैनसिंह वाङ्देल, रमेश विकल, दौलतविक्रम विष्ट, भवानी भिक्षु आदिका कथाले पनि प्रभावित पारेका छन् (सुवेदी, २०७० : २-२६) । विदेशी लेखकहरू प्रेमचन्द्र, रवीन्द्रनाथ टैगोर, डी. एच. लरेन्स, मोपाँसा, ओ हेनरी, एन्टन चेखव, लियो टोल्सटाय आदिका रचनाले पनि कथा र तिनीहरूले सम्प्रेषण गर्ने अभिव्यक्तिप्रति आकृष्ट गरेका हुन् (सुवेदी, २०७० : २-२६) । उनका कथामा साधारण जीवन र मानवीय महत्त्वको अस्तित्वको चित्रण पाइन्छ । सूर्य सुवेदीले आफ्ना कथाहरूमा निजत्वका झङ्कार र साहित्यिक समीक्षाका आञ्चलिक र सबार्ल्टन चरित्रका आयामहरू उजागर गरेका छन् (सुवेदी, २०६८ : १२) । उनका कथामा पूर्वेली भाषिकाको प्रयोग पनि पाइन्छ ।

सूर्य सुवेदीको एउटा मात्र कथा सङ्ग्रह प्रकाशित भएको कारणले गर्दा उनको कथायात्रालाई चरण विभाजन गरेर हेर्न सकिँदैन । कथाकार सुवेदीका प्रमुख कथाप्रवृत्तिलाई यसप्रकार बुँदागत गरेर हेर्न सकिन्छ :

- कथाहरूमा सामाजिक यथार्थको अभिव्यक्ति र विशेषता पूर्वी पहाडी ग्रामीण सामाजिक यथार्थको प्रस्तुति
- आञ्चलिक परिवेशको निर्माणमा सबलता र संवाद रचनामा समेत आञ्चलिक भाषाको प्रयोग
- राजनीतिक, प्रशासनिक क्षेत्रमा देखिएका विकृति एवं विसङ्गतिको चित्रण र तिनीहरूप्रति व्यङ्ग्य
- समाजका गरिबी, अभाव, अन्धविश्वास र सामाजिक असमानताका साथै चरम गरिबीको दुर्दान्त चित्रण
- बालमनोभावनाका र नारी मनोभावनाको प्रस्तुतिका साथै अर्न्तद्वन्द्वको प्रस्तुति

- मानवप्रेम, पशुप्रेमको चित्रणका साथै परिवेशप्रधान कथाको सिर्जनामा सक्षम

- सरल, सहज, भाषाशैलीको प्रयोगका साथै छोटो आयाम, सरल कथावस्तु, समसामयिक परिवेशको कलात्मक प्रस्तुति आदि ।

कथाकार सूर्य सुवेदीको कथालेखन सामाजिक यथार्थवादी कथा परम्परामै देखापरेको छ । आञ्चलिकता उनको लेखनको उपलब्धि हो र नेपाली समाजको खास क्षेत्रको समाज पर्यवेक्षण सुवेदीको कथाकारिताको विशेषता हो नेपाली कथा क्षेत्रमा **सूर्य सुवेदीका कथाहरू** शीर्षक कथा सङ्ग्रह एक उल्लेख्य कृतिको रूपमा सामेल भएको छ र यसका लागि कथाकार सुवेदीले नेपाली कथामा आफ्नो उल्लेख्य स्थान बनाएका छन् ।

## ४.३ कथा तत्त्वका आधारमा 'सूर्य सुवेदीका कथा'को विश्लेषण

वि.सं. २०२६ सालमा 'दुई आत्मा र आफ्ना समस्या' कथा प्रकाशित गराएर औपचारिक रूपमा साहित्यको क्षेत्रमा प्रवेश गरेका सूर्य सुवेदीको हालसम्म एउटा मात्र कथा सङ्ग्रह प्रकाशित भएको छ । यस सङ्ग्रहमा जम्मा तीसवटा कथाहरू रहेका छन् । यस सङ्ग्रहमा सङ्गृहीत कथाहरूमा *थाप्लामा नाम्लोको भञ्ज्याङ, भित्तामा टाँगिएका फोटा, ब्ल्याकी आइमाई, दाइजो, देउराली, ठायो, मगन्ते, निसाफ, बौलाही मन्जु, श्याम फर्केला त ?, रिठ्ठे झाँक्री, अमेरिकाका छोरा बुहारी, रमिते पाखा, रानीवन र सानीबज्यै, हेडसर, खेतालो, पुतलीनाच, आरन, एकतारे साधु, ठाक्रे, भत्काइएको घर, तीज, निरन्तर प्रेम, खाते, रौनक नभएको दशैं, विश्व भूमिगत भएछ, ठूल्दिदीको लाली गाई, त्रिशूल बाबा, त्यै रक्सी झोलले गर्दा हो*जस्ता कथाहरू रहेका छन् । १२२ पृष्ठमा विस्तारित **सूर्य सुवेदीका कथाहरू** शीर्षक रहेको यस सङ्ग्रहका कथाहरूमध्ये धेरैजसो कथाहरूमा प्रकाशन समय वा रचना समय दिइएका छन् । रचना समय उल्लेख नभएका केही कथा भने पचासको दशकमा नै लेखिएका देखिन्छन् । कथानकका आधारमा सूर्य सुवेदीका कथाको विश्लेषण यसप्रकार गरिन्छ :

### ४.३.१ कथानकका आधारमा 'सूर्य सुवेदीका कथा'को विश्लेषण

सूर्य सुवेदीका विभिन्न कथाहरूलाई कथानकका आधारमा तल विश्लेषण गरिएको छः

## १. थाप्लोमा नाम्लोको भञ्ज्याङ

*थाप्लोमा नाम्लोको भञ्ज्याङ* कथामा टाउकामा नाम्लाको डाम पर्ने गरी भारी खेपिरहने भुन्टेको लाहुर जाने धोको छ । सन्तुली, टुल्की र सन्तेको पनि यही पीडा छ । भुन्टेले घरमा कसैलाई नभनी लाहुर जानका लागि खर्च जुटाउन घरमा भएको बकेर्नु भैँसी बेच्न लगाउँछ र आमाले काठको सन्दुकमा राखेको पैसा झिकेर लाहुर हिँडेको घटनाको वर्णन छ ।

भुन्टेले पसिना पुछ्दै घाँसको र दाउराको भारी नछुट्ने भो टाउकामा नाम्लोले पारेको भञ्ज्याङ झन्झन् गहिरो हुने नै भयो भन्ने घटनाबाट कथाको आदि भाग सुरु हुन्छ । एक साँझे भएको पनि महिना दिन भएको बकेर्नु भैँसी साइँला सुब्बालाई बेचेपछि भुन्टेको परिवारले दाम राम्रो पाएको घटना कथाको मध्य भाग हो । भुन्टेले भैँसी बेचेर सन्दुकमा आमाले राखेको पैसा झिकेर लाहुर हिँडनु कथाको अन्त्य भाग हो ।

## २. भित्तामा टाँगिएका फोटा

भित्तामा टाँगिएका फोटा कथामा लिम्बू परिवारका तिन पुस्ता लासाहाङ, बाजाहाङ र तेस्रो पुस्ताको गजाहाङका मलाया रहँदाका लाहुरे भेषका फोटाहरू घरका भित्तामा टाँगिएका छन् । सबैभन्दा तल्लो पुस्ताको गजाहाङ मलायामा मरेपछिका फोटाहरू, शोकाकुल परिवार र साथीभाइका पीडादायी अवस्थाको वर्णन छ ।

गजाहाङ सत्र वर्षको उमेरमा नै मलायामा (हालको मलेसिया) लाहुरे भएर गएको घटना कथाको आदि भाग हो । केही महिनाअगि गजाहाङ छुट्टी सकिएर जागिरमा फर्किएपछि उनलाई सीमा रक्षामा खटाइन्छ र समुद्री डाकुहरूसँग दोहोरो फायरिङ हुँदा गजाहाङले वीरगति प्राप्त गरेकोमा मलेसियाको सैनिक मुख्यालयबाट गजाहाङलाई मरणोपरान्त पदोन्नति र तक्मा दिइएको घटना यस कथाको मध्य भाग हो । जगाहाङले आफ्नो मुलुकमा रोजगारी नपाएर पराइभूमिको सीमा रक्षा गर्दा वीरगति प्राप्त गरेको र गजाहाङले तलव, पेन्सन र मरणोपरान्त पाएको तक्मासँग रगत साटे भन्ने एकजना गजाहाङको साथीले उसका भित्तामा टाँसिएका फोटाहरू हेरेर मनमनै भनेको घटना कथाको अन्त्य भाग हो ।

### ३. ब्ल्याकी आइमाई

पशुपतिनगर भन्सारमा सामानहरू सीमा वारपार गराएर राजश्व ठगी गर्ने सुभासिनी त्यस भेगमा ब्ल्याकी आइमाईका नामले चर्चित छे । पक्राउ परेर छुटेपछि ऊ सीमापारि सुकिया पोखरीमा हवलदारलाई हत्याएर बसेकी हुन्छे । कर्मचारी र व्यापारीको मिलेमतोमा राजश्व ठगी गर्ने प्रवृत्तिमाथि यस कथाले आक्रोश व्यक्त गरेको छ ।

पशुपतिनगर बजारबाट महङ्गामहङ्गा क्यामेरा, घडी, टेपरेकर्ड, केही पर्फ्युम लिएर फाँटतिर झिसमिसे बिहानीमै भाग्दै गर्दा ब्ल्याकी आइमाई हिलोबाटामा चिप्लिएर लड्दा सामानले भरिएको बोरा भुइँमा छताछुल्ल भएको र गस्तीका सिपाहीले उसलाई पक्रन भ्याइहालेको घटना यस कथाको आदि भाग हो । सुभासिनीले हवल्दारको खुबै सेवा गरेर हवल्दारलाई आफूप्रति आकर्षित गराउँछे र विस्तारै हवल्दारलाई पनि ब्ल्याक गर्न सहमत गराएको घटना यस कथाको मध्य भाग हो । सुकिया पोखरीमा सुभासिनी गर्भवती भएको गाइँगुइँ हल्ला भएको र हवल्दारको पनि काठमाडौँतिर सरुवा भएको छ । सुभासिनीले दार्जिलिङ्को म्याटर्निटी अस्पतालमा छोरो जन्माएको घटना यस कथाको अन्त्य भाग हो ।

### ४. दाइजो

दाहाल्नी बज्यैको छोरा कालीप्रसादको बिहेमा दाइजो नआएकोमा दाहाल्नी बज्यैलाई छटपटी भएको छ । दाहाल बाजे र दाहाल्नी बज्यैको बराला छोरो कालीप्रसादको बिहे गरिदिनु यस कथाको आदि भाग हो । कालीप्रसादको बिहे गरिदिएपछि दाहाल्नी बज्यैले बुहारीले दाइजो ल्याइन भनेर बुहारी ( निर्मला) लाई कचकच गर्न थाल्नु र निर्मला घर छोडेर मावलीतिर हिँड्नु कथाको मध्य भाग हो । कालीप्रसाद श्रीमतीलाई मावलमा लिन जानु यस कथाको अन्त्य भाग हो ।

### ५. देउराली

ओयाकजुङको भैरवले सिम्लेकी बालसखा गौथलीसँग उसको पहिलो लोग्ने मरेपछि देउरालीमा गएर बिहे गरेको र देउराली चाहिँ फूलपाती चढाउने, पूजा गर्ने र बिहे गर्ने सांस्कृतिक थलो भएको वर्णन छ ।

भैरव ओयाकजुङका रिजाल साहुका साथ लागेर साहुको मधेसको खेतीमा काम गर्न झरेको र केही दिन अगि मात्र घर आएको बेला रामनवमी मेलामा भैरव र गौंथलीको भेट भएको घटना यस कथाको आदि भाग हो । भैरवले देउरालीलाई साक्षी राखेर आफ्नी बालसखा गौथलीसँग बिहे गरेको

घटना यस कथाको मध्य भाग हो । भैरवले गौथलीलाई श्रीमतीका रूपमा प्राप्त गरेपछि दुवैजना हात समातेर म्याङलुङतर्फ जाने मूलबाटोतर्फ लागेको कथाको अन्त्य भाग हो ।

### ६. ढोयो

सौतेनी आमाको कचकचले बाबुबाट छुट्टिएको बिर्खेले अंशमा पाएको थोरे भैँसी गाउँका सुबेदार बुढा सामु ढोयो (कोसेली पात) का रूपमा चढाउँछ र ठाँडबारी फाँडफुँड गरेर स्थायी रूपमा बस्न र खेती गर्न पाउँछ ।

सौतेनी आमा र बिर्खेको मेल हुन नसकेको कारणले गर्दा पाखाघरे अन्तरेले एउटै भएको छोरोलाई छुट्टाएर राखिदिएको घटना कथाको आदि भाग हो । बिर्खेको साथी हर्कप्रसादले सुबेदार बाको ठाँडबारीका लागि थोरे भैँसी ढोयो चढाउने र घरबास गर्न बारी माग्ने सल्लाह दिन र बिर्खेले पनि सोही अनुसार गर्नु यस कथाको मध्य भाग हो । सुबेदारले बिर्खेलाई धेरैसरह होस् भनेर ठाँडबारी दिनु यस कथाको अन्त्य भाग हो ।

### ७. मगन्ते

मगन्तेले उसको सम्पूर्ण सम्पतिको रूपमा रहेको कालो रङ्गको झोला र लठ्ठी आफू जहाँ गयो त्यही लिएर जाने र जसले जे दिए पनि त्यही झोलामा हाल्ने घटना यस कथाको आदि भाग हो । मगन्ते आज गएको ठाउँमा भोलि जाँदैन, अर्को ठाउँमा जाने गर्दछ । गाँजा पाइने घरमा भने अलि बढी नै पुग्ने गर्दछ । उसले गाँजा र कक्कड खाने सुल्पा झोलामा टालाले बेरेर जतनसँग राखेको घटना यस कथाको मध्य भाग हो । मगन्ते जसले जे दिए पनि खाने र नदिए कुनै प्रतिक्रिया नगरी चुप लागेर हिँड्ने गर्दछ । ऊ संयमित र लोभ पापरहित मगन्ते, निर्भीक र निश्छल मानिस हो भन्ने घटना यस कथाको अन्त्य भाग हो ।

### ८. रतेली

पाटीघरे जेठो छोरो राजुको बिहेको जन्ती बिहानै सातै बजे प्रस्थान गरेको र पाटीघरे जेठाका तिन छोरा र दुई छोरीमध्ये राजु जेठो छोरो भएकाले पाटीघरे जेठो खुब हौसिएर छोराको बिहे गर्न

लागेको घटना कथाको आदि भाग हो । पाटीघर्नी मुखिनीको आँगनमा रतेली खेल्न वा नातागोता र गाउँघरका झन्डै डेढ सय आइमाईहरू भेला भएको घटना मध्य भाग हो । रतेली खेल्न भेला भएका महिलाहरूलाई खानपिनको राम्रो व्यवस्था गरिएको र अघिल्ला पुस्ताबाट केही हेर्न र सिक्न तल्लो पुस्ता उत्सुक भएको घटना कथाको अन्त्य भाग हो ।

### ९. निसाफ

रुद्रलाल नाम गरेका सोरमाने रिजालले आफ्नो सम्पति हडप गर्ने भतिजाहरू रूपलाल र श्यामकान्तका विरुद्ध न्याय निसाफ पाउन बीस वर्षसम्म म्याङलुङ अदालतमा धाउँदा पनि घुस दिन नसकेको हुनाले निसाफ पाउन सकेका छैनन् । बुढेसकालमा तारिखको बेला अदालतमा पुगेर निसाफ माग्दामाग्दै एक्कासि उनको मृत्यु भएको वर्णन यहाँ छ ।

सोरमाने साहुका शक्तिशाली र सम्पन्न दुई भतिजाहरू रूपलाल र श्यामकान्त विरुद्ध सम्पतिविहीन बनाएकाले सो सम्पतिको स्वामित्व कायम गर्न विगत बीस वर्षदेखि मुद्दा लडिरहेको घटना कथाको आदि भाग हो । रूपलालले पापीलाई दैवले हरून्, श्यामकान्ते पापीको उछितै पारुन् । डिठ्ठा विचारीले निसाफ दिन्छन् भन्थे पैसा नदिनेलाई किन निसाफ दिन्थे भन्ने वाक्य यस कथाको मध्य भाग हो । निसाफ नपाएर वा माग्दामाग्दै ढलेका सोरमाने साहुको मृत्यु यस कथाको अन्त्य भाग हो ।

### १०. बौलाही मन्जु

रत्नेकी आमा मन्जु लोग्ने हराएर वा विक्षिप्तताले आफन्तलाई गाली गर्दै कहिले रत्नपार्कमा र कहिले मन्दिरको पेटीमा भेटिएकी तपस्विनीजस्ती देखिने महिलाको मनस्थितिको वर्णन गरिएको छ ।

मन्जुले रत्नपार्कमा आफ्ना देवर, देउरानी, जेठाजु, जेठानी, छोरा र बुहारीलाई गाली गर्दै, कहिले हाँस्ने, कहिले रुने गरेको घटना कथाको आदि भाग हो । मन्जु प्रायः कसैसँग केही पनि नमाग्ने, कसैले केही दियो भने कहिले खाई पनि हाल्दी रै छे, कहिले कुकुर छेउमा आए भने खानेकुरा कुकुरलाई दिने नत्र त्यसै मिल्काउने घटना कथाको मध्य भाग हो । मन्जु कहिले सुस्त, कहिले बाचाल र कहिले उदण्ड हुने, भुवनेश्वरी मन्दिरको पेटीमा तपस्या गरेर बस्दा तपस्विनीजस्ती हुने घटना यस कथाको अन्त्य भाग हो ।

**११. श्याम फर्केला त ?**

बालीघरे दमाई साइँलाको छोरो श्यामबहादुरलाई बन्दुकधारी युवायुवतीले लुगा सिउने कलसहित पक्रेर लगेको र बीचमा भागेर आएको केही दिनमा प्रहरीले अथवा माओवादीले फेरि समातेर गायब पारेको अवस्थामा श्याम फर्केला त ? भने आशङ्का गरिएको छ ।

मङ्सिर महिनामा अचानक एक हुल बन्दुक बोकेका युवायुवतीले रातको समयमा श्यामलाई लुगा सिउने कलसहित जङ्गलतिर लिएर गएको घटना कथाको आदि भाग हो । माओवादीको क्याम्पबाट भागेर श्याम आफ्नो गाउँ तम्फुलमा आइपुगेपछि माओवादीको नजरमा सुराकी र गाउँले तथा सरकारका नजरमा माओवादी भएको कारणले फेरि श्याम गायब भएको घटना कथाको मध्य भाग हो । सरकारले र माओवादीले आआफ्ना थुनुवा छाडेको कुराको प्रचारप्रसार गरेपनि श्यामको कुनै खबर नआएको घटना यस कथाको अन्त्य भाग हो ।

**१२. रिठ्ठे झाँक्री**

रीतबहादुर भन्ने रिठ्ठे झाँक्री चरे खत्रीसँग जलजले बुढाथोकी मुखियाको घरमा भएर मसाने भूत पन्छाउन ढयाङ्ग्रो ठोक्ने र आगो खाने गरेर पनि टी.बी. भएका मुखियाको मृत्यु भएको वर्णन छ ।

रिठ्ठे झाँक्री धामी बस्न जलजले बुढाथोकी मुखियाकहाँ जानु यस कथाको आदि भाग हो । रिठ्ठे झाँक्रीले बुढाथोकी मुखियालाई मसाने भूत लागेको ठहर गर्नु, मुखियाको पेट छेउमा सालधूप हालेको भरि कोइला सहितको धुपौरो नचाएर झरझराउँदा चारवटा कोइला मुखमा हालेर निल्न र केही आँगनमा निस्किएर पूर्व, पश्चिम, उत्तर र दक्षिणतिर फ्याँक्नु, मुखिया बुढा पनि राम्रोसँग निधाउनु यस कथाको मध्य भाग हो । पन्ध्र दिनपछि टी.बी. भएका मुखिया बुढाथोकीको घरमा एकोहोरो शङ्ख बज्नु यस कथाको अन्त्य भाग हो ।

**१३. अमेरिकाका छोरा बुहारी**

खाँदबारीका कपडा पसले भीमप्रसाद काठमाडौं आएपछि जेठो छोरो पसल गरेर साथै रहे पनि अरू तिन भाइ छोरा बुहारी अमेरिकामा बस्ने गरेकोले कान्छा छोरा बुहारीको निकै नियास्रो लागेर बुढा भीमप्रसादको अकस्मात् मृत्यु भएको र छोरा बुहारी र परिवारका सदस्यहरूको विखण्डनबाट सिर्जित सामाजिक समस्याको चित्रण छ ।

भीमप्रसादको जेठो छोरा जयप्रसादको बिहेपछि छोराको सल्लाह अनुसार खाँदबारीको पसल उठाएर भीमप्रसाद काठमाडौँमानै बस्न थाल्नु यस कथाको आदि भाग हो । भीमप्रसादको इच्छाअनुसार कान्छो छोराले बाबुले खोजेको केटीसँग बिहे गर्दछ र केही समय बसेर कान्छा छोराबुहारी अमेरिका जाने कुराबाट भीमप्रसाद निराशा र खिन्न छन् । यो कथाको मध्य भाग हो । कान्छा छोराबुहारी अमेरिका गएपछि बुढा सधैं कान्छा कान्छा भन्न थाले र बिस्तारै बिस्तारै शिथिल हुँदै एकरात ओछ्यानमै बुढा बितेको घटना यस कथाको अन्त्य भाग हो ।

**१४. रमिते पाखा, रानीवन र सानीबज्यै**

यस कथामा मादी गाउँमा रहेको रानीवन, रमितेपाखा र घुमाउरो चौतारोलाई सार्वजनिक भए पनि गाउँका फटाहा र भूमाफियाहरूले निजी बनाउन खोज्दा सानीबज्यैले लामो समयसम्म मुद्दा लडेर निजी बनाउनबाट रोक्छिन् । खजान्चे र लगने हिसिन्छन् । रानीवन समुदायिक वन हुन्छ । हरियाली लहराउँछ । यस कथाले वातावरणीय चेतनाको विषयलाई उठाएको छ । सानीबज्यैले सबै गाउँलेहरूलाई बोलाएर चौतारो, रानीवन र रमिते पाखा यो गाउँमा बस्ने सबै मानिस र जङ्गलमा बस्ने चराचुरुङ्गी बाघभालुलगायत जनावरहरूसमेतको साझा उपभोगको सम्पति भएकाले साझा नै कायम गर्नुपर्छ भन्ने कुराबाट कथाको आदि भाग सुरु भएको छ । सानीबज्यैले खजान्चे र लगनेले सार्वजनिक गाई चरन, घुमाउने चौतारो र रानीवन हडप्न खोजेको सन्धिसर्पन, गाईचरन, मुर्दा पोल्ने, लकडीसमेतमा आँखा गाडी सामाजिक र धार्मिक सम्पतिमाथि कब्जा जमाउन खोजेको भनी मुद्दा हालेको घटना कथाको मध्य भाग हो । राजा महेन्द्रले प्रधान न्यायाधीशलाई बोलाएर सो मुद्दाका बारेमा यथार्थ कुरा बुझेपछि दस दिनपछिको पेशी तारिकमा सानीबज्यैले मुद्दा जितेको घटना यस कथाको अन्त्य भाग हो ।

**१५. हेडसर**

यस कथामा अनन्तप्रसाद बर्तौला नाम गरेका हेडसरले खर्दानी बज्यैबाट सल्लाका रुख र अरू दाताबाट चन्दा उठाएर चुहान डाँडोको स्कुल बनाएको र आफ्नो आर्थिक स्थिति कमजोर भए पनि सन्तोष मानेको वर्णन छ ।

हेडसरले स्कुल घर बनाउन र फर्निचर बनाउनका लागि खर्दानी बज्यैका बारीमा भएका चारवटा ठूलाठूला सल्लाका रुख ढालेर चिरान गर्न पाए गाउँको प्रस्तावित हाईस्कुलमा चाहिने सम्पूर्ण काठहरू र फर्निचरहरू पुग्छन् भन्ने घटना यस कथाको आदि भाग हो । गाउँका पैसा भएकाले पैसा नभएकाले श्रम, कसैले हलगोरु, कसैले दुईवटा रुख, कसैले एक सय, कसैले दुई सय रूपैया दिएर

पाँचलाख बराबर मूल्यको स्कुल कोष स्थापना भएको घटना कथाको मध्य भाग हो । आफ्नो आर्थिक स्थिति राम्रो नभएका कारणले गर्दा धरान झरेका अनन्तले हुलाकबाट राजिनामा पठाए र धरानमा एउटा पुस्तक र खेलकुद सामग्रीको पसल थापेर बसेको घटना यस कथाको अन्त्य भाग हो ।

**१६. खेतालो**

टाहारधरे मुखियाको खेतमा रोपाइँ गर्ने खेतालो सगुने भुजेल र उसकी स्वास्नी चिरबिरीको मायाप्रीतिका साथै पाखाधर्नी अन्तरी, म्याउची, टुल्की र नेप्टीसमेत खेताल्नीहरूको हिलो छ्यापाछ्यापको वर्णन छ ।

टाहारघरे मुखियाको खेत रोपाइँमा सगुने भुजेललगायत बार हल गोरु खेत साउने, पचासजना रोपाहार, दशजना बाउसे, दशजना नै धानको बिउ काड्ने र बिउ फ्याँक्ने खेतालाको वर्णन यस कथाको आदि भाग हो । सगुने भुजेलले, पाखाघर्नी अन्तरी, म्याउची, टुल्की र नेप्टीलाई हिलोले भिजाइ दिन्छ । सगुनेलाई पनि उनीहरूले हिलो छ्यापेर हिलाम्मे बनाइदिन्छन् । यो कथाको मध्य भाग हो । सगुने घर फर्किएपछि चिरबिरीले सगुनेलाई हिलाम्मे भएको देखेर शिरदेखि पाउसम्म नियालेर हेर्छे र सगुनेले दिउँसो खले गरामा भएको रोपाइँजात्राको वर्णन सुनाउँछ । यो कथाको अन्त्य भाग हो ।

**१७. पुतली नाच**

कुसुलेले नचाएको पुतलीनाच हेर्न आउने रमितासँगै जि.वि.स. सदस्य गैह्रीघरे नरबहादुरलाई राजनीतिमा ठूला नेताले नचाएको र नरबहादुरलाई उसकै श्रीमती प्र.अ. हिमकलालेसमेत नचाएको व्यङ्ग्य छ ।

कुसुलेले पुतली लिएर आएको देखेपछि बालबालिका, केटाकेटी, महिला, पुरुष र वृद्धवृद्धा सबैजना कुसुलेले नचाउने पुतलीनाच हेर्न ओडारघरे बुढाका घरका आँगनमा जम्मा हुन्छन् । यो कथाको आदि भाग हो । कालेले अभिमाने, गिठ्ठे, झुमा, पन्ना सबैजनालाई पुतली बनाउने र नचाउने कुरा मनमनै विचार गर्छ । यो मध्य भाग हो । गैह्रीघरे नरबहादुरले राजनीति गर्दा धेरैपटक ठूला नेताहरूको इसारामा पुतलीनाच नाचेको र तलका कार्यकर्ताहरूलाई पुतलीनाच नचाएको अनुभूत गर्नु यो कथाको अन्त्य भाग हो ।

## १८. आरन

इमानदार बुढो कामी र छोराहरू मिलेर गाउँघरमा हलोको फाली, करुवा, कुटो, कोदालो, हँसिया, खुकुरी, चुलेसी बनाउने गरेको र साठीमुरे जङ्गलमा गोल पोल्न जाँदा करबीरे मसानले छोएर बुढाको मृत्यु भएको वर्णन छ ।

बालीघरे बुढो कामी र उनका छोराहरू मिलेर गाउँलेहरूको हलाको फाली र करुवा, कुटो, कोदाला, कोदाली, चुलेसी, तरवार, खुर्पा बनाउने काम गरेको घटना कथाको आदि भाग हो । गोल काट्न जाँदा मानिस गाडेको चिहान नजिकैको रुख काटेर गोल बनाएकाले करबिरे मसानले भेटेर बुढा बिरामी भए भन्ने बुढी कमिनीको विश्वास यस कथाको मध्य भाग हो । शनिवारका दिन बुढाकामीको घरमा एकोहोरो शङ्ख बजेको र गाउँबाट सीप र सह एकैचोटी गुम्ने भयो भन्ने भनाइबाट यस कथाको अन्त्य हुन्छ ।

## १९. एकतारे साधु

एकतारे वीणा बजाएर गाउँगाउँ घुम्ने लिम्बू साधुको सुमधुर सङ्गीतमय धुनलाई बिथोबेन आदिको धुनसँग दाँजिएको छ । गोपाल बारतेर वर्षको हुँदा एकतारे वीणा बजाएर हिँड्ने लिम्बू साधुले उसको मन मस्तिष्कमा सङ्गीतको शक्तिको बोध गराइसकेको घटना यस कथाको आदि भाग हो । आजभोलि एकतारे साधु घुम्ने ठाउँहरूमा बन्दुक बोकेका विद्रोहीहरू मात्र घुम्छन् । मादल, मुरली र अरू बाजागाजा लुप्तजस्तै छन् । एकतारे साधुको लौके वीणा, सुन्नेलाई मन्त्रमुग्ध पार्ने वीणा, आजभोलि पाखा, कन्दरा र चौताराहरूबाट हराइसकेको घटना यस कथाको मध्य भाग हो । जबजब गोपाल यी ठाउँहरूमा पुग्छ, उसको आँखा र मनले एकतारे जोगीको सामान्य कदको सादा व्यक्तित्व, उनको एकतारे वीणाभित्र लुकेको जादुमय वाणी र उनले गाउने गरेको सुरिलो भजन खोजिरहेको घटना यस कथाको अन्त्य भाग हो ।

## २०. ढाक्रे

तेरथुमको छथर फाक्चामार घर भएको कार्की जङ्गे ढाक्रे पहाडमा ढाकर बोकेर भरिया हुँदै परिवार पाल्नुपरेको वर्णन छ । जङ्गे भरियाले भारी खेप्न लागेको पच्चीस वर्ष भएको र जङ्गे सत्र वर्ष हुँदाखेरी ढाक्रेको जिन्दगी गुजार्दै आएको घटना कथाको आदि भाग हो । माझाघरे जेठाले यतिका वर्ष भारी बोकेर कति कमायौ भनेर जिस्क्याउँदा जङ्गेले पैसा त भरियाले कमायो पनि गुमायो पनि । तर

आफ्नो पसिनाको कमाइको स्वाद भरियाले जति कसैले थाहा पाउँदैन सर भन्ने वाक्य यस कथाको मध्य भाग हो । नुन लताकपडा, मट्टितेल र अत्यावश्यक सामानहरू गाउँगाउँमा ढाक्रे भरियाहरूले नै पुऱ्याउने भएकाले जङ्गेहरू नेपालको पहाडी अर्थतन्त्रका संवाहक हुन् भन्ने कथन यस कथाको अन्त्य भाग हो ।

### २१. भत्काइएको घर

धौले सुब्बाको पुरानो ठूलो घर रिन लागेर उनकै नाता पर्ने वनबहादुरलाई बिक्री गरेर लिइएको र वनबहादुरले सो घर भत्काउँदा लिम्बू संस्कृति नजिकैको मौलो, पुरानो लिम्बू संस्कृति र एउटा इतिहास नै घरायसी भएको दुख मनाउ गरिएको छ । धौले सुब्बाको पोहोर साल जेठी र परार साल माइली श्रीमतीको मृत्यु हुँदा काजकिरियाका लागि धौले सुब्बालाई वनबहादुरसँग निकै ऋण लिनु परेका कारण उनको पुरानो ठूलो घर वनबहादुरले हात पारेको घटना यस कथाको आदि भाग हो । मोराहाङको मात्रै नभएर वरिपरिका गाउँहरू र त्यो क्षेत्रकै शोभा बनेको सुब्बाको ठूलो घर, लिम्बू संस्कृतिको एउटा अङ्ग संरक्षण गरेको भए त्यो घर म्युजियम नै बन्न सक्थ्यो भन्ने कथन यस कथाको मध्य भाग हो । इतिहास, परम्परा र ऐतिहासिक विम्ब बोकेको धौलेको पुर्खाले बनाएको घर भत्काइएको सुन्नासाथ धौले सुब्बाको मृत्यु हुनु यस कथाको अन्त्य भाग हो ।

### २२. तीज

पाखाघरे बज्यैले तीजमा माइत आउन लागेका छोरीहरू उमा, उषाका लागि साडी किन्न र छोरा जनकलाललाई भने लुगाा होइन, पढ्नका लागि उज्यालो गराउने मट्टीतेल किन्न घरमा पालिएका खसीहरू बेच्नुपरेको अवस्थाको वर्णन यस कथामा गरिएको छ ।

पाखाघरे बज्यैले तीजको खर्चका लागि खरितेलाई दुईवटा खसी तिनतिन हजारमा बेचेकी थिइन यो कथाको आदि भाग हो । तीज आउनु एक हप्ताअगाडि नै छोरो जनकलाललाई लिएर धनकुटा बजार गर्न गएकी पाखाघरे बज्यैले दुइटी छोरीलाई एकएकवटा सारी, एकएकवटा चोलो र एकएकवटा पछ्यौरा किन्दा चार हजार पाँच सय सकिएको घटना कथाको मध्य भाग हो । तीज खर्चिलो र रसिलो भएकाले छोरीहरू फर्कने समयसम्ममा पाखाघरे बज्यैको दुईवटा खसी बेचेको पैसाले पुग्दैन र बाँकी रहेको एउटा खसी पनि अरू दुई हजारमा बेचेर कोसेलीपात हालेर छोरी बिदा गरेको घटना यस कथाको अन्त्य भाग हो ।

## २३. निरन्तर प्रेम

सँगै पढ्ने र म्याङलुङको शुक्रबारे हाट आदि मेलामा साथसाथै घुम्ने प्रेमिका बुधरानीलाई छाडेर ब्रिटिस सेनामा भर्ना भएको आइते तिन वर्षपछि घर फर्कन्छ । यी दुई बीच बिहेको तयारी हुँदाहुँदै पौडी खेल्ने क्रममा आइते खोरुङ्गा खोलामा डुबेर मर्छ । बुधरानीले पनि आत्माहत्या गर्छे । आइतबहादुरको चिहानसँगै बुधरानीको पनि चिहान बनाइन्छ ।

बुधरानीलाई छाडेर आठ कक्षा पढ्न थालेकै आइतबहादुर ब्रिटिस सेनाको लागि छानिएको सन्दर्भ यो कथाको आदि भाग हो । आइतबहादुर ब्रिटिश सेनामा गएको तिन वर्ष भइसकेपछि गाउँ फर्केको छ । आइते आएपछि आइते र बुधरानीको बिहे पनि हुने कुराले दुवै औधी खुसी छन् । म्याङलुङको शक्रबारे हाट भर्न र थरिथरिका पोजमा फोटा खिच्ने सुरमा आइते र बुधरानी म्याङलुङको टुँडीखेलतर्फ लाग्दछन् । खोरुङ्गा खोलाको मसान बाहिर निस्केको यो कथाको मध्य भाग हो । आइते मरेको एक महिनापछि बुधरानीले पनि झुन्डिएर आत्महत्या गरी र आइतेको चिहान भएकै ठाउँमा बुधरानीको इच्छाअनुसार चिहान बनाइन्छ । यो कथाको अन्त्य भाग हो ।

## २४. खाते

यस कथामा आमाबाबु बितेपछि काकाकाकीको अवहेलना खप्न नसकेर घर छोडेर हिँडेको प्रसङ्ग छ । गोविन्दका बाबु जङ्गलमा दाउरा काट्न जाँदा त्यहाँ निर्मित बारुदी सुरुङमा परेर मरेको र आमा निकै बिरामी थिइन र उपचार हुन् नसकेर मरेको घटना यस कथाको आदि भाग हो । आमाबाबुको मृत्युपछि काकाकाकीले गोविन्दलाई उनीहरूका घरमा लान्छन्, त्यहाँ काकीको कारणले गोविन्द बस्न सक्दैन । त्यहाँबाट भागेर एकजोडी दम्पतीसँग काठमाडौं आएको घटना कथाको मध्य भाग हो । दम्पतीको घरबाट पनि पढ्ने अवसर नपाएपछि ऊ घरबाहिर निस्कन थाल्छ र खाते केटाकेटीको सङ्गतमा पर्छ । खाते बरन्डामा बोरा ओढेर सुत्न थाल्नु कथाको अन्त्य भाग हो ।

## २५. अनिकालको बाँको

संखुवासभाको सेरोफेरोमा खडेरीले गर्दा उब्जनी नभएर गाउँलेले वनको बाँको (एक प्रकारको गिठा, केही बिषादी) खान बाध्य हुनु परेको वर्णन छ । यसरी गरिबी र अभावमा बाँचेका पूर्वी पहाडका धेरैजसो व्यक्तिको कष्टप्रद जीवनशैलीलाई सहज सम्प्रेष्य कथात्मक ढाँचामा व्यक्त गरिएको छ ।

खडेरीले गर्दा संखुवासभाको मादीमूलखर्क र उम्लिङजस्ता उब्जाउ ठाउँको अन्न र उम्लिङतिरका आलु र मकैले पनि वरिपरि गाउँको अनिकाल टार्ने छाँट नभएको घटना यस कथाको आदि भाग हो । उम्लिङका बारजना युवाहरू मुण्डाघरे काइँलालाई लिएर बाँको खोज्न तिनजुरे लेकतिर लागे र मुण्डाघरे काइँलाको निर्देशनमा बाँको धुने, टुक्र्याउने, ढिकीमा कुट्ने, बिस्कुन सुकाउने, सानासना डल्ला बनाउने अनि कसारजस्तो पिठो बाँकाको डल्ला वरिपरि राख्ने र पकाउने काम भयो । बाँको खानेका मुखवरिपरि केही घाउहरू उछिए, मान्छे मरेनन् भन्ने घटना यस कथाको मध्यभाग हो । मुण्डाघरे काइँलाको बाँकोको खोजी र प्रयोग धेरै वैज्ञानिक खोजी र प्रयोगभन्दा कम खतरनाक छैन । आफ्नो बाँको खोजी प्रयोगले गाउँलेहरूको जीवन बचाएकामा मुण्डाघरे काइँला दङ्ग भएको घटना यस कथाको अन्त्य भाग हो ।

## २६.रौनक नभएको दसैं

तिन वर्ष मलेसियामा बिताएर दसैं मनाउन गाउँमा फर्केको गङ्गारामले गाउँका धेरै युवा-युवती विदेशिएका, भएका पनि पार्टीमा विभाजित भएका र आफूले मन पराएर दसैंमा भित्र्याउने भनिए पनि रीतालाई पनि भुक्याएर विदेश पुऱ्याइएकी हुनाले त्यो दसैं रौनक नभएको हुन पुगेको छ ।

गङ्गाराम तिन वर्ष मलेशियामा बसेर यसपालिको दसैं मनाउन भनेर केही पैसा बचाएर, लिङ्गे पिङदेखि रोटे पिङसम्म खेल्ने, साथीसँग बसेर जाँडरक्सी र मासुचिउरा खाने र खुब रमाइलो गर्ने विचारमा गाउँ आएको घटना यस कथाको आदि भाग हो । गाउँका तन्नेरीहरू रोजगारी खोज्न विदेशिनु, माओवादी हिंसात्मक राजनीतिले गर्दा कतिपय आफन्त मित्रहरू विस्थापित हुनु, जातीय र सम्प्रदायिक असहिष्णुताले गर्दा कतिपयले दसैं बहिष्कार गर्नु र पुरानो सांस्कृतिक एकता र सौहार्द्रताका पर्खाल भत्किनुले गर्दा गङ्गारामको दसैंमा रौनक थप्न नसकेको घटना यस कथाको मध्य भाग हो । माओवादी जनयुद्धले गर्दा राज्यपक्ष र विद्रोही पक्ष भएर देशबासीहरू बाँडिदा धेरै गरिब भएको महसुस गर्नु कथाको अन्त्य भाग हो ।

## २७. विश्व भूमिगत भएछ

भोजपुरबाट आएर त्रिचन्द्र कलेजमा साइन्स पढ्दै गरेका विश्व पछि गाउँमा मास्टर भएको बखत माओवादी छापामार भई भूमिगत भएको वर्णनसँगै सशस्त्र द्वन्द्वको अवसानपछि माओवादी सत्तामा रहँदासमेत अङ्गभङ्ग भएको विश्वको बैसाखी टेकेर विना रोजगारी अपमानित जीवन बिताउनु परेको यथार्थ छ ।

विश्व भोजपुरको छिनामखुबाट त्रिचन्द्र कलेजमा आई.एस्सी. पढ्न आएको र पछि वामपन्थी नेताको पछि लागेर पढ्न छोडी गाउँकै एउटा स्कुलमा शिक्षक बनेर बसेको घटना यस कथाको आदि भाग हो । विश्व मास्टर भएर गाउँमा गएको तिनचार वर्षपछि छापामार भएर भूमिगत भएको घटना यस कथाको मध्य भाग हो ।

आन्दोलनको सिलसिलामा प्रहरीले फायरिङ गर्दा इटहरी चोकमा देब्रे घुँडामा गोली लागेको र कुनै विदेशी आई.एन.जी.ओ.ले उसलाई वैशाखी सित्तैमा दिएको तर भूमिगत जीवन र आन्दोलन गरेको विश्वलाई उसको पार्टीको सरकार आउँदाको बेला पनि सामान्य जीविकोपार्जन र औषधी उपचार नगरेको घटना यस कथाको अन्त्य भाग हो ।

## २८. ठूल्दिदीको लाली गाई

गाई, बाख्रा पालेर दुखजिलो गरी जीवन चलाउने एक्ली ठूल्दिदीले लाली गाईलाई मायाका साथ पालेकी हुन्छिन् । पोक्वी दमिनीले पनि बिहे नगर्दासम्म सेवा गरेकी हुन्छे । ठूल्दिदी काठमाडौँमा औषधी गर्न गएको समयमा पल्लाघरे जाँडे भाइद्वारा चोइटे तामाङलाई बेचिएकी लाली गाई लडेर थला पर्छे र ठूल्दिदीलाई हेरेपछि आँसु खसाल्दै प्राण छोड्छे ।

डाँडाबारीको घरमा बस्ने ठूल्दिदी अप्ठेरोमा परेका, लोग्नेले छाडेका, सहारा नभएका आइमाई वा केटीहरूको साहारा बनेकी र लालीगाईकी र पोक्चीकी आमा गएपछि ठूल्दिदी पनि बिरामी पर्न थालेको र काठमाडौँमा उपचार गर्न आउनुअगाडि लालीगाई पल्लाघरे भाइका घरमा पुऱ्याएकी, ठूल्दिदी काठमाडौँतिर लाग्नेबित्तिकै लाली बेचिदिएको घटना यस कथाको मध्य भाग हो । ठूल्दिदी काठमाडौँबाट आाएपछि लालीलाई हरियो घाँस, खोले र पानी लिएर हेर्न पुगेकी र लाली ठूल्दिदीलाई नै पर्खेर बसेको, ठूल्दिदीलाई देखेर आँसु खसालेको र प्राण त्याग गरेको घटना यस कथाको अन्त्य भाग हो ।

## ३०. त्रिशूल बाबा

यस कथामा भविष्यवक्ता त्रिशूल बाबाको सौम्य चरित्र र नियमित भिक्षाटनको वर्णन पाइन्छ । शिवरात्रीमा कल्पना आफ्ना दुईजना छोराछोरी र लोग्नेलाई लिएर पशुपति दर्शन गर्न गएकी थिई र कल्पनाको लोग्नेले नाङ्गाबाबाहरू हेर्न र छोराछोरीलाई देखाउन साधुहरू बस्ने अखडामा लिएर गएको घटना कथाको आदि भाग हो । त्रिशूलबाबा साबिकझैँ एक महिनाको अन्तरालमा अलख जगाउँदै आउँदा कल्पनाले साबिकझैँ नै सिदा दिई । कल्पनाले त्रिशूलबाबामा विगतको जस्तो आकर्षण नपाएको

घटना यस कथाको मध्य भाग हो । साधुको संसार भनेको स्वतन्त्रताको संसार होला । राम्रो शिक्षादीक्षा पाएको हृष्टपुष्ट शरीर भएको, राम्रो परिवारको त्रिशूलबाबा जस्तो मानिसले किन साधु जीवन रोज्यो ? कल्पनाले त्रिशूल बाबाजस्तै आफूलाई पनि बुढी भएको अनुभूति गर्नु यस कथाको अन्त्य भाग हो ।

### ३१. त्यै रक्सी झोलले गर्दा

जन्तरे भनिने भित्ताघरे कामी र उसमी स्वास्नी जन्तरीले गाउँमा कुटोकोदालो, हँसिया आदि बनाउने, अर्जाप्ने गरेको र हाटबजारबाट दुवैले टन्न रक्सी खाएर फर्कँदा स्वास्नीचाहिँले बाटामा भेटिने ठालुहरूलाई र लोग्नेलाई समेत गाली गर्दै भोलिपल्ट सद्दे भएपछि रक्सीको झोललाई दोष दिएको घटना यस कथामा चित्रित छ ।

जन्तरे कामी र जन्तरीको मुख्य पेसा भनेको फलामका हतियार वा औजार बनाउनु नै हो । खुकुरी, खुर्पा, हँसिया, कर्द, चुलेसी, बन्चरोजस्ता मानिसलाई दैनिक चाहिने खनजोतका औजारहरू बनाउनु, भुत्ते हतियार अर्जाप्नु यस कथाको आदि भाग हो । बिहान दस बजेदेखि दिउँसो तिनबजेसम्म जन्तरे कामी, जन्तरी कमिनी र दुईटी बुहारी म्याङलुङको शुक्रबारे हाटमा लगेर हप्ताभरि बनाएका हतियार र औजार बेच्नु र हप्तादिनलाई आरनमा चाहिने फलाम किन्नु यस कथाको मध्य भाग हो । हतियार बेच्ने काम सकिएपछि बेलुका जन्तरे र जन्तरीलाई जोगी चौताराको खुला पसलका रक्सी व्यापारी सुब्बिनीले अलिअलि रक्सी सित्तैमा दिन्छे । जन्तरे कामी रक्सीले मातिँदै गएपछि अलि कम बोल्छ तर जन्तरी भने रक्सीले मातिएपछि तथानाम गाली गर्दै हिँड्नु यस कथाको अन्त्य भाग हो ।

यसरी सूर्य सुवेदीका कथाहरू कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरूमा निम्नवर्गीय एवं मध्यमवर्गीय समाजमा देखापरेका विविध समस्याहरू र ती समस्याहरूलाई सहनु पर्ने परिस्थिति नै कथानक बनेका छन् । कथाकारले प्रस्तुत सङ्ग्रहमा कतै सामाजिक विकृति र विसङ्गतिको पीडा कतै कुसंस्कार र कुप्रवृत्तिका कारण मानसिक एवं शारीरिक रूपमा सहनुपरेका दुखद स्थिति र कतै आर्थिक दुखका कारण सिर्जित अभावजन्य अवस्थालाई कथानकका रूपमा प्रस्तुत गरेका छन् । यस कथा सङ्ग्रहमा राजनीतिक विषयवस्तुलाई पनि समावेश गरिएको छ । समाजका यथार्थ घटना र चरित्रलाई नै विषयवस्तु बनाइएको देखिन्छ । कथाकारले आफूले देखे भोगेका र अनुभव गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय घटनाहरूलाई नै कथाको रूप दिएका छन् ।

कथात्मकता भन्दा वर्णनात्मकता बढी भएका कतिपय यस सङ्ग्रहका कथाहरूमा घटनाहरू क्रमिक रूपमा नआएका हुँदा कथाको आदि, मध्य र अन्त्य स्पष्ट छैन ।

### ४.३.२ पात्रविधानका आधारमा 'सूर्य सुवेदीका कथा'को विश्लेषण

**सूर्य सुवेदीका कथाहरू** कथा सङ्ग्रहमा विभिन्न प्रकारका विशेषता बोकेका पात्रहरूको सहभागिता रहेको छ । यिनका कथामा मध्यमवर्गीयदेखि निम्नवर्गीयसम्मका विभिन्न तह र वर्गका पात्रहरूको उपस्थिति पाइन्छ । यिनका कथाका पात्रहरू जिम्वालदेखि लिएर हाकिम कारिन्दा, प्राध्यापक, शिक्षक, सैनिक, किसान, मजदुर र व्यापारी, झाँक्री, भरिया, साधु, आदि विभिन्न पेसाका व्यक्तिहरू छन् । सामन्ती, शोषित, स्वार्थी, दलाल, सङ्कीर्ण, इमानदार, बेइमान, कर्मयोगी, कर्महीन, नैतिक, अनैतिक आदि विभिन्न पात्रहरूको सहभागिता यस सङ्ग्रहमा पाइन्छ । यस कथा सङ्ग्रहमा मानवका साथै मानवेत्तर पात्रलाई पनि समावेश गरिएको छ ।

**थाप्लामा नाम्लाको भञ्ज्याङ**

'थाप्लामा नाम्लाको भञ्ज्याङ' कथामा भुन्टे, सुन्तली, टुल्की, सन्ते, भुन्टेको बाबु, भुन्टेकी आमा, भुन्टेकी श्रीमती, साइँला सुब्बा, दुर्गे, कुले, रिट्ठे, लाले, भुन्टेको भाइ जस्ता पात्रहरू रहेका छन् । यस कथामा भुन्टे मुख्य पात्रको रूपमा आएको छ भने सुन्तली, टुल्की, सन्ते, भुन्टेको बाबु, भुन्टेकी आमा, भुन्टेकी श्रीमती, साइँला सुब्बा, सहायक पात्रका रूपमा आएका छन् । यसैगरी दुर्गे, कुले, रिट्ठे, लाले, भुन्टेको भाइ गौण पात्रका रूपमा आएका छन् । भुन्टे, सन्ते, भुन्टेको बाबु, साइँला सुब्बा, दुर्गे, कुले, रिट्ठे, लाले, भुन्टेको भाइ, पुरुष पात्र हुन् भने सुन्तली, टुल्की, भुन्टेकी आमा, भुन्टेकी श्रीमती नारी पात्र हुन् । भुन्टे मेहनती, इमान्दार, लगनशील एवं स्थिर पात्र हो । आर्थिक अभावका कारण आफ्नो घरपरिवार, देश छोडेर विदेसिने नेपाली युवावर्गको प्रतिनिधित्व भुन्टेले गरेको छ ।

**भित्तामा टाँगिएका फोटा**

यस कथामा बाजाहाङ, लासाहाङ, गजाहाङ, हुलाकी साइँला बाजे, आमा बधुरानी, भाइबैनी, इष्टमित्रहरू, धाननाच नाच्ने तरुनीहरू, बालसखाहरू, छिमेकीहरूजस्ता पात्रहरू रहेका छन् । यस कथामा गजाहाङ मुख्य पात्रको रूपमा आएको छ भने बाजाहाङ, बाजे लासाहाङ, हुलाकी साइँला बाजे, आमा बधुरानी सहायक पात्रका रूपमा आएका छन् । भाइबैनी, इष्टमित्र, तरुनीहरू, बालसखाहरू यस कथाका गौण पात्र हुन् । गजाहाङ आफ्नो मुलुकमा रोगगारी नपाएर पराइभूमिको सीमा रक्षा गर्ने वीर नेपालीको प्रतिनिधित्व गर्ने स्थिर पात्र हो । गजाहाङ तलब र पेन्सन अनि मरोणपरान्त पाएको तक्मासँग रगत साट्ने अनुकूल पात्र हो ।

## ब्ल्याकी आइमाई

यस कथामा सुभासिनी, गस्तीका सिपाही, सुभासिनीकी आमा, भाइ, खरदार, हवल्दार, छिमेकी काकी, सुभासिनीको छोरोजस्ता पात्रहरू रहेका छन् । यस कथामा ब्ल्याकी आइमाई (सुभासिनी) र हवल्दार मुख्य पात्रका रूपमा आएका छन् भने गस्तीका सिपाही, आमा, भाइ, खरदार, छिमेकी काकी, छोरो गौण पात्रका रूपमा आएका छन् । यस कथाकी ब्ल्याकी आइमाई प्रशासनिक क्षेत्रमा बसेका कर्मचारीहरूलाई आफ्नो बसमा पारेर राजस्व ठगी गर्ने प्रतिकूल स्थिर नारी पात्र हो ।

## दाइजो

यस कथामा दाहाल्नी बज्यै, दाहाल बाजे, कालीप्रसाद, निर्मला, दाहाल्नी बज्यैका छोरीहरू, शिक्षकहरू, वकील जस्ता पात्रहरू रहेका छन् । यस कथामा दाहाल्नी बज्यै, दाहाल बाजे, कालीप्रसाद र निर्मला मुख्य पात्रका रूपमा आएका छन् भने दाहाल्नी बज्यैका छोरीहरू, शिक्षकहरू, वकिल गौण पात्रका रूपमा आएका छन् । दाहाल्नी बज्यै दाइजो प्रथालाई बढावा दिने खालकी नारी पात्र हुन् भने दाहाल बाजे दाइजो प्रथा हटाउन प्रोत्साहन गर्ने पुरुष पात्र हुन् । कालीप्रसाद सम्पन्न परिवारमा जन्मिएको अल्लारे ठिटोको रूपमा चिनिन आउँछ भने निर्मला गाउँका नारीहरू मध्येकी मेहनेती र लगनशील नारी पात्रका रूपमा चित्रित छे । दाहाल्नी बज्यै र कालीप्रसाद गतिशील पात्र हुन् भने दाहाल बाजे र निर्मला स्थिर पात्र हुन् ।

## देउराली

यस कथामा भैरव, गौँथली, बटुवाहरू, चरीबहादुर, रिजाल साहुजस्ता पात्रहरू रहेका छन् । भैरव, बटुवाहरू, चरीबहादुर, रिजाल साहु पुरुष पात्र हुन् भने गौँथली स्त्री पात्र हो । भैरव र गौँथली यस कथाका मुख्य पात्र हुन् । बटुवाहरू, चरीबहादुर, रिजाल साहु गौण पात्र हुन् । भैरव विधवा विवाहलाई प्रोत्साहन गर्ने एक अनुकूल स्थिर पात्र हो भने गौँथली पनि भैरवलाई साथ दिएर अगाडि बढ्न सक्ने हिम्मत भएकी अनुकूल नारी पात्र हो ।

## ढोयो

यस कथामा विर्खबहादुर, विर्खेका बाबु (पाखाघरे अन्तरे), विर्खेकी सौतेनी आमा, विर्खेका दिदीहरू, विर्खेकी श्रीमती, विर्खेको छोरो, विर्खेका साथी हर्कप्रसाद, सुबेदार बा, विर्खेका अरू साथीहरू, सुबेदार्नी आमै, सुबेदारका छोरा बुहारीजस्ता पात्रहरू रहेका छन् । विर्खबहादुर यस कथाको प्रमुख पात्र

हो भने विर्खेका बाबु, सौतेनी आमा, श्रीमती, विर्खेको साथी हर्कप्रसाद, सुबेदार बा, सुवेदार्नी आमै, विर्खेका अरू साथीहरू सहायक पात्र हुन् । विर्खेका दिदीहरू, सुबेदारका छोराबुहारी, विर्खेको छोरो गौण पात्र हुन् । विर्खे मीठो बोल्ने र सहयोगी स्वभाव भएको मेहनती र अनुकूल स्थिर पात्र हो ।

**मगन्ते**

यस कथामा मगन्ते, जेठा साहु, गृहिणीहरू, बासिन्दाहरू, गँजडीहरूजस्ता पात्रहरू रहेका छन् । मगन्ते यस कथाको प्रमुख पात्र हो । जेठा साहु, गृहिणीहरू, बासिन्दाहरू, गँजडीहरू गौण पात्र हुन् । मगन्ते संयमित र लोभ पापरहित भद्र मगन्तेको प्रतिनिधित्व गर्ने स्थिर पात्र हो ।

**रतेली**

यस कथामा पाटीघरे जेठा, पाटीघरे जेठाको छोरा राजु, पाटीघर्नी जेठी, खवतर्नी ठूली, तल्लाघरे राम्री, गदाल्नी कान्छी, राधा, चम्पा, गीता, सञ्जे, पाखाघरे श्यामे, जन्तरे कामी, भँडार्नी आमैजस्ता पात्रहरू रहेका छन् । यस कथामा पाटीघरे जेठा र पाटीघर्नी जेठी प्रमुख पात्र हुन् भने खवतर्नी ठूली, तल्लाघरे राम्री, गदाल्नी कान्छी, राधा, चम्पा, गीता, सञ्जे सहायक पात्र हुन् । श्यामे, जन्तरे कामी, भँडार्नी, राजु गौण पात्र हुन् । पाटीघरे जेठा, राजु, श्यामे, जन्तरे कामी, पुरुष पात्र हुन् । पाटीघर्नी जेठी खानदानी पन र तुजुक देखाउने छोराको बिहेमा खुसी हुने आमाको रूपमा देखिएकी छिन् । उनी स्थिर र अनुकूल पात्र हुन् ।

**निसान**

यस कथामा रिजाल बुढा (सोह्रमाने साहु) तारिक दिने कर्मचारी, रिजाल बुढाका भतिजाहरू रूपलाल र श्यामकान्त, सोह्रमाने बुढाकी श्रीमती, सोह्रमाने बुढाको छोरा, डिट्ठा, विचारी, पाले, न्यायधीशजस्ता पात्र छन् । यस कथामा रिजाल बुढा, रूपलाल र श्यामकान्त प्रमुख पात्र हुन् । तारिक दिने कर्मचारी, बुढाकी श्रीमती, बुढाको छोरा गौण पात्र हुन् । रिजाल बुढा एक सच्चा इमान्दार आफ्नो अन्तिम अवस्थासम्म पनि निसाफ माग्ने बुढा अनुकूल स्थिर पात्र हुन् भने रूपलाल र श्यामकान्त अरूलाई दुख दिने, घुस दिएर कर्मचारी किन्ने प्रतिकूल पुरुष पात्र हुन् ।

**बौलाही मन्जु**

यस कथामा मन्जु, मन्जुको देवर, देउरानी, जेठाजु, जेठानी, छोरा बुहारी जस्ता पात्र रहेका छन् । मन्जु यस कथाकी प्रमुख स्त्री पात्र हो । देवर, देउरानी, जेठाजु, जेठानी, छोरा बुहारी गौण पात्र हुन् । विवाहित मन्जु एक स्थिर नारी पात्र हो ।

**श्याम फर्केला त ?**

यस कथामा बालीघरे साइँला, श्यामबहादुर, श्यामका दौतरी, बन्दुक बोकेका युवायुवती, श्यामकी आमा, श्यामको बाबु, श्यामकी बहिनीजस्ता पात्रहरू रहेका छन् । श्यामबहादुर यस कथाको प्रमुख पुरुष पात्र हो । श्यामले जनयुद्धको समयमा बन्दुक बोकेको युवायुवतीले निर्दोष युवायुवतीलाई वा बालबालिकालाई अपहरण गरेर जवर्रजस्ती विना ज्याला काम गर्न लगेको युवा प्रतिनिधित्व गर्दछ । श्यामले सरकार र माओवादी शान्ति सम्झौता गरे पनि बेपत्ता भएका नेपालीको प्रतिनिधित्व गरेको छ । श्याम एक मेहनेती र सिपालु स्थिर पात्र हो ।

**रिठ्ठे झाँक्री**

रिठ्ठे झाँक्री, चरे खत्री, गाउँले आइमाइ, बुढाथोकी, मुखिया, मुखिनी बुढी, रत्नमान (मुखियाको छोरो), मास्टर, मलामीहरू यस कथाका पात्रहरू हुन् । रिठ्ठे यस कथाको मुख्य पुरुष पात्र हो भने चरे, मुखिनी बुढी, रत्नमान, मास्टर सहायक पात्र हुन् । गाउँले आइमाई, मुखिया, मलामीहरू गौण पात्र हुन् । रिठ्ठे सोझा साझा गाउँलेहरूको आँखामा धुलो हालेर झाँक्री बसेर शिकारी मन्छाउने, बोक्सी तर्काउने, भूतप्रेत र डाइनी मन्छाउने, मोच मार्ने र मसान भगाउने भनी आफ्नो पेट पाल्ने प्रतिकूल चरित्रको पात्र हो । ऊ कुसंस्कार र अन्धविश्वासलाई बढुवा दिने स्थिर पात्र हो । चरे खत्री रिठ्ठे झाँक्रीको धुपौरे रिठ्ठे झाँक्रीको बढाइचढाइ गर्ने प्रतिकूल पात्र हो ।

**अमेरिकाका छोरा बुहारी**

यस कथामा भीमप्रसाद, विर्खबहादुर, जेठो छोरा जयप्रसाद, माइलो छोरा, साइँलो छोरा, कान्छो छोरा, तिन बुहारीहरू, कान्छीबुहारीजस्ता पात्रहरू रहेका छन् । भीमप्रसाद यस कथाका प्रमुख पुरुष पात्र हुन् भने जेठो छोरा बुहारी, कान्छो छोरा बुहारी, विर्खबहादुर यस कथामा सहायक पात्र हुन् । माइलो छोरा, साइँलो छोरा बुहारी यस कथाका गौण पात्र हुन् । भीमप्रसाद परिवारका सदस्यहरूको

विखण्डनबाट सिर्जित सामाजिक समस्याको सिकार बनेका पात्र हुन् । उनी एक सच्चा, इमान्दार, मेहनेती अनुकूल र स्थिर पात्र हुन् । कान्छाछोरा बुहारीचाहिँ आज्ञाकारी तथा संस्कारी पात्र हुन् ।

**रमितेपाखा, रानीवन र सानीबज्यै**

यस कथामा सानीबज्यै, खजाञ्चे, लगने खत्री, गाउँलेहरू, गणेशप्रसाद रिमाल ( सानीबज्यैको श्रीमान्), धनेश्वर (सानीबज्यैको जेठो छोरा), सानी बज्यैका बुहारी, भतिजा भतिजी, लाउकेहरू, राजा, प्रधानमन्त्री, बडाहाकिम, प्रधान न्यायधीश, खजाञ्चे र लगनेका नातिनातिनाहरू, सानीबज्यैका नाति, पनातिहरू जस्ता पात्रहरू रहेका छन् । सानी बज्यै, सानी बज्यैकी बुहारी स्त्री पात्र हुन् भने खजाञ्चे, लगने, गणेशप्रसाद, धनेश्वर, भतिजा, लाउकेहरू अन्य सबै पुरुष पात्र हुन् । यस कथाको मुख्य पात्रका रूपमा सानी बज्यै, खजाञ्चे, लगने रहेका छन् भने धनेश्वर, सानी बज्यैका बुहारी, भतिजा, भतिजी, टाउकेहरू, राजा, प्रधान न्यायधीश सहायक पात्र हुन् । सानी बज्यै हिम्मत, स्वाभिमान, निडरपन भएकी स्त्री पात्र हुन् । सानी बज्यै धार्मिक र सामाजिक चेतनाले निकै जागरुक अनकूल र स्थिर पात्र हुन् भने लगने र खजाञ्चे अरूलाई थिचोमिचो गर्ने र रबाफ देखाउने प्रतिकूल र गतिशील पात्र हुन् ।

**हेडसर**

यस कथामा हेडसर (ठूले सर), शिक्षकहरू, खर्दानी बज्यै, गाउँलेहरू, खर्दार बाजे, हेडसरका भाइहरू, हेडसरका छोराछोरी, श्रीमती, बुबाआमाजस्ता पात्रहरू रहेका छन् । यस कथाको मुख्य पात्रको रूपमा ठूले सर रहेका छन् भने खर्दानी बज्यै, गाउँलेहरू, शिक्षकहरू सहायक पात्र हुन् । हेडसरका बाबुआमा, भाइहरू, श्रीमती, छोराछोरी, खर्दार बाजे गौण पात्र हुन् । हेडसर एक हँसिलो, आँटिलो, पौरखी र सामाजिक मानिस हुन् । ठूले सर आफ्नो परिवारलाई ध्यान नदिई सामाजिक कार्यमा लाग्ने अनकूल र स्थिर पात्र हुन् ।

**खेतालो**

खेतालो कथामा सगुने भुजेल, टाहारघरे मुखिया, चिरविरी, अन्तरी, म्याउची, टुल्की, नेप्टी, काली, हर्की, हली, बाउसे, वयाडे जस्ता पात्रहरू रहेका छन् । यस कथाको मुख्य पात्र सगुने भुजेल हो भने चिरबिरी, अन्तरी, म्याउची, टुल्की, नेप्टी, काली, हर्की सहायक पात्र हुन् । मुखिया, बाउसे, बियाडे

गौण पात्र हुन् । सगुने भुजेल बलियो बाङ्गो, हट्टाकट्टा, बाइसतेइस वर्षको युवक हो । सगुने लायकको, मसिनो बोली भएको इमानी र हँसिलो, मेहनेती खेतालो हो । सगुने अनुकूल र स्थिर पात्र हो ।

**पुतली नाच**

यस कथामा कुसुले, बालबालिका, केटाकेटी, महिला, पुरुष, बुट्टबुट्टा ओडारघरे बुढा, नरबहादुर, हिमकला, शिक्षक, शिक्षिका, अरू, कर्मचारी पाले, अभिमाने, गिट्ठे, झुमा, पन्नाजस्ता पात्रहरू रहेका छन् । यस कथामा कुसुले नरबहादुर, हिमकला, काले मुख्य पात्र हुन् भने शिक्षक, शिक्षिका, अभिमाने, गिट्ठे, झुमा, पन्ना गौण पात्र हुन् । कुसुले निकै फरासिलो र उसको पुतली नाचबाट अरूलाई पुतली नचाउने र अरूबाट पुतली झैँ नाच्ने सबै पक्षको प्रतिनिधित्व गर्ने पात्र हो । राजनीति र प्रशासनिक क्षेत्रमा हुने पुतली नाचको उजागर गर्ने पात्रको रूपमा नरबहादुर र हिमकलाको चरित्र देखापरेको छ । केटाकेटीको समूहमा पनि अरूभन्दा अलि ठूला बालकलेसमेत आफूभन्दा साना केटाकेटीलाई पुतली नाच नचाउँछ भन्ने पात्रका रूपमा काले देखापरेको छ ।

**आरन**

यस कथामा बुढा कामी, जेठो छोरा, माइलो छोरा, साइँलो छोरा, जन्तरे छोरा, बुढी कमिनी, दुईजना बुहारीहरू, विष्टहरू, झाँक्रीजस्ता पात्रहरू रहेका छन् । यस कथामा बुढा कामी, छोराहरू, झाँक्री पुरुष पात्र हुन् भने बुढी कमिनी र बुहारीहरू महिला पात्र हुन् । यस कथामा बुढा कामी र कमिनी प्रमुख पात्र हुन् र छोरा बुहारी सहायक पात्र हुन् । विष्टहरू र झाँक्री गौण पात्र हुन् ।

**एकतारे साधु**

यस कथामा साधु, गोपाल, केटाकेटी, बुढाबुढी जस्ता पात्रहरू रहेका छन् । साधु यस कथाको मुख्य पात्र हो भने गोपाल सहायक पात्र हो । केटाकेटी, बुढाबुढी गौण पात्र हुन् । साधु सङ्गीतमा विस्मिल्ला खाँको सनाई र उस्ताद गोविन्दलाल नेपाली, नातिकाजी र अम्बर गुरुङका सङ्गीतमा भन्दा बढी जादु फेला पर्ने पात्र हुन् ।

**ठाक्रे**

यस कथामा जङ्गे, विर्जमान लिम्बू, माझघरे जेठा, माइला बाजेजस्ता पात्रहरू समावेश भएका छन् । यस कथाको मुख्य पात्र जङ्गे हो । माझघरे जेठा यस कथाको सहायक पात्र हुन् भने विर्जमान लिम्बू, माइला बाजे गौण पात्र हुन् । जङ्गे नेपालको पहाडी अर्थतन्त्र संवाहकको प्रतिनिधि गर्ने अनुकूल र स्थिर पात्र हो ।

**भत्काइएको घर**

यस कथामा धौले सुब्बा, धौलेका बाबु, धौलेका काका, भाइहरू धौलेका तिनवटी श्रीमती, छोराछोरी, बनबहादुर, तिसजना कुल्लीहरू, गाउँलेहरू जस्ता पात्रहरू रहेका छन् । धौले सुब्बा र बनबहादुर यस कथाका प्रमुख पुरुष पात्र हुन् । धौलेका बाबु, धौलेका काका, भाइहरू, श्रीमती, छोराछोरी, गौण पात्र हुन् । धौले सुब्बाले गाउँठाउँका चिनिएका सुब्बा दर्जाका सामन्तको प्रतिनिधित्व गरेका छन् । बनबहादुर अढाई सय वर्षको इतिहास समाप्त पार्ने प्रतिकूल चरित्रको पात्र हो । बनबहादुर एउटा लामो कालखण्ड र सामन्ती परम्पराको खम्बा ओखल्ने र ढाल्ने मानिस हो । उसको चरित्र स्थिर खालको रहेको छ ।

**तीज**

यस कथामा मुख्य नारी पात्रकी रूपमा पाखाघरे बज्यै देखा परेकी छिन् । कथामा पाखाघरे बज्यै, बज्यैका श्रीमान्, दुइटी छोरीहरू (उषा, उमा), जनकलाल (बज्यैको छोरा), ज्वाइँहरू, गुरुहरू, साथीहरू जस्ता पात्रहरू रहेका छन् । जनकलाल यस कथाको सहायक पात्र हो भने छोरीहरू र ज्वाइँहरू, साथीहरू, गुरुहरू गौण पात्र हुन् । पाखाघरे बज्यै आफ्ना सन्तानको लागि आफूले सकेको गर्ने, तीज मान्न आएका आफ्ना सन्तानको लागि आफूले सकेको गर्ने, तीज मान्न आएका छोरीहरूलाई सकेको खुवाएर वा दिएर पर्व मनाउने आमा हुन् भने छोराको भविष्य उज्यालो पार्न पनि सजक नारी पात्र हुन् । जनकलाल राम्रो लाउने र मिठो खानेभन्दा पनि राम्रो पढ्ने र रहर भएको अनुकूल र स्थिर पात्र हो ।

**निरन्तर प्रेम**

यस कथामा बधुरानी, आइतबहादुर, आइतेका साथीहरू, बधुरानीका बाबुआमा, दिदीबहिनीहरू, वटुवा, छेउघरे जेठा, माझाघरे काइँला, माथिल्लाघरे माइला, गोठाला, हली, जलहारी जस्ता पात्रहरू

रहेका छन् । बधुरानी र आइतबहादुर यस कथाका मुख्य पात्र हुन् भने आइतेका साथीहरू जेठा, काइँला, माइला, गोठाला, हली, जलहारी, सहायक पात्र हुन् । आइते र बधुरानी एक सच्चा प्रेमी प्रेमिकाका रूपमा चित्रित छन् ।

**खाते**

यस कथामा गोविन्द, गोविन्दका बाबुआमा, तल्लाघरे काका, डाँडाघरे जेठा, गैह्रीघरे कान्छा, छिमेकीहरू, गोविन्दका काकाकाकी, काकाका छोराछोरी, मालिक, मालिक्नी, मालिकका छोराछोरी, खाते केटाकेटी, कुइरे, नेपाली आइमाई, नेपाली लोग्ने मान्छे जस्ता पात्रहरू रहेका छन् । गोविन्द यस कथाको प्रमुख पात्र हो भने गोविन्दका काकाकाकी, मालिक मालिक्नी, खाते केटाकेटी, कुइरे, नेपाली आइमाई, नेपाली लोग्ने मान्छे सहायक पात्र हुन् । गोविन्दका बाबुआमा, तल्लाघरे काका, डाँडाघरे जेठा, गैह्रीघरे कान्छा, छिमेकीहरू, काकाका छोराछोरी, मालिकका छोराछोरी यस कथाका गौण पात्र हुन् । गोविन्द आमाबाबु नभएर विभिन्न कारणले गर्दा खाते जीवन बाँच्न विवश केटाकेटीको प्रतिनिधित्व गर्ने पात्र हो ।

**अनिकालको बाँको**

यस कथामा मुण्डाघरे काइला, बाटाघरे काइलो, गोठालाहरू, युवाहरू, गाउँलेहरू जस्ता पात्रहरू रहेका छन् । मुण्डाघरे काइला यस कथाको प्रमुख पात्र हो भने गोठालाहरू सहायक पात्र हुन् । बाटाघरे काइलो गौण पात्र हुन् । गाउँलेहरू खडेरीले गर्दा अनिकाल भोग्न बाध्य भएका पात्रको रूपमा चित्रित छन् ।

**रौनक नभएको दसैं**

यस कथामा गंगाराम, डाँडाघरे बाबै, बाबैका सातभाइ छोरा बुहारीहरू, पाँच बैनी छोरी र ज्वाइँहरू, नातिनातिना, भान्जाभान्जी, छेउघरे मास्टर, युवाहरू, रीता, गीताजस्ता पात्रहरू रहेका छन् । गंगाराम यस कथाको प्रमुख पुरुष पात्र हो भने डाँडाघरे बाबै, युवाहरू, रीता, गीता, छेउघरे मास्टरजस्ता पात्रहरू गौण पात्रका रूपमा रहेका छन् । गंगाराम विदेशबाट घर दसैं मनाउन आएको स्थिर र अनुकूल पात्र हो ।

**विश्व भूमिगत भएछ**

यस कथामा विश्व, म, विश्वका बुबा कृष्णनारायण, वकिलसाहेब, विद्यार्थी, प्रहरी, केटाकेटीजस्ता पात्रहरू रहेका छन् । विश्व यस कथाको प्रमुख पुरुष पात्र हो भने म सहायक पात्र हो । वकिलसाहेब, विद्यार्थी, केटाकेटी गौण पात्र हुन् । विश्व बीचैमा पढाइ छोडेर लामो भूमिगत जीवन बिताएर आन्दोलन गरेको अनुकूल र गतिशील पात्र हो ।

**ठूल्दिदीको लालीगाई**

यस कथामा ठूल्दिदी, लालीगाई, पोक्ची, जन्तरे दमाइँ, ठूल्दिदीको भाइ, पल्लाघरे भाइ, चोइटे तामाङजस्ता पात्रहरू रहेका छन् । ठूल्दिदी यस कथाकी प्रमुख नारी पात्र हो भने पोक्ची सहायक नारी पात्र हो । यस कथामा लालीगाई प्रमुख मानवेत्तर पात्रको रूपमा आएको छ । चोइटे तामाङ, जन्तरे दमाइँ, ठूल्दिदीको भाइ गौण पात्र हुन् । पल्लाघरे भाइ यस कथाको प्रतिकूल र गतिशील पात्र हो । ठूल्दिदी सहारा नपाएका वा अभर परेका आइमाइहरूको मद्दत गर्ने एक समाजसेवी नारी पात्रका रूपमा देखापरेकी छिन् ।

**त्रिशूल बाबा**

कल्पना, त्रिशूल बाबा, शङ्करमान साहु, युवा विद्यार्थीहरू, भारदारहरू, कल्पनाका छोराछोरी, लोग्ने, कुइरे, कुइरिनी, युवायुवतीजस्ता पात्रहरू रहेका छन् । त्रिशूल बाबा यस कथाको मुख्य पुरुष पात्र हो भने कल्पना सहायक नारी पात्र हो । शङ्करमान साहु, युवा विद्यार्थीहरू, भारदारहरू, कल्पनाका छोराछोरी, लोग्ने, कुइरे, कुइरेनी गौण पात्र हुन् । कल्पना यस कथाको गतिशील तथा अनुकूल चरित्रको पात्र हो ।

**त्यै रक्सी झोलले गर्दा**

यस कथामा जन्तरे कामी, जन्तरी कमिनी, छोरा, बुहारी, नाति, नातिनी, सुब्बिनीजस्ता पात्रहरू रहेका छन् । जन्तरे कामी र जन्तरी कमिनी यस कथाका मुख्य पात्र हुन् । छोरा बुहारी यस कथाका सहायक पात्र हुन् । जन्तरे कामी सीप र जन्तरी शील स्वभावका प्रतिमूर्ति हुन् । उनीहरू स्थिर चरित्रका पात्र हुन् ।

### ४.३.३ परिवेशका आधारमा 'सूर्य सुवेदीका कथा'को विश्लेषण

**सूर्य सुवेदीका कथाहरू** कथा सङ्ग्रहका कथाहरूका सहभागीहरूको मुख्य कार्यस्थल पूर्वी नेपालको पहाडी क्षेत्रमा ग्रामीण एवं नगर क्षेत्र रहेको छ । यस सङ्ग्रहका अधिकांश कथाहरू कोसी अञ्चलको तेरथुम जिल्लाकै सेरोफेरोमा घुमेका छन् भने *बौलाही मञ्जु*जस्ता एकाध कथाहरू काठमाडौँ जिल्लाकै परिवेशसम्म पुगेका छन् । विशेषगरी तेरथुम, ताप्लेजुङ, धरान, धनकुटा, सोलु, भोजपुर, ओखलढुङ्गाको जनवीवन प्रकृति पर्यावरणको वर्णन कथामा अत्यन्त कलात्मक ढङ्गले भएको छ । विदेशी स्थानमा अमेरिका, बेलायत र मलायाको सेरोफेरो नै मुख्य रहेको छ । कथाको परिवेश पूर्वी नेपालको रहेको छ भने त्यही सेरोफेरोका गाउँका नामहरू र पात्रका कामहरू पनि सोही भौगोलिक क्षेत्रअनुसार रहेका छन् । यस कथा सङ्ग्रहका कुनै कथामा समयको स्पष्ट उल्लेख भएको पाइन्छ भने कुनैमा पाइँदैन । वि.सं. २०६२/०६३ को जनआन्दोलनको समायवधिको प्रष्ट उल्लेख भएको पाइन्छ । वि.सं. २०६० पछिकै कथाहरू यो सङ्ग्रहमा सङ्गृहीत छन् । यस सङ्ग्रहमा सङ्कलित कथाहरूमध्ये *थाप्लामा नाम्लाको भञ्ज्याङ, होचो, मगन्ते, खेतालो, अनिकालको बाँको* कथाले पूर्वी पहाडका धेरैजसो मानिसका दयनीय अवस्थालाई प्रस्तुत गरेका छन् । आर्थिक विपन्नता, सामाजिक पछ्यौटेपन र बौद्धिक दरिद्रताका मार्मिक चित्रण यिनका कथामा पाइन्छन् । यस सङ्ग्रहमा केही कथा दुखद र केही कथा सुखद रहेका छन् ।

**थाप्लामा नाम्लाको भञ्ज्याङ**

'थाप्लामा नाम्लाको भञ्ज्याङ' कथामा मुख्य कार्यस्थल गाउँ रहेको देखिन्छ । यस कथामा रानीवनको जङ्गल, खमारे चौतारो, धरान, परदेशको पनि उल्लेख गरिएको छ । यस कथामा टाउकामा नाम्लाको डाम पर्ने गरी भारी खेपिरहने भुन्टेको लाहुर जाने धोकोको उल्लेख गरेको पाइन्छ ।

प्रस्तुत कथामा कुनै निश्चित साल, तिथि, मिति उल्लेख नगरिएको हुनाले यो कथा जुनसुकै समायवधिको हुन सक्ने देखिन्छ । सुरुमा कथा दुखद जस्तो देखिए पनि यस कथाको वातावरण सुखद नै रहेको छ ।

**भित्तामा टाँगिएका फोटा**

'भित्तामा टाँगिएका फोटा' कथामा मुख्य कार्यस्थल गाउँ रहेको देखिन्छ। यस कथामा मलेसिया, धरानको पनि उल्लेख पाइन्छ। यसमा आफ्नो मुलुकमा रोजगारी नपाएर पराई भूमिको सीमा रक्षा गर्दा वीरगति प्राप्त गरेको घटनाको उल्लेख गरिएको छ।

प्रस्तुत कथामा द्वितीय विश्वयुद्ध र मितिको पनि उल्लेख गरेको देखिन्छ। सुरुमा कथा सुखद देखिए पनि यस कथाको वातावरण अन्त्यमा दुखद रहेको छ। कारुणिक वातावरणमा भिजेको छ।

**ब्ल्याकी आइमाइ**

'ब्ल्याकी आइमाई' कथामा मुख्य कार्यस्थल सहर रहेको देखिन्छ। यस कथामा पशुपतिनगर, भारत, सुकिया पोखरीको उल्लेख गरिएको छ। यस कथामा काठमाडौँ, दार्जिलिङको पनि उल्लेख गरिएको छ। यसमा भन्सारको विकृतिलाई दर्साउने काम भएको छ।

प्रस्तुत कथामा कुनै निश्चित साल, तिथि, मिति उल्लेख नगरिएको हुनाले यो कथा जुनसुकै समयावधिको हुन सक्ने देखिन्छ। यस कथाको वातावरण सुखद नै रहेको देखिन्छ।

**दाइजो**

'दाइजो' कथामा मुख्य कार्यस्थल गाउँ रहेको देखिन्छ। यस कथामा पिगुंवा खोला र खोरुङ्गा खोलाको पनि चित्रण पाइन्छ। यस कथामा धरानको पनि उल्लेख गरिएको छ। यसमा ग्रामीण नेपाली जनजीवनमा प्रचलित दाइजोप्रथा र विवाहजस्ता सांस्कृतिक पक्षको पनि उल्लेख पाइन्छ।

प्रस्तुत कथामा कुनै निश्चित साल, तिथि, मिति उल्लेख नगरिएको हुनाले यो कथा जुनसुकै समयावधिको हुन सक्ने देखिन्छ। सुरुमा कथा दुखदजस्तो देखिए पनि यस कथाको वातावरण सुखद रहेको छ।

**देउराली**

'देउराली' कथामा मुख्य कार्यस्थल गाउँ रहेको देखिन्छ। यस कथामा ओयाकजुङ, पाँचथर, ताप्लेजुङ, धनकुटा, धरानको पनि चित्रण पाइन्छ। मदेशको पनि उल्लेख गरिएको यस कथामा नेपाली संस्कृतिका विविध पक्षहरूलाई प्रस्तुत गरिएको छ।

प्रस्तुत कथामा कुनै निश्चित साल, तिथि, मिति उल्लेख नगरिएको हुनाले यो कथा जुनसुकै समयावधिको हुन सक्ने देखिन्छ । सुरुमा कथा दुखद जस्तोदेखिए पनि यस कथाको वातावरण सुखद रहेको छ ।

**ठोयो**

'ठोचो' कथामा मुख्य कार्यस्थल गाउँ रहेको देखिन्छ । यस कथामा दार्जिलिङ, झापा, ठाँडबारी, बनारस, काठमाडौँको उल्लेख गरिएको छ । यसमा ग्रामीण नेपाली जनजीवनमा प्रचलित ठोयोको उल्लेख गरिएको छ ।

प्रस्तुत कथामा पूर्वी पहाडका धेरैजसो मानिसका दयनीय अवस्थालाई प्रस्तुत गरिएको छ । कुनै निश्चित समय उल्लेख नगरिएको हुनाले यो कथा जुनसुकै समयावधिको हुन सक्ने देखिन्छ । यस कथाको वातावरण सुखद रहेको छ ।

**मगन्ते**

'मगन्ते' कथामा मुख्य कार्यस्थल गाउँ रहेको देखिन्छ । यस कथामा दोभान गाउँ, हाम्पाङ, फुङलिङ, चाँगे, नेसुम, निगुरादिन फूलबारीको उल्लेख गरिएको छ । प्रस्तुत कथाले पूर्वी पहाडका मानिसको आर्थिक विपन्नता, सामाजिक पछौटेपनको चित्रण गरेको छ ।

प्रस्तुत कथामा कुनै निश्चित समय उल्लेख नगरिएको हुनाले यो कथा जुनसुकै समयावधिको हुन सक्ने देखिन्छ ।

**रतेली**

'रतेली' कथामा मुख्य कार्यस्थल गाउँ रहेको देखिन्छ । यस कथामा पाटीघर, फाक्चामारा, भोटेछापेको पनि उल्लेख गरिएको छ । यसमा नेपालको सांस्कृतिक सन्दर्भ झल्काउने काम गरिएको छ ।

प्रस्तुत कथामा कुनै निश्चित साल, तिथि, मिति उल्लेख नगरिएको हुनाले यो कथा जुनसुकै समयावधिको हुन सक्ने देखिन्छ । यस कथाको वातावरण आदिदेखि अन्त्यसम्म सुखद नै रहेको छ ।

**निसाफ**

'निसाफ' कथामा मुख्य कार्यस्थल सहर नै रहेको देखिन्छ । यस कथामा म्याङलुङको जिल्ला अदालत वरिपरि, मोराहाङ, म्याङलुङ बजार, तेरहथुमको जिल्ला अदालत वरिपरिको उल्लेख पाइन्छ । यस कथामा भन्सारको विकृतिलाई दर्साउने काम गरिएको छ । यस कथामा कुनै निश्चित साल, तिथि, मिति उल्लेख नगरिएको हुनाले यो कथा जुनसुकै समयावधिको हुन सक्ने देखिन्छ । यस कथाको अन्त्य भाग दुखद रहेको छ ।

**बौलाही मन्जु**

'बौलाही मन्जु' कथामा मुख्य कार्यस्थल काठमाडौँ सहर नै रहेको देखिन्छ । यस कथामा रत्नपार्क, पशुपतिस्थित भुवनेश्वरी मन्दिरको पेटी, बानेश्वर, गौशाला, आर्यघाटको उल्लेख गरिएको छ । यस कथामा सामाजिक विकृतिलाई दर्साइएको छ । यस कथामा समायवधि उल्लेख गरिएको पाइँदैन । यस कथा आदिदेखि अन्त्यसम्म दुखद रहेको छ ।

**श्याम फर्केला त ?**

'श्याम फर्केला त ?' कथामा मुख्य कार्यस्थल गाउँ रहेको देखिन्छ । यस कथामा खोरुङ्गा खोला, शुक्रवारे हाट, गोरिल्लाहरूका क्याम्प, इराक, इजरायल, मलेसिया, कतार, भारतको उल्लेख गरिएको पाइन्छ । यस कथामा दस वर्षे सशस्त्र द्वन्द्वमा परेका मानिसको पीडाको वर्णन गरिएको छ ।

प्रस्तुत कथामा मङ्सिर महिना र माओवादीको कुरा आएकोले यो कथा नेपालको दस वर्षे द्वन्द्वको बेलाको भनी अड्कल गर्न सकिन्छ । यस कथाको अन्त्य दुखद रहेको छ ।

**रिट्ठे झाँक्री**

'रिट्ठे झाँक्री' कथामा मुख्य कार्यस्थल गाउँ रहेको देखिन्छ । यस कथामा जलजले गाउँको उल्लेख गरेको पाइन्छ । यस कथामा अन्धविश्वासको रूपमा रहेको झारफुक गर्ने प्रवृतिको उल्लेख पाइन्छ ।

प्रस्तुत कथामा कुनै निश्चित साल, तिथि, मिति उल्लेख नगरिएको हुनाले यो कथा जुनसुकै समयावधिको हुन सक्ने देखिन्छ । यस कथाको अन्त्य दुखद रहेको छ ।

**अमेरिकाका छोरा बुहारी**

'अमेरिका छोरा बुहारी' कथामा मुख्य कार्यस्थल गाउँ र सहर दुवै रहेका छन् । यस कथामा खाँदबारी बजार, धरान, काठमाडौँ, डिल्लीबजार, नक्सालको उल्लेख गरेको पाइन्छ । यस कथामा अमेरिकाको पनि उल्लेख पाइन्छ । यस कथामा पारिवारिक विखण्डनको पीडा वर्णन गरिएको छ ।

प्रस्तुत कथामा समय उल्लेख नगरिएकाले गर्दा यो कथा जुनसुकै समयावधिको हुन सक्ने देखिन्छ । कथाको अन्त्य दुखद रहेको पाइन्छ ।

**रमिते पाखा, रानीवन र सानीबज्यै**

'रमिते पाखा, रानीवन र सानीबज्यै' कथामा मुख्य कार्यस्थल गाउँ र सहर दुवै रहेका छन् । यस कथामा रानीवन, रमिते पाखा, मादी गाउँ, घुमाउने चौतारो, संखुवासभा, धनकुटा, काठमाडौँ, सर्वोच्च अदालत, विराटनगरको उल्लेख गरेको पाइन्छ । यस कथाले वातवरणीय चेतनाको विषयलाई उठाएको छ । यस कथामा कुनै समयावधि नआएको कारणले गर्दा यो कथा जुनसकै समयको हुन सक्छ । यस कथाको अन्त्य सुखद रहेको छ ।

**हेडसर**

'हेडसर' कथामा मुख्य कार्यस्थल गाउँ नै रहेको छ । यस कथामा म्याङलुङ, धरान, झापा, मोरङ, सुनसरी, दार्जिलिङ, काठमाडौँ, विराटनगर, अमेरिका, बेलायतको उल्लेख पाइन्छ । यस कथाले विकास निर्माणको पक्षमा आवाज उठाएको छ । यस कथामा समय उल्लेख भएको पाइँदैन ।

**खेतालो**

'खेतालो' कथामा मुख्य कार्यस्थल गाउँ नै रहेको छ । यस कथामा टाहारी खेतको उल्लेख गरिएको पाइन्छ । यस कथामा सच्चा सिधा सगुने भुजेलको खेतालो जीवनको चित्रण छ । यस कथामा समय उल्लेख नभएकोले यो कथा जुनसुकै समयावधिको हुन सक्छ । यस कथाको अन्त्य सुखद नै रहेको पाइन्छ ।

## पुतली नाच

'पुतली नाच' कथामा मुख्य कार्यस्थल गाउँ नै रहेको छ। यस कथामा ओडारघरे बुढाका घरका आँगनको उल्लेख गरेको पाइन्छ। यस कथाले एकले अर्कोलाई नचाउने प्रवृत्तिको चित्रण गरेको छ। यस कथामा मितिको उल्लेख गरिएको छैन। यस कथाको अन्त्य सुखद रहेको छ।

## आरन

'आरन' कथामा मुख्य कार्यस्थल गाउँ नै रहेको छ। यस कथामा बुढा कामीको आरन, साठिमरे जङ्गल सात्लुङ जङ्गलको उल्लेख पाइन्छ। यस कथामा भूतप्रेत तथा अन्धविश्वासको चित्रण पाइन्छ। यस कथामा मितिको उल्लेख गरेको पाइँदैन। कथाको अन्त्य दुखद रहेको छ।

## एकतारे साधु

'एकतारे साधु' कथामा मुख्य कार्यस्थल गाउँ नै रहेको छ। यस कथामा गाउँको चौतारो, डाँडाको रमिते चौतारोको उल्लेख गरेको पाइन्छ। यस कथामा मितिको उल्लेख गरेको पाइँदैन। कथाको अन्त्य सुखद नै रहेको छ।

## ठाक्रे

'ठाक्रे' कथामा मुख्य कार्यस्थल गाउँ र नगर रहेको छ। यस कथामा धरान, धनकुटा, चारआली, ताप्लेजुङ, लेउती र सेउतीको बगर, साँगुरी भञ्ज्याङ्ग, सर्दुखोला, तम्मर नदीको तिर, छथर फाक्चामार, जिरिरिवोम्त बजार, आठराइ, पाँचथर, चैनपुर मादी, मोराहाङ र वरिपरिका गाउँ चित्रित छन्। मिति उल्लेख नभएको यस कथाको अन्त्य सुखद नै रहेको छ।

## भत्काइएको घर

'भत्काइएको घर' कथामा मुख्य कार्यस्थल गाउँ र नगर रहेको छ। यस कथामा मोराहाङ, सिर्जङ, पौषन, आम्बुङ, धनसार गोदाघरको उल्लेख गरेको पाइन्छ। यस कथामा वि. सं. २०२१ सालको उल्लेख गरेको पाइन्छ। यस कथाको अन्त्य दुःखद नै रहेको छ।

**तीज**

'तीज' कथामा मुख्य कार्यस्थल गाउँ र नगर रहेको छ । यस कथामा धनकुटा बजारको उल्लेख गरेको पाइन्छ । यसमा तीजजस्ता सांस्कृतिक पक्षको उल्लेख गरेको पाइन्छ

प्रस्तुत कथामा कुनै निश्चित साल, तिथि, मिति उल्लेख नगरिएको हुनाले यो कथा जुनसुकै समयावधिको हुन सक्ने देखिन्छ । यस कथाको अन्त्य सुखद रहेको छ ।

**निरन्तर प्रेम**

'निरन्तर प्रेम' कथामा मुख्य कार्यस्थल गाउँ रहेको छ । स कथामा इसिबु हाई स्कुल, म्याङलुङको शुक्रबारे हाट, अठराई सङ्क्रान्तिको मदन मेला, जलजलेको रामनवमी मेला, सावलको हलीमेलाको उल्लेख गरेको पाइन्छ । यस कथामा बेलायत, म्याङलुङको टुँडीखेल, इसिबु, ओयाकजुङ, खोरुङ्गा खोला, सावला आमबुङको पनि उल्लेख गरिएको छ । यस कथामा नेपाली जनजीवनमा प्रचलित विवाह, प्रेम, मृत्युजस्ता सांस्कृतिक पक्षको पनि उल्लेख गरिएको पाइन्छ । यस कथामा लाहुर जाने नेपाली प्रवृत्तिको उजागर गरेको पाइन्छ ।

प्रस्तुत कथामा कुनै निश्चित साल, तिथि, मिति उल्लेख नगरिएको हुनाले यो कथा जुनसुकै समयावधिको हुन सक्ने देखिन्छ । सुरुमा सुखद जस्तो देखिए पनि यस कथाको वातावरण दुखद रहेको छ ।

**खाते**

'खाते' कथामा मुख्य कार्यस्थल गाउँ र सहर दुवै रहेको पाइन्छ । यस कथामा रोसीको किनारा, काठमाडौँ, वखलढुङ्गा, रामेछाप, काभ्रे, सुन्धारा, रत्नपार्कको पनि उल्लेख गरिएको छ । यसमा नेपाली समाजमा रहेका खाते बालबालिकाको जनजीवनको चित्रण पाइन्छ ।

माओवादीको उल्लेख पाइने हुँदा यो कथा माओवादी संक्रमणकालीन कथा हो भनेर अनुमान गर्न सकिन्छ । कथाको वातावरण दुखद रहेको छ ।

**अनिकालको बाँको**

'अनिकालको बाँको' कथामा मुख्य कार्यस्थल गाउँ नै रहेको देखिन्छ । यस कथामा संखुवासभाको मादीमूलखर्क, उम्लिङको उल्लेख गरिएको छ ।

प्रस्तुत कथामा कुनै निश्चित साल, तिथि, मिति उल्लेख नगरिएको हुनाले यो कथा जुनसुकै समयावधिको हुन सक्ने देखिन्छ । यस कथाको वातावरण दुखद रहेको छ ।

### रौनक नभएको दसैं

'रौनक नभएको दसैं' कथामा मुख्य कार्यस्थल गाउँ नै रहेको देखिन्छ । यस कथामा मलेसिया, छातेढुङ्गा, भारत, दुबई, कतार, इजरायल, कोरिया, जापान, अमेरिका, बेलायत, अस्ट्रेलियाको पनि उल्लेख गरिएको पाइन्छ । यसमा गाउँका तन्नेरीहरू रोजगारी खोज्न विदेशिनु, माओवादीको हिंसात्मक राजनीतिले गर्दा दसैंको रौनक नभएको उल्लेख गरिएको पाइन्छ । यस कथामा वि.सं. २०२१ सालमा श्री ५ महेन्द्रको भूमिसुधार लगाएर किपट र विर्ताजस्ता सामन्ती भूमि व्यवस्था उन्मूलन गरेदेखि नै प्रायः बन्द भएका कुराको उल्लेख पाइन्छ । यस कथाको वातावरण दुखद नै रहेको छ ।

### विश्व भूमिगत भएछ

'विश्व भूमिगत भएछ' कथामा मुख्य कार्यस्थल सहर रहेको देखिन्छ । यस कथामा भोजपुरको छिनामुख, त्रि-चन्द्र कलेज धरान, रत्नपार्कको पनि उल्लेख गरिएको छ । यस कथामा नेपालको २०६२/०६३ को जनआन्दोलनमा परेका घाइतेको चित्रण पाइन्छ ।

प्रस्तुत कथामा २०६२/०६३ सालको उल्लेख गरिएको छ । यस कथाको अन्त्य दुखद रहेको छ ।

### ठूल्दिदीको लालीगाई

'ठूल्दिदीको लालीगाई' कथामा मुख्य कार्यस्थल गाउँ रहेको देखिन्छ । यस कथामा काठमाडौं र खमारे बेसीको उल्लेख गरिएको छ । यसमा ग्रामीण नेपाली जनजीवनमा प्रचलित पशुप्रेमको उल्लेख गरेको पाइन्छ ।

प्रस्तुत कथामा सालको उल्लेख गरिएको छैन । यो कथाको अन्त्य दुखद रहेको छ ।

### त्रिशूल बाबा

'त्रिशूल बाबा' कथामा मुख्य कार्यस्थल सहर रहेको देखिन्छ । यस कथामा गौशाला, भोटाहिटी, असन, सिंहदरबार, नारायणहिटीको पनि उल्लेख गरिएको छ ।

प्रस्तुत कथामा कुनै निश्चित साल, तिथि, मिति उल्लेख नगरिएको हुनाले यो कथा जुनसुकै समयावधिको हुन सक्ने देखिन्छ । यस कथाको अन्त्य दुखद रहेको छ ।

**त्यै रक्सी झोलले गर्दा**

'त्यै रक्सी झोलले गर्दा' कथामा मुख्य कार्यस्थल गाउँ रहेको देखिन्छ । यस कथामा म्याङ्लुङको उल्लेख गरिएको छ । यस कथामा तिथि, मितिको उल्लेख गरिएको छैन । यो कथाको वातावरण सुखद नै रहेको छ ।

**४.३.४ उद्देश्यका आधारमा 'सूर्य सुवेदीका कथा'को विश्लेषण**

**सूर्य सुवेदीका कथाहरू** कथा सङ्ग्रहका कथाहरूको उद्देश्य नेपाली समाजको विविध पक्षको यथार्थको प्रस्तुत गर्नु रहेको छ । जिन्दगीको विविध भोगाइको चित्रण यहाँका कथामा गरिएको छ । सामाजिक विकृति अन्धविश्वास, दस वर्षे द्वन्द्व, सांस्कृतिक मोह, अदालती परिबन्द र विदेश बसाइको अन्धआकर्षणका पक्षलाई कथाहरूमा प्रस्ततु गरिएको छ । नेपाली समाजको विपनन्न वर्गलाई केन्द्र बनाएर त्यसमा सुधार ल्याउनुपर्ने सङ्केत यिनका कथामा पाइन्छ ।

**थाप्लोमा नाम्लाको भञ्ज्याङ**

'थाप्लोमा नाम्लाको भञ्ज्याङ' कथाको उद्देश्य नेपाली मसाजमा रहेका निम्न स्तरका किसानहरू, भरिया र मगन्तेहरू अनि सामाजिक थिचोमिचोमा परेका गरिबहरूको दयनीय अवस्थाको चित्रण गर्नु रहेको छ । यस कथामा टाउकामा नाम्लाको डाम पर्ने गरी भारी खेप्दा पनि आफ्नो जीवनस्तर राम्रो बनाउन नसकेको भुन्टेको लाहुर जाने धोको रहेको छ । यस कथामा गरिबीका कारण कष्टकर जीवन भोग्न बाध्य नेपालीहरूको दयनीय अवस्थाको चित्रण गरिएको छ ।

**भित्तामा टाँगिएका फोटा**

'भित्तामा टाँगिएका फोटा' कथाको उद्देश्य नेपालीहरू आफ्नो थात-थलो छाडेर परदेसिन्छन् । परदेश जाँदा पनि उनीहरूको कल्पना गरेको सुखको भकारी कतै फेला पार्दैनन् र निराशाको भुङ्ग्रोमा तड्पिन विवश र बाध्य हुन्छन् । कतिपय मानिसले त आफ्नो देह पनि विदेशी भूमिमा नै समर्पित गरेको कुरा यस कथामा प्रस्ट्याइएको छ ।

**ब्ल्याकी आइमाई**

'ब्ल्याकी आइमाई' कथाको उद्देश्य भन्सारको विकृतिलाई दर्साउने रहेको छ । कर्मचारी र व्यापारीको मिलेमतोमा राजस्व ठगी गर्ने र देशलाई खोक्रो पार्ने प्रवृत्तिमाथि यस कथाले आक्रोश व्यक्त गरेको छ ।

**दाइजो**

'दाइजो' कथाको उद्देश्य नेपाली समाजको विविध पक्षको यथार्थको प्रस्तुत गर्नु रहेको छ । जिन्दगीको विभिन्न भोगाइको चित्रण यस कथामा गरिएको छ । हाम्रो समाजमा छोराको चाहनाका कारण धेरै छोरी हुँदा पनि सन्तान जन्माइरहने प्रवृत्तिमाथि पनि कथाकारले व्यङ्ग्य गरेका छन् । छोराछोरीमा हुने भेदभाव, आमा बाबुको धेरै माया पाएर छोराहरू पुल्पुलिने कुसङ्गतमा लाग्नेजस्ता कुराहरू बताएका छन् । दाइजोका कारण राम्रोसँग चलिरहेको परिवार पनि विखण्डित हुन्छ । हाम्रो समाजमा दाइजोप्रथा एक विकराल समस्याको रूपमा देखापरेको कुरा कथाकारले प्रस्ट्याएका छन् । समाजमा व्याप्त लैङ्गिक विभेदको विरोध गर्नु पनि यस कथाको उद्देश्य रहेको देखिन्छ ।

**देउराली**

'देउराली' कथाको उद्देश्य ग्रामीण लोकसंस्कृतिमा देउरालीको मनोविज्ञान कस्तो हुन्छ भन्ने कुरा कथामा अत्यन्त मनोरम ढङ्गले उतार्नु रहेको देखिन्छ । यस कथामा विधवा विवाहलाई पनि प्रोत्साहन दिने प्रयत्न गरिएको छ । नेपालको सांस्कृतिक सन्दर्भ झल्काउनु पनि देउराली कथाको उद्देश्य रहेको देखिन्छ ।

**ठोयो**

'ठोयो' कथाको उद्देश्य आर्थिक विपन्नता, सामाजिक पछौटेपनको मार्मिक चित्रण गर्नु रहेको पाइन्छ । आमा मरेपछि सौतेनी आमाको कचकचले परिवारमा आउने तनाव र विखण्डको पनि कथाकारले चर्चा गरेका छन् । नेपाली समाजमा रहेको ठुलाबडालाई ठोयो चढाएर गरिबले आफ्नो जीवन चलाउनका लागि उनीहरूको खेतीबाली गर्ने प्रवृत्तिको चर्चा पनि यस कथामा पाइन्छ ।

**मगन्ते**

'मगन्ते' कथाको उद्देश्य आर्थिक विपन्नता, सामाजिक पछौटेपनको चित्रण गर्नु रहेको पाइन्छ । मगन्तेसँग झोला र भाटाको लट्ठीमात्र भएको वर्णन पाइन्छ । यस कथामा कर्मविरक्त पात्रहरूको जीवनका विविध पक्षलाई उद्‌घाटन गरिएको छ ।

### रतेली

'रतेली' कथाको उद्देश्य नेपाली संस्कृतिका विविध पक्षहरूलाई प्रस्तुत गर्नु रहेको पाइन्छ । यस कथामा ग्रामीण लोकजीवन पद्धति, लोकसंसार र लोकविश्वासहरूको चित्रण सूक्ष्म रूपले गरिएको छ ।

### निसाफ

'निसाफ' कथाको उद्देश्य धन सम्पत्तिका लागि आफन्तकै गला रेट्‌न पछि नपर्ने मानिसहरूप्रति व्यङ्ग्य गर्नु रहेको छ । यस कथामा अड्‌डा-अदालतको ढिलासुस्ती र भ्रष्ट आचरणलाई उदाङ्गो पार्न खोजिएको छ ।

### बौलाही मन्जु

'बौलाही मन्जु' कथाको उद्देश्य सामाजिक विकृत्ति देखाएर सुधारतर्फ उन्मुख गराउनु रहेको छ । मन्जु लोग्ने हराएर वा घरपरिवारको हेलाबाट विक्षिप्त अवस्थामा पुगेकी छ । उसलाई के कारणबाट ऊ त्यस्ती भई भन्ने कुरातर्फ तर्क गरेको पनि पाइन्छ । सामाजले महिलाप्रति गर्ने व्यहारको चित्रण यस कथामा गरिएको छ ।

### श्याम फर्केला त ?

'श्याम फर्केला त ?' कथाको उद्देश्य नेपालको दस वर्षे सशस्त्र द्वन्द्वको कालखण्डलाई प्रस्तुत गर्नु रहेको छ । द्वन्द्वको समयमा माओवादीको क्रूरताको चित्रणका साथ यस समयमा बालबालिकाप्रति पनि निकै अन्याय भएको कुरा यस कथामा उल्लेख गरिएको छ ।

### रिट्ठे झाँक्री

'रिट्ठे झाँक्री' कथाको उद्देश्य सामाजिक अन्धविश्वास तथा रुढीवादका कारण अझै पनि नेपाली समाजले आधुनिकता र वैज्ञानिकतालाई अङ्गीकार गर्न नसकेको अवस्थाको यथार्थ चित्रण गर्नु रहेको छ ।

### अमेरिकाका छोरा बुहारी

'अमेरिकाका छोरा बुहारी' कथाको उद्देश्य आजका नयाँ पीढीहरूको अमेरिकाप्रतिको आकर्षणको वर्णनका साथ पेसा र पढाइका लागि विदेशिने प्रवृत्ति केलाउनु रहेको छ ।

### रमिते पाखा, रानीवन र सानीबज्यै

'रमिते पाखा, रानीवन र सानीबज्यै' कथाको उद्देश्य शोषणविरुद्ध आवाज उठाउनु रहेको पाइन्छ । समाजमा रहेका भूमाफिया, फटाहाहरूले सार्वजनिक सम्पत्ति, रानीवन रमिते पाखा र घुमाउने चौतारोलाई निजी बनाउन खोज्दा समाजका सज्जन व्यक्तिले त्यसका विरुद्ध आवाज उठाएको प्रसङ्ग यस कथामा रहेको छ । यस कथामा वातवरणीय चेतनाको विषयलाई उठाएको पाइन्छ ।

### हेडसर

'हेडसर' कथाको उद्देश्य विकास निर्माणको पक्षमा अग्रसर गराउनु रहेको छ । आफ्नो आर्थिक स्थिति कमजोर भएका कारण आफ्नो परिवारलाई समय र सुविधा दिन नसके पनि समाजका लागि विकास निर्माणमा लाग्नुपर्ने सन्देश यस कथाले दिएको छ ।

### खेतालो

'खेतालो' कथाको उद्देश्य ग्रामीण लोकजीवन पद्धति, लोकसंस्कारको ज्यादै सूक्ष्म अध्ययन गर्नुका साथै एक खेताले जिन्दगीको चित्रण गर्नु, उजागर गर्नु रहेको पाइन्छ । कृत्रिम सहरी सभ्यताको कुनै प्रभाव नपरेको विशुद्ध ग्रामीण समाजमै जीवनका अधिकांश दिनहरू बिताएका सोझासिधा गाउँलेहरूको जीवनशैली र मनोविज्ञानको देखाउनु पनि यस कथाको उद्देश्य रहेको छ ।

### पुतली नाच

'पुतली नाच' कथाको उद्देश्य सामाजिक विकृत्ति देखाएर सुधारतर्फ उन्मुख गराउनु रहेको छ । यस कथामा हाम्रो समाजमा रहेका व्यक्तिहरू कुसुलेले नचाएको पुतली नाचजस्तै रहेका छन् । एक व्यक्तिले अर्कोलाई नचाएको छ । जिन्दगी रमिताजस्तै रहेको छ भन्नु यस कथाको सन्देश रहेको पाइन्छ । यस कथामा नेपाली राजनीतिका क्षेत्रमा मौलाएको कठपुतलीपनप्रति व्यङ्ग्य पनि गरिएको छ ।

**आरन**

'आरन' कथाको उद्देश्य आर्थिक विपन्नता, सामाजिक पछौटेपन र बौद्धिक दरिद्रताको मार्मिक चित्रण गर्नु रहेको छ । हाम्रो समाजको आर्थिक विपन्नता र शिक्षाको कमीले गर्दा कयौँ मानिसले आफ्नो जीवन गुनमाउनु पर्छ भन्ने सन्देश पनि यस कथामा पाइन्छ ।

**एकतारे साधु**

नेपालको सांस्कृतिक सन्दर्भको प्रस्तुति नै 'एकतारे साधु' कथाको मुख्य उद्देश्य रहेको छ ।

**ठाक्रे**

'ठाक्रे' कथाको उद्देश्य आर्थिक विपन्नता, सामाजिक पछौटेपन रहेको छ । ठाक्रे कथामा पहाडमा डाकर बोकेर भरिया हुँदै परिवार पाल्ने नेपालीको विवशताको वर्णन गरिएको पाइन्छ ।

**भत्काइएको घर**

'भत्काइएको घर' कथाको मुख्य उद्देश्य पुरानो लिम्बू संस्कृति र त्यस नजिकैको मौलो र एउटा इतिहास नै धराशायी भएकोमा दुख मनाउ गर्नु रहेको छ । आफ्नो संस्कृति भनेको हाम्रो धरोहर हो यसको संरक्षण गर्नु पर्छ भन्ने आशय यस कथामा पाइन्छ ।

**तीज**

'तीज' कथाको मुख्य उद्देश्य पनि नेपालको सांस्कृतिक सन्दर्भ झल्काउनु रहेको छ । यस कथामा आफ्नो गच्छेअनुसार खर्च गरी चाडपर्व मान्नु पर्छ भन्ने धारणा पनि व्यक्त गरिएको छ ।

**निरन्तर प्रेम**

मानव प्रेम नै 'निरन्तर प्रेम' कथाको मुख्य उद्देश्य रहेको पाइन्छ । यस कथामा लाहुरेको प्रेम, लिम्बू संस्कृति, प्रेमको समर्पणको पनि राम्रोसँग वर्णन पाइन्छ । प्रेम अमर र अजर हुन्छ भन्ने कुरा पनि प्रस्ट पार्नु यस कथाको उद्देश्य रहेको छ ।

**खाते**

'खाते' कथाको उद्देश्य गरिबीले गाँजेपछि मान्छेका सम्पूर्ण इच्छा आकाङ्क्षाहरू व्यर्थ हुन्छन् भन्ने रहेको छ । यस कथामा विभिन्न कारणले गर्दा खाते बन्नपुगेका बालकहरूको दयनीय अवस्थाको चित्रण गरिएको छ ।

**अनिकालको बाँको**

'अनिकालको बाँको' कथाको उद्देश्य गरिबीका कारण कष्टकर जीवन भोग्न बाध्य नेपालीहरूको दयनीय अवस्थाको चित्रण गर्नु रहेको पाइन्छ । यस कथामा गरिबी र अभावसँग जुध्न निरन्तर क्रियाशील निम्नवर्गीय नेपालीहरूको कर्मयोगी प्रवृत्तिको चित्रण पनि गरिएको छ ।

**रौनक नभएको दसैं**

नेपालको दस वर्षे सशस्त्र द्वन्द्वको कालखण्डले नेपाली समाजमा पारेको असरको चित्रण गर्नु यस कथाको उद्देश्य रहेको पाइन्छ । विदेसिएका कयौँ नेपाली दसैं मान्न घर फर्कदा दसैंमा घरमा कुनै रौनक नभएको, आफ्ना साथीसङ्गाती कताकता भइसकेको घटनाको चर्चा 'रौनक नभएको दसैं' कथामा पाइन्छ ।

**विश्व भूमिगत भएछ**

'विश्व भूमिगत भएछ' कथाको उद्देश्य नेपालको दस वर्षे सशस्त्र द्वन्द्वको कालखण्डको समयमा नेपालीहरूको बलिदान र त्यसको चर्चा गर्नु रहेको छ । माओवादीहरूले आफू सत्तामा गएपनि नेपाली जनताको मनोभावनाको कदर नगरेको आशय व्यक्त गर्नु पनि यस कथाको उद्देश्य रहेको देखिन्छ ।

**ठूल्दिदीको लाली गाई**

'ठूल्दिदीको लाली गाई' कथाको उद्देश्य मानिस र पशुका बीचको उच्चतम र आदर्श प्रेमको नमुना प्रस्तुत गर्नु रहेको छ । प्रेम मानिस मानिसमा मात्र नभई पशु र मानव बीच पनि हुनुपर्दछ भन्ने आशय यस कथाको रहेको छ ।

**त्रिशूल बाबा**

'त्रिशूल बाबा' कथाको उद्देश्य कर्मवीर पात्रहरूको जीवनका विविध पक्षलाई उद्घाटन गर्नु रहेको पाइन्छ ।

**त्यै रक्सी झोलले गर्दा**

सामाजिक विकृत्तिलाई देखाएर सुधारतर्फ उन्मुख गराउनु 'त्यै रक्सी झोलले गर्दा' कथाको उद्देश्य रहेको छ । आफू रक्सी खाई विभिन्न नराम्रा काम गर्ने र पछि रक्सीलाई दोष दिने प्रवृत्तिप्रति यस कथाले व्यङ्ग्य गरेको छ ।

### ४.३.५ दृष्टिबिन्दुका आधारमा 'सूर्य सुवेदीका कथा'को विश्लेषण

**सूर्य सुवेदीका कथाहरू** शीर्षक कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरूमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । यिनले म सहभागीभन्दा ऊ, त्यो वा नामधारी सहभागीका मध्यमबाट अधिकांश कथाको कथ्यलाई प्रस्तुत गरेका छन् । यिनले स्वयं कथाकार नै समाख्याता भई वर्णनात्मक रूपमा कथा प्रस्तुत गरेका छन् । यसरी कथाकार नै समाख्याता भएकाले यस सङ्ग्रहका कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

यस सङ्ग्रहका प्रायः कथाहरूमा कथाकारले सहभागीहरूका जीवनमा घटेका घटनाहरू, उतारचढाव, क्रियाप्रतिक्रिया, मानसिक स्थिति आदिको वर्णन गरेका हुनाले यस क्रममा कथाको पात्रमा विशेष झुकाव राखेको हुनाले तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । यस सङ्ग्रहका कथाहरूमध्ये प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएका कथाहरूलाई यस प्रकार देखाइन्छ :

| क्र.सं. | कथाको शीर्षक | दृष्टिबिन्दु |
|---|---|---|
| • | थाप्लामा नाम्लाको भञ्ज्याङ | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | भित्तामा टाँसिएको फोटा | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | ब्ल्याकी आइमाई | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | दाइजो | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | देउराली | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | ठोयो | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | मगन्ते | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | रतेली | तृतीय पुरुष दृष्टिबिन्दु |

| | | |
|---|---|---|
| • | निसाफ | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | बौलाही मञ्जु | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | श्याम फर्केला त ? | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | रिट्ठे झ्याँक्री | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | अमेरिका छोरा बुहारी | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | रमिते पाखा, रानीवन र सानीबज्यै | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | हेडसर | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | खेतालो | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | पुतली नाच | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | आरन | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | एकतारे साधु | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | ठाक्रे | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | भत्काइको घर | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | तीज | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | निरन्तर प्रेम | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | खाते | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | अनिकालको बाँको | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | रौनक नभएको दसैं | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | विश्व भूमिगत भएछ | प्रथम पुरुष दृष्टिबिन्दु |
| • | ठूल्दिदीको लाली गाई | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | त्रिशूल बाबा | तृतीय पुरुष दृष्टिबिन्दु |
| • | त्यै रक्सी झोलले गर्दा | तृतीय पुरुष दृष्टिबिन्दु |

### ४.३.६ भाषाशैलीका आधारमा 'सूर्य सुवेदीका कथा'को विश्लेषण

**सूर्य सुवेदीका कथाहरू** कथा सङ्ग्रहका कथामा प्रयुक्त भाषा अत्यन्तै सरल र सहज छ । यी कथाहरू कुनै बिम्ब, प्रतीक, अलङ्कार आदिको प्रयोग नगरी वर्णनात्मक शैलीमा लेखिएका छन् । सुवेदीका कथाहरू सर्वसाधारणका लागि पनि बोधगम्य रहेका छन् । सुवेदीका कथाहरूमा अनावश्यक विस्तार छैन पट्यारलाग्दो वर्णन पनि छैन । भन्नुपर्ने कुरा र दिनुपर्ने सन्देशलाई छोटोमा प्रस्तुत गर्ने शैली उनमा पाइन्छ । छोटो आयाम, सरल कथावस्तु, समसामयिक परिवेश र कलात्मक प्रस्तुतिले गर्दा कथाहरू पठनीय छन् । सुवेदीले आफ्ना कथामा पूर्वेली भाषिकाको प्रयोग गरेका छन् । सूर्य सुवेदीका कथाहरू कथा सङ्ग्रहका कथामा परिवेशअनुरूपको भाषिक प्रयोग पाइन्छ । त्यस्तै विषयवस्तु, सहभागितामा आञ्चलिकताको प्रयोग पनि समेट्ने विषयवस्तु रोजेका छन् । कथाकारले कल्पनाको

उडानभन्दा यथार्थको धरातललाई उम्दा मानेका छन् । सुवेदीका कथाहरूमा सामान्यतया दैनिक व्यवहारमा प्रचलित हुने अङ्ग्रेजी शब्दको प्रयोग पाइन्छ । समाजमा पचिसकेका शब्द भएकाले यस प्रकारको प्रयोग स्वभाविक देखिन्छ । व्यङ्ग्यमा पनि कथाकार सुवेदीले कोही न कोही रुचि राखेकै देखिन्छ । यिनका कथामा कताकती हिन्दी प्रभावित शैलीको छनक पाइन्छ । सरल, सहज र स्वभाविक भाषाशैलीय विन्यास गरी कथा सिर्जना गर्नु यिनको कथा सिर्जनागत वैशिष्ट्य हो ।

माथि वर्णित कथानक, पात्र, चरित्र, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यास आदि सबै कोणबाट हेर्दा कथाकार सूर्य सुवेदीको यस कथा सङ्ग्रहमा सङ्कलित कथाहरू यिनको कथायात्रासँगसँगै क्रमशः विशिष्टतातर्फ अभिमुख छन् । हाम्रा समाजका जीवन्त र स्वभाविक पात्रहरूको सहभागिता रहेको यिनका कथामा विभिन्न परिवेश भए पनि पहाडी ग्रामीण र सहरी परिवेश सिर्जित कथाहरूले चाहिँ थप ओज प्राप्त गरेका छन् । यथार्थको प्रकटीकरण गर्ने उद्देश्यका साथ सिर्जित यिनका कथामा दृष्टिबिन्दु र भाषाशैलीय विन्यास दुवैका आयोजना सहज र स्वाभाविक रूपमा भएको छ । यी सबै कोणबाट हेर्दा यसमा सङ्कलित कथाहरू सबैजसो उत्कृष्ट नै देखिन्छन् ।

**सूर्य सुवेदीका कथाहरू** कथा सङ्ग्रहलाई भाषाशैलीय विन्यासको आधारमा हेर्दा भाषिक रूपमा प्रस्तुत सङ्ग्रहभित्रका कथाहरूमा कथ्य रूपको प्रयोग भएको पाइन्छ । देशपरदेश, सम्पत्ति, सुन्दर, प्रेम, प्रगाढ, मस्याइलो, (थाप्लामा नाम्लाको भञ्ज्याङ) दश, सुभासिनी, पशुपतिनगर (ब्ल्याकी आइमाई) बाल्यकाल, सिन्दुर, (देउराली) जस्ता तत्सम शब्दहरूको प्रयोग भएका छन भने व्यङ्गवाण, काम, तरुनी (थाप्लामा नाम्लाको भञ्ज्याङ), बीस, तीस, (ब्ल्याकी आइमाई), तद्भव शब्दहरूको प्रयोग भएका छन् । यिनका कथामा सामान, सिमानापार, स्मलिग्लङ (ब्ल्याकी आइमाई) खुब, अड्डा, अदालत, बजार आदिजस्ता आगन्तुक शब्दको प्रयोग पाइन्छ । आगन्तुक शब्द निप्पन क्यामेरा, कोडाक, रिल, (भित्तामा टाँगिएका फोटा) पर्क्थम, टेप रेकर्डर, क्यारिङ (ब्ल्याकी आइमाई) नाइटलाइफ, बिफ, स्टेक, डलर ( अमेरिकाका छोरा बुहारी) आदि थुप्रै अङ्ग्रेजी शब्दहरूको पनि प्रयोग यिनका कथामा भएको छ । सूर्य सुवेदीका प्रस्तुत सङ्ग्रहमा सङ्कलित कथाहरूमा प्रशस्त तत्सम, तद्भव र झर्रा शब्दहरूको प्रयोग भएको छ । सामान्य पदक्रम र सरल वाक्यहरूको प्रयोग प्रस्तुत सङ्ग्रहभित्रका कथाहरूमा कथाकारले गरेका छन् । यस सङ्ग्रहभित्रका कथाहरू रैखिक ढाँचामा रचिएका छन् । कथाहरूको भाषा सरल, सहज र स्वाभाविक किसिमको रहेको छ । कथामा प्रयोगका नाममा अमिल्दा बिम्ब प्रयोग यी कथामा भएको पाइँदैन । यी कथाहरू कुनै बिम्ब, प्रतीक, अलङ्कार आदिको प्रयोग नगरी वर्णनात्मक शैलीमा संरचित

छन् । समग्रमा भन्दा **सूर्य सुवेदीका कथाहरू** कथा सङ्ग्रहका कथाहरूको भाषाशैली आलङ्कारिक र दुर्बोध्य नभई साधारण पाठकले पनि बुझ्ने सरल र सहज रहेको छ ।

## ४.४ निष्कर्ष

सूर्य सुवेदीका कथायात्रा वि.सं. २०२६ सालमा 'दुई आत्मा र आफ्ना समस्या' कथाबाट भएको हो । वि.सं.२०६८ सालमा उनको सूर्य सुवेदीका कथाहरू कथासङ्ग्रह प्रकाशित भएको छ । त्यस सङ्ग्रहमा जम्मा ३० वटा कथा सङ्ग्रहीत छन् । सुवेदीका कथालाई कथानकका आधारमा, पात्रका आधारमा, परिवेशका आधारमा, भाषाशैलीका आधारमा र दृष्टिविन्दुका आधारमा विश्लेषण गरिएको छ ।

# परिच्छेद - पाँच

# दिशाहीन यात्रा उपन्यासको विश्लेषण

## ५.१ उपन्यासको परिचय

सूर्य सुवेदीको **दिशाहीन यात्रा** उपन्यास वि.सं. २०६९ सालमा प्रकाशन भएको उपन्यास हो । सुरेन्द्रकुमार कार्कीद्वारा प्रकाशित यस उपन्यासमा प्रकाशकको फोटोसमेत राखिएको छ । यस उपन्यासमा उपन्यासकारका स्व. बुबा, आमा रामप्रसाद सुवेदी र विष्णुमाया सुवेदीको फोटो पनि समाविष्ट छ । त्यसपछि लेखकको *मेरो भन्नु* र डा. तारानाथ शर्मा, प्रा. गोपीकृष्ण शर्माको लेखको कृतिबारे 'आफ्नो भनाइ' पनि प्रस्तुत छ । यो उपन्यास छपन्न (५६) परिच्छेद र ११६ पृष्ठमा संरचित छ । यो सामाजिक उपन्यास हो । यस उपन्यासमा सुवर्णलाई मुख्य पात्र बनाएका छन् । वि.सं. २०४६ देखिको प्रजातान्त्रिक कालखण्ड र वि.सं. २०५२ सालदेखि वि.सं. २०६२/६३ सम्मको दस वर्षे जनयुद्धको कालखण्डलाई यस उपन्यासले आफ्नो विषय क्षेत्र बनाएको छ । **दिशाहीन यात्रा** उपन्यासलाई कथावस्तु, पात्रविधान, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीजस्ता तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

## ५.२ सूर्य सुवेदीका औपन्यासिक प्रवृत्तिहरू

उपन्यासकार सूर्य सुवेदी वि.सं. २०६९ **दिशाहीन यात्रा** उपन्यासबाट देखा परेका हुन् । उपन्यासकारले आफूले देखेका, सुनेका एवम् भोगेका कुराहरूलाई नै औपन्यासिक संरचनामा ढाल्ने हुनाले उपन्यासकारका निहित प्रवृत्तिहरू प्रत्यक्ष अप्रत्यक्ष रूपमा उपन्यासमा झल्किएको छ । तिनै प्रवृत्तिलाई नै उपन्यासकारको औपन्यासिक प्रवृत्तिका रूपमा लिइन्छ । सुवेदीको अहिलेसम्म एउटा मात्र उपन्यास प्रकाशित भएको छ । यही उपन्यासबाट उनको औपन्यासिक प्रवृत्तिहरू निक्यौल गर्न सकिन्छ । उनका प्रवृत्तिहरू यसप्रकार छन् –

- उपन्यासमा सामाजिक यथार्थको अभिव्यक्ति र विशेषतः पूर्वी पहाडी ग्रामीण सामाजिक यथार्थको प्रस्तुति,
- राजनीतिक प्रशासनिक क्षेत्रमा देखिएका विकृति एवं विसङ्गतिको चित्रण र तिनीहरू प्रति व्यङ्ग्य,

ङ समाजमा रहेको गरिबी, अभाव, अन्धविश्वास र सामाजिक असमानताका साथै चरम गरिबीको दुर्दान्त चित्रण,

ङ दशवर्षे द्वन्द्वको यथार्थ चित्रण,

ङ सरल सहज भाषाशैलीको प्रयोगका साथै छोटो आयाम, सरल कथावस्तु र समसामयिक परिवेशको कलात्मक प्रस्तुति ।

## ५.३. औपन्यासिक तत्वका आधारमा सूर्य सुवेदीको 'दिशाहीन यात्रा' उपन्यासको विश्लेषण

औपन्यासिक तत्वका आधारमा सुवेदीको उपन्यासलाई विभिन्न आधारमा छुट्टाउन सकिन्छ । जसलाई यसप्रकार देखाइएको छ :

### ५.३.१. कथावस्तुका आधारमा 'दिशाहीन यात्रा'को विश्लेषण

धनकुटा जिल्लाको भारेकटहरे गाउँको हाइस्कुलबाट एस.एल.सी. पास गरेर सुवर्ण त्रि-चन्द्र कलेजमा पढ्नका लागि काठमाडौँ आइपुगेको छ । ऊ गाउँको सरस्वती प्राइमरी स्कुलका प्रधानाध्यापक विष्णुप्रसादको छोरो हो र दुखसुखले काठमाडौँमा पढोस् भन्ने बाबुको चाहना र आफ्नै पनि ठूलो ठाउँमा पढ्ने इच्छाले ऊ काठमाडौँ आएको हो । सुवर्ण केही समय बडाउको छोराको कोठामा बसे पनि पछि केही स्वतन्त्र हुने सोचले सेन्ट्रल होस्टलमा बस्न थाल्दछ । छात्रावासमा थरीथरीका विद्यार्थीसँग सुवर्णको सङ्गत हुन्छ । बी.ए. मा सरस्वती कलेजमा साँझमा पढ्ने दुइजना साथीहरू वसन्त र गोविन्द सुवर्णसँग निकै घुलमिल गर्न थाल्दछन् । उनीहरूले काठमाडौँमा प्रतिबन्ध भएका बनारसबाट नेपाल विद्यार्थी सङ्घले प्रकाशित गरेको **तरुण** र काँग्रेस तथा कम्युनिस्ट पार्टीका क्रान्तिकारी पम्प्लेटहरू पनि सुवर्णलाई पढ्न दिन थाले । त्यसैराती सेन्ट्रल होस्टलमा पुलिसले छापा माऱ्यो र सुवर्ण पञ्चायत विरुद्ध काङ्ग्रेस कम्युनिस्टको क्रान्तिकारी पर्चा पम्प्लेट राखेको आरोपमा विना कसुर एक महिना थुनामा पर्छ । दुई महिनापछि मात्र उसका बाबु गाउँका प्रा.वि.का प्रधानाध्यापक विष्णुप्रसादले यो कुरा थाहा पाउँछन् र उनलाई दुख लाग्दछ । २०४६ सालको आन्दोलनपछि बहुदलीय शासन व्यवस्था कायम हुन्छ र २०४७ सालको नेपालको संविधान लागू हुन्छ । पार्टीहरू खुला हुन्छन् । काङ्ग्रेस र एमाले पालैपालो सत्तामा जान्छन् । नेताहरू सत्तामुखी र स्वार्थी हुन्छन् । देशको विकास गर्न सक्दैनन् । जनताको जीवनस्तरमा सुधार हुँदैन । जनमोर्चा एक घटकले राज्यसामु ४० बुँदे मागपत्र पेस गर्दछ र पूरा नभएको निहुँमा वि.सं. २०५२ साल फागुन १ गतेदेखि माओवादी पार्टीको नामबाट सशस्त्र सङ्घर्षको

थालनी हुन्छ । पार्टी भूमिगत हुन्छ र खास गरी दुर्गम जिल्ला र गाउँहरूबाट आन्दोलनको थालनी हुन्छ । सुवर्ण पूर्व र पश्चिमका जिल्लाहरू पार्टीको गतिविधिलाई अगाडि बढाउन सक्रियता साथ लागेको हुन्छ भने केदारमणि र नारायणले रुकुम, रोल्पा र जुम्लाको स्थिति अध्ययन गर्ने र लीला, मानव अधिकारवादी नेता र भारतबाट आएका मानिसले भियतनाम, चीन, उत्तरकोरिया, रुस, क्यूबा, कम्बोडिया आदि कुन ठाउँको मोडेल नेपालमा ठीक हुन्छ अध्ययन गरेर रणनीति तय गर्ने निर्णय गर्छन् ।

सुवर्ण र उसका साथीहरू निरा, आरती र मनोज पनि आन्दोलनदेखि कै साथी हुन् । सुवर्णको होस्टेल बस्दादेखि नै साथी आरती र मनोजले जीविकोपार्जनसमेतका लागि एउटा निजी स्कुल खोल्ने विचार गर्छन् । एउटा प्राइमरी कक्षादेखिको निजी स्कुल खोलेर आफूहरूसमेत काम गर्ने र राजनीतिक काममा पनि संलग्न रहँदै जाने विचार गरेर काठमाडौँको डिल्लीबजारमा स्कुल स्थापना गर्ने विचार गदर्छन् । चारैजनाले तिनचार दिन मेहनत गरेर स्कुलको प्रबन्धपत्र नियमावली, पाठ्यक्रम, घरभाडा, आफूबाहेकका शिक्षकको तलब सबै खर्चको इस्टिमेटसमेत निकाल्छन् । स्कुल दर्ता गर्ने स्वीकृति लिने जिम्मेवारी सुवर्णलाई दिइन्छ । जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षक, सहायक जिल्ला शिक्षा अधिकारी, स्कुलको क्राइटयरिया नमिलेको भन्दै अड्चन थाप्छ र त्यसबाट आफूले चिनेको शिक्षामन्त्रीसँग सुवर्ण आफ्नो कुरा भन्न जान्छ । शिक्षामन्त्रीले पनि घुस मागेपछि सुवर्ण आक्रामक हुन्छ । मनोजले मन्त्री तथा कर्मचारीहरूलाई शुभलाभ गराएरै भए पनि स्कुल स्वीकृत गराउँछ । नीरासँग सुवर्णको प्रेम विवाह हुन्छ । मनोज र आरती पनि एक अर्कामा नजिकिन्छन् । उनीहरूको स्कुलमा बम विस्फोटन हुन्छ र त्यस काण्डमा आरतीको मृत्यु हुन्छ । सुवर्ण पार्टीको गोप्य सङ्गठनमा काठमाडौँबाहिर जाने गरेको हुन्छ । २०४६ सालको आन्दोलन अधुरो भएको भन्ने उसको सोचाइ छ । सुवर्ण पूरै माओवादी पार्टीमा आबद्ध हुन्छ । रोल्पा, सल्यान, रुकुम, अछाम जस्ता दुर्गम पहाडी जिल्लाबाट अगाडि बढ्दै गएको माओवादी सङ्गठन पूर्वमा संखुवासभा, तेरथुम, धनकुटा, ताप्लेजुङ र काठमाडौँलगायतका जिल्लासम्म फैलिन्छ । आन्दोलन देशभरि नै फैलिन्छ । सामन्त र शोषणका विरुद्ध आन्दोलन केन्द्रित हुन्छ । मागेजति चन्दा नदिने गाउँगाउँका सरकारी कर्मचारी र शिक्षकहरू पनि माओवादी कारबाहीमा पर्दछन् । महिनैपच्छिे चन्दा नदिए भौतिक कारबाही हुन्छ । यता माओवादीबाट र उता सरकारबाट गाउँघरका जनता सताइएका हुन्छन् । नागरिकता सिफारिसमा घुस माग्ने गा.वि.स. सचिवले थप्पड खान्छ र गाउँबाटै विस्थापित हुन्छ । चन्दा नदिने र सुराकी गर्नेलाई थरीथरीको कारवाही हुन्छ । भाटे कारबाही, थप्पड हान्ने, कान समातेर उठबस गराउने, मोसो दल्ने, आर्थिक दण्ड दिने, खाना खुवाउन लगाउने, गाउँबाट नै विस्थापित गराउने, अपहरण गरेर जनमुक्ति सेनामा भर्ती

गर्नेजस्ता कारवाहीहरूले उग्र रूप लिन्छन् । पुलिसचौकी र जि.प्र.का. हरूमा सशस्त्र आक्रमण हुन्छ । माओवादी विचारसँग असहमत हुनेले पिटाइ खान्छन्, घाइते हुन्छन् । स्कुलका मास्टरहरूले प्रति महिना बढीमा आधा तलबसम्म माओवादीलाई बुझाउनु पर्छ नत्र भौतिक कारवाही हुन्छ । राज्यलाई कर बुझाउनु पर्दैन, हाम्रो जनसत्तालाई कर बुझाउनु पर्दछ भन्ने अभियान चलाइन्छ । सरस्वती नि.मा.वि. का शिक्षक स्वतन्त्रनाथले माओवादी विचारसँग असहमत भएकोमा कमरेड चट्टानबाट पिटाइ खान्छन् र घाइते हुन्छन् । कतिपयलाई श्रमशिविरमा राखिएको पाइन्छ । गाउँघरका युवायुवतीलाई जनमुक्ति सेनामा तालिम लिन बाध्य पारिन्छ । थुप्रै माओवादी कार्यकर्ताहरूले विभिन्न ठाउँमा जबर्जस्ती चन्दा उठाउँछन् । ठाकुर सुब्बा, धने भुजेलजस्ता व्यवसायीहरू मारमा पर्दछन् । डोको डालो, थुन्चे बुनेर जीवन चलाउने राजबहादुरले ऋण गरेर भए पनि चन्दा दिनैपर्छ । जयबहादुर तामाङ, बलबहादुर कामी जस्ता व्यक्तिहरू पनि चन्दा उठाउन सरीक हुन्छन् । जनता भने दुईतर्फबाट चेपुवामा परेका हुन्छन् । यता माओवादीलाई चन्दा दिनु पर्ने उता राज्यपक्षबाट चन्दा दियौ भनेर सताइने, रातमा खान बस्न दिएकोमा पनि माओवादीको मतियार भनेर राज्यपक्षले कारबाही गर्नेजस्ता दोहोरो मारमा जनता परेका छन् । सामान्य गरिखाने मानिसहरू आन्तरिक शरणार्थी बनाइएका छन् ।

वि.सं. २०६२ मङसिर ७ गतेका दिन सात पार्टीको माओवादीसँग १२ बुँदे सम्झौता हुन्छ । फलस्वरूप वि.सं. २०६२ चैत २४ देखि शाही शासनविरुद्ध संयुक्त जनआन्दोलन सुरु हुन्छ । १९ दिनको आन्दोलनपछि राज्यपक्षले बाध्य भएर शान्ति सम्झौता गर्छ र दस वर्षे द्वन्द्व पनि समाप्त हुन्छ । सुवर्णले यति ठूलो आन्दोलनबाट प्राप्त उपलब्धि केही हदसम्म मात्र सकारात्मक भएको तर अधिकांश मानिसको परिवर्तन अनुभूत गर्न नसकेको भनेर समीक्षा गर्छ । आन्दोलनको उपलब्धिसँग सुवर्ण पूर्ण रूपमा सन्तुष्ट देखिँदैन र नेपालको आगामी भविष्य के हो ? सत्ता र शक्तिमा आएका पार्टीहरूले किन देशको स्थायित्व र शान्तिलाई भन्दा सत्ताको खेलमा रमाएका हुन् ? देशमा विदेशी चलखेल किन हावी हुँदैछ ? यसको उत्तर समयले मात्रै दिनेछ भन्ने निष्कर्षमा सुवर्ण पुगेपछि उपन्यासको अन्त्य भएको छ ।

सुवर्णका होस्टेलका साथीहरू वसन्त र गोविन्दले बनारसबाट ल्याएका काठमाडौंमा प्रतिबन्ध भएका नेपाल विद्यार्थी सङ्घले प्रकाशित गरेको तरुण र काँग्रेस तथा कम्युनिस्ट पार्टीका क्रान्तिकारी पम्प्लेटहरू पुलिसले छापा मार्दा सुवर्णको कोठामा पाएपछि सुवर्णलाई हनुमानढोका जिल्ला प्रहरी कार्यालयमा लगेर चिसो छिँडीमा जाकिदिनु र रामधुलाईपश्चात् एक महिना बेकसुरमा पक्राउ परेको घटनाबाट सुवर्ण आक्रोशित हुन्छ । सुवर्ण वि.सं. २०४६ सालको जनआन्दोलनमा लाग्नु यस उपन्यासको आदि भाग हो । वि.सं. २०४६ सालमा भएको जनआन्दोलनको उपलब्धिलाई काङ्ग्रेस र

वामपन्थीले संस्थागत गर्न नसकेकै कारण वि.सं.०६२/०६३ को आन्दोलन जरुरी रहेको ठहर सुवर्णको रहेको छ । हात्ती आयो हात्ती आयो फुस्सा भनेझैं प्रजातन्त्र आयो, समान अवसर आएन । सामाजिक न्याय भएन । असुरक्षा बढ्यो । किसान मजदुर र श्रमिकको हकहित सुरक्षित नभएको घटना यस उपन्यासको मध्य भाग हो भने वि.सं. २०६२/०६३ को जनआन्दोलनपछि पनि समाजमा शान्ति र स्थिरता दिन नसकी देशको सम्प्रभुता कमजोर बन्दै गएको र जातीय एकता र सद्भाव बिथोलिएको छ । जनआन्दोलनबाट प्राप्त उपलब्धिलाई नेपालका राजनीतिक दलहरूले निम्नवर्गीय जनताका हितमा प्रयोग गर्न नसकेको र गरिब र धनी बीचको खाडल दिनप्रतिदिन बढ्दै गएको, नेपालमा भएका राजनीतिक परिवर्तनले सकारात्मक दिशा ग्रहण गर्न नसक्नुको कारणबाट सुवर्ण निराश हुनु यस उपन्यासको अन्त्य भाग हो ।

उपन्यास निराशामा टुङ्गिए पनि उपन्यासको वस्तुविन्यास, आदि, मध्य र अन्त्यको ढाँचामा छ ।

### ५.३.२. पात्रविधानका आधारमा 'दिशाहीन यात्रा'को विश्लेषण

कुनै पनि उपन्यासको लागि कथानकको जति महत्त्व छ, त्यति नै रूपमा पात्रको पनि महत्त्व रहेको छ । मानव सभ्यता र समाजलाई पहिचान गराउनका निम्ति पात्रको आवश्यक पर्ने भएको हुँदा उपन्यासका तत्त्वहरूमध्ये चरित्र वा पात्रलाई महत्त्वपूर्ण तत्त्वका रूपमा स्वीकार गरिएको छ ।

प्रस्तुत **दिशाहीन यात्रा** बहुलपात्र उपन्यास हो । समाजमा हुने सबै वर्गका पात्रको उपस्थिति यसमा पाइन्छ । भूमिकाका आधारमा मुख्य पात्रहरूमा सुवर्ण र नीरा रहेका छन् । यिनीहरूको भूमिका उपन्यासको सुरुदेखि अन्त्यसम्म नै पाइन्छ । त्यसैले यी पात्रहरू उपन्यासका प्रमुख पात्रहरू हुन् । त्यसैगरी सहायक पात्रहरूमा मनोज, आरती, केदारमणि र नारायणप्रसाद रहेका छन् । यिनीहरू प्रमुख पात्रका सहयोगीका रूपमा उपस्थित छन् । त्यसैगरी गोविन्द, शिक्षामन्त्री, मानवअधिकारवादी, रत्नबहादुर, शिक्षक खगेन्द्र, डम्बर चेम्बाङ, शिक्षक हरिबहादुर रोकाया, ठूले मगर, लोकप्रसाद के.सी., बेखा साहु, चन्द्र भुजेल, रामप्रसाद सर, भैरवप्रसाद, पिटर र डोरा, राजबहादुर लिम्बू, पार्वतीप्रसाद, कमरेड अग्नि, कमरेड बिजुली, लीला, माइली आमा, सुवर्णकी बहिनी सीता, लीलादेवी, रीता श्रेष्ठ, रजनी आदि रहेका छन् । यी पात्रहरूको भूमिका उपन्यासमा सामान्य किसिमको रहेको छ ।

यस उपन्यासमा पात्रका क्रियाकलापलाई तहगत रूपमा हेर्दा यसका पात्रलाई मुख्य, सहायक, गौण, अप्रत्यक्ष गरी चार प्रकारमा छुट्याउन सकिन्छ । प्रमुख पात्रहरू यस प्रकार छन् :

(क) **सुवर्ण**

सुवर्ण **दिशाहीन यात्रा** उपन्यासको प्रमुख पुरुष पात्र हो । उपन्यासको कथावस्तु सुवर्णकै सेरोफेरोमा घुमेको हुनाले सुवर्ण यस उपन्यासको केन्द्रीय पात्र हो । सुवर्ण धनकुटा जिल्ला मारेकटहरे गाउँको निम्न मध्यम वर्गको किसान विष्णुप्रसादको जेठो छोरा हो । सुवर्ण आफ्नो परिवारको इच्छा विपरित आन्दोलनमा लागेको छ । सुवर्ण एक आन्दोलनकारी नेपालीको प्रतिनिधि चरित्र हो । सुवर्ण आफ्नो पढाइ लेखाइ र घरव्यवहार सबै छोडेर राजनीतिक पार्टीमा लागेर देशको हित गर्ने सोचमा अघि बढेको पात्र हो ।

आफ्नो बुबाले प्रजातान्त्रिक पद्धतिका विरुद्ध नजा घरव्यवहार समाल्न भन्दा सुवर्णले म एउटा छोरोलाई देशका लागि छोडिदिनुहोस् भनेर प्रस्ट भनिदिन्छ । देशका निम्ति लागिपर्ने युवक हो सुवर्ण । सुवर्णलाई दुईचारवटा पर्चा र **तरुण** पत्रिका पढ्दैमा पक्राउ गरेर पिटाइ खाइ चिसो छिँडीमा बस्नुपर्दा पञ्चायतप्रति घृणा गर्न र काङ्ग्रेस र कम्युनिस्टप्रति खोजी गर्न प्रोत्साहित गर्छ । वि.सं. २०४६ साल फागुन ७ गतेदेखि आन्दोलन सुरु हुन्छ, सुवर्ण आन्दोलनमा लागिपर्छ । वि.सं. २०४६ साल चैत २६ गते राती राजाले बहुदल व्यवस्था लागू हुने र निर्दलीय पञ्चायत व्यवस्थाको समाप्तिको घोषणा गरेपछि नयाँ नेपालको बिहानीमा ऊ खुब हाँसेर नयाँ नेपालको स्वागत गर्ने पात्र हो । वि.सं. २०४६ सालको आन्दोलनले पनि केही सकारात्मक परिवर्तन नदेखेपछि वल्लाघरको नरे पल्लाघरमा सरे मात्र भएका हुन् । ऊ प्रजातान्त्रिक व्यवस्थाको विकल्पमा लाग्न विद्रोह गर्नुपर्ने धारणा भएको मानिस हो ।

आफू लागेको जुन हिंसात्मक आन्दोलनले ल्याएको परिवर्तनको परिणाम सर्वहिताय, सर्वसुखाय हुन्छ त ? त्यो सही हो त ? भन्ने सुवर्णका मनमा त्यो घटनाले एउटा नयाँ खुल्दली सिर्जना गरेको छ त्यसैले ऊ अनुकूल पात्र हो । माओवादीभित्र देखिएको बलवादी राजनीति र बन्दुकको उन्मादले त्यो युद्धमा सुरुदेखि नै लागेका र हिंसाको वीभत्स परिणाम देख्ने सुवर्णजस्ता युवाहरू कतै राजनीतिक रूपमा गलत कदम त चालिएको छैन ? भनेर आफ्नै काम र नीतिसँग असन्तुष्ट देखिएका कारणले सुवर्ण गतिशील पात्र हो ।

सुवर्ण आफ्नो पढाइ लेखाइ र घरव्यवहारपछाडि दौडिँदा अन्त्यमा आएर सोचेजस्तो र भनेजस्तो परिवर्तन नपाउँदा निराशाबोध गर्ने यथार्थ पात्र हो । यस उपन्यासमा जुनै आन्दोलनले पनि आमुल परिवर्तन ल्याउन नसकेको हात्ती आयो हात्ती आयो फुस्सा भनेझैँ भएको छ । सुवर्ण परिस्थितिको दास बनेको छ । उसले चाहेको परिवर्तन आएको छैन । सुवर्ण वर्गगत पात्रका रूपमा देखापरेको छ । आबद्धताका आधारमा हेर्दा सुवर्ण बद्ध पात्र हो । यस उपन्यासमा सुवर्णको उपस्थिति सुरुदेखि अन्त्यसम्म निरन्तर भएकाले ऊ पूर्ण रूपमा मञ्चीय पात्र हो ।

**(ख) नीरा**

नीरा **दिशाहीन यात्रा** उपन्यासकी प्रमुख नारी पात्र हो । इलामबाट पढ्नका लागि काठमाडौं आएकी नीरा पद्मकन्या क्याम्पसको होस्टलमा बसेर पढ्ने र २०४६ सालको आन्दोलनमा निकै सक्रिय पात्र हो । नीरा सुवर्णकी जीवन सङ्गिनी हो । नीरा स्कुल चलाएर आफ्नो खुट्टामा उभिन सफल नारी पात्र हो । नीराले सुवर्णसँग माया गरेको कारणले विवाह अगावै पनि आफ्नो सर्वस्व सुवर्णलाई सुम्पने यथार्थ पात्र हो । नीराले सुवर्णसँग अदालती बिहे गरेकी छ । नीराले आन्दोलनदेखि लिएर सुवर्णको हरेक क्रियाकलापमा साथ दिएकी छ । सुवर्णलाई आर्थिक सहायता पनि गरेकी छ । नीराले आर्थिक तहबाट पनि असक्षम र भविष्यको कुनै चिन्ता नराख्ने देशप्रति समर्पित व्यक्तिलाई हरतरहबाट सहयोग गरेर एक पतिवर्ता नारीको चिनारी दिएकी छे । नीरा एक स्पष्ट वक्ता पनि हो । सुवर्णलाई उसले गरेको आन्दोलनप्रति प्रश्न गर्न पनि नीरा पछि परेकी छैन । "छाडिदेओ तिमीहरूको भस्मासुरे हिंसात्मक युद्ध, किन जनतासँग मत मागेर जनताको मन जितेर सरकारमा जाने हिम्मत गर्दैनौं ? तिमीहरूले हिटलर, मुसोलिन, स्टालिन, इदिअमिन र माओत्सेतुङले जस्तै स्वतन्त्रतालाई बन्धक बनाएर राज गर्ने ? भनी नीरा विस्फोट हुन्छे ।

नीरा देशभक्त नारी हो । उसले सुवर्णलाई भनेकी छ "हिंसाले देशलाई कहाँ पुऱ्याउने होला ? हिंसात्मक आन्दोलनलाई बल पुऱ्याएर तिमीहरूले कस्तो देश भावी पुस्तालाई दिदैछौ ? हँ सुवर्ण ? तिमीहरूको आन्दोलनले राष्ट्रिय मेलमिलाप, स्नेह, सद्भावना र प्रेमविजयलाई कहाँ ठाउँ राख्छ ? तिमीहरूको आन्दोलनमा के नैतिक शक्ति छ ?"

नीरा यस उपन्यासकी अनुकूल पात्र हो । नीरा उपन्यासमा सुरुदेखि अन्त्यसम्म रहेको हुनाले मञ्चीय पात्र हो । नीरा पहिले आन्दोलनमा लागेको र पछि आन्दोलनबाट देशलाई प्रगतितर्फ लम्काउन सम्भव नहुने सोच राखेकीले गर्दा नीरा गतिशील पात्र हो । नीरा एक बद्ध पात्र हो । नीराले सुवर्णको तर्फबाट व्यवहारिक सहयोग पाएकी छैन । उसको वैवाहिक जीवनमा खुसी र उत्साह पाइएको छैन । नीरा एक सहयोगी, हितैषी जीवन साथीको रूपमा सदा साथ रहेकी छ । नीराले अङ्ग्रेजी तथा नेपाली गीतमा मादल, हार्मोनियम र गितार जस्ता बाजा पनि बजाउँछे । नीरा एक शिक्षिका पनि हो ।

**(ग) सहायक पात्रहरू**

**(अ) मनोज**

मनोज सुवर्णको अभिन्न साथी हो । मनोजले सुवर्णलाई आफ्नो आर्थिक अवस्था सुदृढ नबनाइ राजनीतिमा जानु भनेको शोषण गर्ने अँजेरु झार जस्तो प्यारासाइट प्लान्टसरह हो भनेर सम्झाएको छ । राजनीतिका लागि आर्थिक अवस्था पनि राम्रो हुनु पर्छ भनी सम्झाएको छ । मनोजले सुवर्णलाई विना

लगानी स्कुलमा आफू सरहको पार्टनरसीप दिएको छ । सुवर्णलाई साथीको तर्फबाट गर्नुपर्ने हरेक सहयोग मनोजले गरेको छ, त्यसैले यस उपन्यासमा ऊ सहायक पुरुष पात्र हो । मनोजले आफ्नो जीविकोपार्जन गर्नका लागि निजी स्कुल खोलेर काम गरी एक मेहनती र इमान्दार व्यक्तिको परिचय दिएको छ । मनोज आरतीको प्रेमी र एक कुशल शिक्षक पनि हो । आन्दोलनको विस्फोटनमा परेर मनोजले आफ्नी प्राण प्यारी प्रेमीका आरतीलाई गुमाउनु परेको छ । मनोज आत्मीय प्रेमी हो । उसले आफ्नो गतिशीलताका लागि एउटा प्रेरणादायी शक्ति मानेको छ । यस उपन्यासमा मनोज अनुकूल र स्थिर पात्रको रूपमा देखापरेको छ । आफ्नो मात्र जिन्दगी नहेरी सुवर्ण र नीराको पनि भविष्यप्रति चिन्ता गर्ने मनोज वर्गगत पात्र हो । उपन्यासको सुरुदेखि अन्त्यसम्म देखिएको कारणले मनोज मञ्चीय पात्र हो । आबद्धताका आधारमा हेर्दा मनोज यस उपन्यासमा बद्ध पात्रका रूपमा देखिएको छ ।

**(आ) आरती**

आरती यस उपन्यासकी सहायक स्त्री पात्र हो । आरती यस उपन्यासमा नीरा र सुवर्णकी साथी हो । आरती सक्षम र आफ्नो खुट्टामा उभिएकी मेहनेती नारी पात्र हो । आरतीले नीरा र सुवर्णलाई हरतरहबाट सहयोग गरेकी छ, त्यसैले ऊ अनुकूल पात्र हो । आरती मनोजकी प्रेमिका हो । मनोज र आरतीको प्रेमलाई व्यक्त गर्ने माध्यम नीरा बनेकी छे । आरती यस उपन्यासमा स्थिर पात्रको रूपमा देखापरेकी छ । आरती अन्य देशहरूका राम्रा स्कुल विषयका लिट्रेचरहरू पनि बेलाबेलामा हेर्ने गर्छे । यर्ड मिलेनियम भिजन स्कुलमा शक्तिशाली बम विस्फोट भएर पन्ध्र बीसजना विद्यार्थीहरू लडेपछि आरतीले उठाउन जाँदा अर्को विस्फोट भइ आरतीको मृत्यु हुन्छ । यसबाट आरतीले आफ्नो जिम्मेवारी निर्वाह गर्दा उसको ज्यान गएकोले ऊ एक वर्गगत पात्र हो । उपन्यास सुरुदेखि अन्त्यसम्म एउटै विचार राखेकी निरा मञ्चीय पात्र हो । आरती बद्ध पात्र हो ।

**(इ) केदामणि र नारायणप्रसाद**

केदारमणि र नारायणप्रसाद यस उपन्यासको सहायक पुरुष पात्र हुन् । उनीहरू जनमोर्चा पार्टीका सक्रिय कार्यकर्ता हुन् । सुवर्णका राजनीतिक साथीहरूको रूपमा यिनीहरू देखापरेका छन् । सुवर्ण र यिनीहरू मिली सरसल्लाह गरेर अगाडि बढेका छन् । यिनीहरूले २०४६ सालअघि र पछिमा केवल खुलापनले ल्याएको राजनीतिक चेतनाको विकासमा मात्र अनुभूति हुने परिवर्तन आएको तर जनताको जीवनस्तरमा सामान्य सुधार पनि नभएको निचोड निकालेका कारणले गर्दा उनीहरू वर्गगत पात्र हुन् भन्न सकिन्छ । देश र जनताका निम्ति आफ्नो व्यक्तिगत जिन्दगीको कुनै मतलब नराखी अघि बढेका छन् । यस उपन्यासमा यिनीहरू अनुकूल पात्र हुन् । केदारमणि र नारायणप्रसाद स्थिर र बद्ध पात्र हुन् ।

(घ) **गौण पात्रहरू**

**दिशाहीन यात्रा** उपन्यासमा थुप्रै गौण पात्रहरू रहेका छन् । लिङ्गका आधारमा यहाँ पुरुष पात्रहरू बढी छन् । त्यस्ता पात्रहरूमा विष्णुप्रसाद, वार्डेन डा. कृष्णबहादुर, कमरेड चट्टान, शिक्षक स्वतन्त्र नाथ, कृष्णराज, धर्मप्रसाद खरेल सर, लोकप्रसाद, लक्ष्मीप्रसाद, रमेश र विमल, रामप्रसाद, भैरवप्रसाद, सेले लम्जेल, कृष्णप्रसाद अधिकारी, हर्के, धने भुजेल, राजबहादुर खत्री आदि रहेका छन् । त्यस्तै यस उपन्यासका स्त्री पात्रहरूमा सुवर्णकी बहिनी, लीलादेवी, माइली आमा, कान्ता, रीता श्रेष्ठ, हरिकला, टुलकी दमिनी, कमरेड अग्नि, कमरेड बिजुली, रजनी दर्नाल, उमादेवी वादी, दमयन्ती आदि रहेका छन् ।

प्रवृत्तिका आधारमा यस उपन्यासमा अनुकूल पात्रका रूपम शिक्षक स्वतन्त्रनाथ, धर्मप्रसाद खरेल सर, लक्ष्मीप्रसाद, उमेश रविमल, रामप्रसाद सेते, कृष्णप्रसाद अधिकारी, धने भुजेल, राजबहादर खत्री, लीलादेवी, माइली आमा, उमादेवी वादी, दमयन्ती रहेका छन् । यसका प्रतिकूल चरित्रहरूमा कमरेड चट्टान, कृष्णराज, भैरवप्रसाद, सेते लम्जेल, हर्के, रीता श्रेष्ठ, हरिकला, ऐठे, कमरेड अग्नि, रजनी दर्नाल आदि रहेका छन् ।

स्वभावका आधारमा यस उपन्यासमा गतिशील र स्थिर दुवै प्रकारका स्वभाव भएका पात्रहरू छन् । यसका गतिशील पात्रहरूमा हर्के, ऐठे, रीता श्रेष्ठ रहेका छन् भने स्वतन्त्रनाथ, कमरेड चट्टान, कृष्णराज, धर्मप्रसाद खरेल, लोकप्रसाद, लक्ष्मीप्रसाद, रमेश र विमल, रामप्रसाद, भैरवप्रसाद, सेते लम्जेल, कृष्णप्रसाद अधिकारी, धने भुर्तेल, राजबहादुर खत्री, लीलादेवी, माइली आमा, हरिकला, टुलकी दमिनी, उमादेवी वादी, दमयन्ती स्थिर स्वभावका पात्र हुन् ।

जीवनचेतनाका आधारमा यस उपन्यासमा दुवै किसिमका चरित्रहरू रहेका छन् । यसका वर्गगत पात्रहरूमा शिक्षक स्वतन्त्रनाथ, धर्मप्रसाद खरेल, लोकप्रसाद, रमेश र विमल, रामप्रसाद, कृष्णप्रसाद अधिकारी, लीलादेवी, माइली आमा, हरिकला, टुलकी दमिनी, कमरेड अग्नि, कमरेड विजुली, रजनी दर्नाल, उमादेवी वादी रहेका छन् भने लक्ष्मीप्रसाद, कान्ता, हर्के व्यक्तिगत पात्र हुन् ।

आसन्नताका आधारमा यस उपन्यासमा मञ्चीय तथा नेपथ्य दुवै किसिमका पात्रहरू छन् । यसका मञ्चीय पात्रहरूमा स्वतन्त्रनाथ, धर्मप्रसाद खरेल, विष्णुप्रसाद, कमरेड, लक्ष्मीप्रसाद, कृष्णप्रसाद अधिकारी, सुवर्णकी बहिनी, कमरेड अग्नि, कमरेड चट्टान रहेका छन् भने नेपथ्य पात्रहरूमा सेते लम्जेल, हर्के, हरिकला, रीता श्रेष्ठ, माइली आमा, दमयन्ती, उमादेवी वादी रहेका छन् ।

आबद्धताका आधारमा हेर्दा यस उपन्यासमा बद्ध तथा मुक्त दुवै किसिमका चरित्रहरू रहेका छन् । यस उपन्यासका बद्ध पात्रहरूमा विष्णुप्रसाद, स्वतन्त्रनाथ, धर्मप्रसाद खरेल, राजबहादुर खत्री, लोकप्रसाद, कमरेड चट्टान बद्ध पात्र हुन् भने लक्ष्मीप्रसाद, रमेश र विमल, भैरवप्रसाद, रामप्रसाद, धने भुजेल, लीलादेवी, माइली आमा, हरिकला, उमादेवी, दमयन्ती मुक्त पात्र हुन् ।

**(ङ) अप्रत्यक्ष पात्रहरू**

यस उपन्यासमा थुप्रै भूमिका नभएको नामोल्लेखमात्र भएका अप्रत्यक्ष स्त्री तथा पुरुष पात्रहरू रहेका छन् । निरजन, लेखनाथ, गोविन्ध वैद्य, रामनाथ, जयबहादुर, कृष्णबहादुर, सुवर्णका भाइहरू, मोहन विक्रम सिंह, गोपाल महतो, रामप्रसाद भट्ट, पूर्व जि.वि.सं.सदस्य वीरबहादुर हमाल, पूर्व जेटिए, गोपाल सार्की असफल ठेकेदार, कालीबहादुर क्षेत्री, विर्खे कामी, कृष्णराज, कुलमान राई, कर्णबहादुर लिम्बू, हस्तवीर दर्जी, सतमान कार्की डीगबहादुर कार्की, चेतबहादुर कुँवर, बुद्धिबहादुर, बी.एल. सर, जे.एन च्याम्जुङ सर, कृष्णबहादुर, हस्ते, मित्रे, जुङ्गे, पुरुष पात्र रहेका छन् भने कमला, कमरेड मञ्जु, बुद्धारानी, मङ्गली, आइतरानी, मञ्जु मिजार, राम लक्ष्मी तामाङ्ग, डल्ली लेप्चा, कालमानकी आमा, कालुमानकी स्वास्नी भुण्टी, सानु, विमला, उजेली जस्ता स्त्री पात्र रहेका छन् ।

समग्रमा हेर्दा यस उपन्यासमा लमाइका दृष्टिले पात्रको सङ्ख्या धेरै रहेको छ । यी पात्रहरूलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

| क्र. सं. | आधार पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वाभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष ा | स्त्र ी | प्रमु ख | सहाय क | गौण ा | अनुकू ल | प्रतिकू ल | गतिशी ल | स्थि र | वर्गग त | व्यक्तिग त | नेपथ्‍ य | मञ्ची य | ब द्ध | मुत्त ् |
| • | सुवर्ण | + | - | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| • | नीरा | □ | + | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| • | मनोज | + | - | - | + | - | + | - | - | + | + | - | - | + | + | - |
| • | आरती | □ | + | - | + | - | + | - | - | + | + | - | - | + | + | - |
| • | केदारमणि र नारायण प्रसाद | + | - | - | + | - | + | - | - | + | + | - | - | + | + | - |
| • | विष्णुप्रसाद | + | - | - | - | + | + | - | - | + | - | + | + | - | + | - |
| • | वार्डेन डा. | - | + | - | - | + | + | - | - | + | - | + | + | - | - | + |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कृष्णबहादुर | | | | | | | | | | | | | | | |
| • | स्वतन्त्रनाथ | + | - | - | - | + | + | - | - | + | - | + | + | - | + | - |
| • | कमरेड चट्टान | + | - | - | - | + | - | + | - | + | - | + | + | - | - | + |
| • | धर्मप्रसाद खरेर सर | - | + | - | - | + | - | + | - | + | + | - | + | - | - | + |
| • | लीलादेवी | + | - | - | - | + | + | - | - | + | + | - | + | - | - | + |
| • | रीता श्रेष्ठ | - | + | - | - | + | - | + | - | + | + | + | + | - | - | + |
| • | उमादेवी वादी | - | + | - | - | + | + | - | - | + | + | - | + | - | - | + |
| • | कमरेड अग्नि | + | + | - | - | + | - | + | - | + | + | + | + | - | - | + |
| • | विर्खे | + | - | - | - | + | - | + | + | - | - | + | + | - | - | + |

### ५.३.३ परिवेशका आधारमा 'दिशाहीन यात्रा'का विश्लेषण

यस उपन्यासको मुख्य घटनास्थान पूर्वी पहाडी जिल्ला रहेको छ । त्यसबाहेक यस उपन्यासमा काठमाडौं र पश्चिमका जिल्ला रुकुम, रोल्पा, सल्यान, प्युठानको वातावरणको चित्र परिवेशका रूपमा उतारिएको पाइन्छ । उपन्यासको घटनास्थल दार्जिलिङ, सिक्किम, सिलीगुडी, खर्साङ, कालिङपोङसम्मको रहेको छ । पूर्वी पहाडी जिल्ला धनकुटा, धरानको रहन सहन परमपराका साथै वीरगन्ज, हेटौंडा, विराटनगर, जनकपुर, भद्रपुर, पाटन, कीर्तिपुर, भरतपुर, इलामको वतावरणको चित्रण पनि पाइन्छ । यस उपन्यासले द्वन्द्वका क्रममा नेपालको पूर्वी पहाडी जिल्लामा परेको प्रभावलाई बढी समेटेको छ । यस उपन्यास मार्फत् वि. सं. २०४६ र २०६२/०६३ का आन्दोलनहरूले ल्याएको तरङ्गलाई अभिव्यक्त गर्न खोजिएको छ । २०४६ देखिको प्रजातान्त्रिक कालखण्ड र २०५२ सालदेखि २०६२/०६३ सम्मको दस वर्षे सशस्त्र युद्धको कालखण्डलाई यस उपन्यासले आफ्नो विषय क्षेत्र बनाएको छ । यस उपन्यासमा चेलीबेटी बेचबिखनको कुरा पनि उठाइएको छ ।

यस उपन्यासमा उपन्यासकारले गाउँले तथा सहरिया दुवै वातावरणको चित्र उतारेका छन् । यस उपन्यासमा आएको परिवेश यथार्थ छ । प्रस्तुत उपन्यासमा सामाजिक, साँस्कृतिक, आर्थिक र राजनीतिक परिवेश आएको छ । वादी महिलाहरूको वेश्यावृत्ति गर्ने धन्दा छोड्ने वातावरण बनाउन सबै पार्टीहरू सरकार र दलित नेताहरूलाई उनीहरूले दिएको तालीको गडगडाहटको दृश्यको पनि

चित्रण पाइन्छ । यस उपन्यासमा लाहुरे परिवेशको पनि वर्णन पाइन्छ । यस उपन्यासमा कीर्तिपुरको त्रिभुवन विश्वविद्यालय पुस्तकालय बाहिर, पटना, बम्बै, दिल्ली, मद्रास, कलकता र अमेरिकाको टेक्सस, वासिङ्टन, न्युयोर्क, लसएन्जलस, नर्थक्यारोलाइनको पनि वातावरण उल्लेख गरिएको पाइन्छ । माओवादीको शिविरको वातावरण, माओवादी लडाकुको पीडा, माओवादी र सेनाको चपेटामा परेका जनताको दुख, स्कुल जाने केटाकेटीको डर, अभिभावकको त्रास, स्कुलमा हुने विस्फोटको घटना, चन्दा दिनुपर्ने र खान बस्न दिनुपर्ने समस्याको चित्रण यस उपन्यासमा पाइन्छ । नेपाली समाजबाट बितेको एक दशक लामो द्वन्द्वको त्रासद घटनालाई यस उपन्यासले चित्रण गरेको छ । यो उपन्यास एउटा टुङ्गोमा नपुगी सकिएको छ । यस उपन्यासमा खासगरी माओवादी विद्रोह र यसले उत्पन्न गरेको द्वन्द्व, पीडा र त्रासद पक्षको चित्रण पाइन्छ ।

### ५.३.४ उद्देश्यका आधारमा 'दिशाहीन यात्रा'को विश्लेषण

कुनै पनि सिर्जनाको निश्चित उद्देश्य भएजस्तै उपन्यासको सिर्जनामा पनि स्रष्टाले निश्चित उद्देश्य राखेको हुन्छ । उपन्यासकारले आफ्नो उपन्यासमा प्रस्तुत गर्न खोजेको विचार नै उद्देश्य हो । विना उद्देश्य कुनै पनि कृतिको कल्पनासम्म पनि गर्न सकिँदैन यसर्थ उद्देश्य उपन्यासको केन्द्रीय पक्ष हो । वि. सं. २०४६ सालको जनआन्दोलनले केही सकारात्मक परिणाम ल्याए पनि यसले जनआकाङ्क्षा पूरा गर्न नसकेको र बहुदलीयताका नाममा अनेकौँ विकृति र अव्यवस्थाको विकास भई जनताले सास्ती खेप्नुपरेको, २०५२ देखि सुरु भई दस वर्षसम्म चलेको माओवादी हिंसात्मक विद्रोहले समाज अरू प्रताडित र छिन्नभिन्न हुन पुगेको अनि यसैका जगमा भएको २०६२/०६३ को आन्दोलन र परिवर्तनले पनि समाजमा शान्ति र स्थिरता दिन नसकी देशको सम्प्रभुता कमजोर बन्दै गएको र जातीय एकता र सद्भाव बिथोलिएको जस्ता विभिन्न सन्दर्भहरू देखाउनु **दिशाहीन यात्रा** उपन्यासको उद्देश्य रहेको छ । यस उपन्यासमा राजनीतिक पार्टीका गतिविधि, क्रियाकलाप तथा नेताका चिन्तन र व्यवहारलाई पनि देखाइएको छ । राजनीतिक र सामाजिक विषय मात्र नभई शैक्षिक र साँस्कृतिक पक्षको उल्लेख पनि यस उपन्यासमा पाइन्छ । २००७ देखि २०६३ सालसम्म भएका आन्दोलन र घटनाक्रमहरूको ऐतिहासिक सन्दर्भका आधारमा देशका शान्ति र स्थायित्वलाई भन्दा सत्तालाई बढी महत्त्व दिन पुगेका राजनीतिक दल र तिनका नेताहरूका क्रियाकलापहरूलाई केलाएर विकसित राजनीतिक परिवेशप्रति उपन्यासकारले यस उपन्यासमा असन्तुष्टि व्यक्त गरेका छन् । २०४६ र २०६३ को जनआन्दोलनबाट प्राप्त उपलब्धिलाई नेपालका राजनीतिक दलहरूले निम्नवर्गीय जनताका हितमा किन प्रयोग गर्न सकेनन् ? किन नेपाली जनताले लामो समयसम्ममा पनि लोकतन्त्रको घामलाई आफ्नै घर आँगनमा

स्पर्श गर्न सक्ने वातावरण पाउन सकेनन् ? नेपालमा भएका कुनै पनि राजनीतिक परिवर्तनले किन सकारात्मक दिशा ग्रहण गर्न सकेनन् ? आजको राजनीति कसरी दिशाहीन अवस्थामा पुगेको छ र यस्तो किसिमको दिशाहीन अवस्थाले भविष्यमा नेपालमा कस्तो समाज र संस्कृतिको निर्माण हुन पुग्ला ? भन्ने विविध सन्दर्भलाई प्रकाश पार्नु यस उपन्यासको उद्देश्य रहेको छ ।

### ५.३.५ दृष्टिबिन्दुका आधारमा 'दिशाहीन यात्रा'को विश्लेषण

**दिशाहीन यात्रा** उपन्यास तृतीय पुरुष दुष्टिबिन्दुमा संरचित छ । उपन्यासकारले सबै देखेको जस्तो गरी उपन्यासलाई अगाडि बढाएका छन् । उपन्यासको केन्द्रबिन्दु सुवर्ण र नीरा हुन् । यिनीहरू तृतीय पुरुषका रूपमा उपन्यासमा प्रस्तुत भएकाले यो उपन्यास बाह्य दृष्टिबिन्दुमा संरचित छ । उपन्यासकारले आफ्नो मनका सबै कुरा सुवर्णका माध्यमबाट प्रस्फुटित गराएको हुँदा यस उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दु छ भन्न सकिन्छ ।

### ५.३.६ भाषाशैलीगत आधारमा 'दिशाहीन यात्रा'को विश्लेषण

**दिशाहीन यात्रा** उपन्यासको भाषा अत्यन्तै सरल र सहज छ । कुनै बिम्ब, प्रतीक, अलङ्कार आदिको प्रयोग नगरी वर्णनात्मक शैलीमा यो उपन्यास लेखिएको छ । सरल रेखामा अगाडि बढेको प्रस्तुत उपन्यासको वस्तुविन्यासमा जटिलता छैन । यसमा सरल र सम्प्रेष्य भाषाको प्रयोग छ । शब्द, वाक्य र अनुच्छेदको शृङ्खला मिलेको छ । परिवेश अनुकूल पात्रहरू छन् । चरित्र, परिवेश र आख्यानको सन्तुलित प्रस्तुति छ । सहज, बोधगम्य भाषा प्रयुक्त यस उपन्यासमा पूर्वेली भाषिकाको प्रयोग पाइन्छ । पात्रानुसार भाषाशैली हुनु यसको सबल पक्ष हो । ठाउँठाउँमा छोटा संवाद, थेगो, उखानहरू रहेका छन् । यस्ता उखानहरूमा - अगुल्टाले हानेको कुकुर बिजुली चम्कँदा तर्सन्छ (पृ.७), ओल्ला घरको नरे पल्ला घरमा सरे (पृ.१५), खुकुरीको चोट अचानेलाई मात्र थाहा हुन्छ (पृ.८७), कसका बाबुबाजेको पिँडालु बारी फाँडेका थिए (पृ. ८८) छन् । छोटाछोटा सरल वाक्यका साथै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग पनि यस उपन्यासमा भएको छ । यस उपन्यासमा सुवर्ण, छात्रावास, भिन्नभिन्न, पश्चिम, विषयमा, वातावरण, आकर्षण, राजनीति, कला, संस्कृति, भौगोलिक, विविधता, विभेद, दर्शन, उपन्यास, कविता, गीत, सङ्गीत, मध्यम, जनता, सामान्य, स्थितिजस्ता तत्सम शब्दहरूको प्रयोग भएका छन् भने कोण, राती, साडे आठजस्ता तद्भव शब्दको प्रयोग भएका छन् । होस्टल, तलब, कलेज, सेन्ट्रल, स्टिल, वार्डेन, प्रोफेसर, सर, भिजिट, बायोडाटा, सुट, टाई, मिसजस्ता आगन्तुक शब्दको प्रयोग पनि प्रस्तुत उपन्यासमा पाइन्छ । **दिशाहीन यात्रा** उपन्यास प्रयोगका नाममा अमिल्दा बिम्ब, प्रतीक, अलङ्कार

आदिको प्रयोग नगरी वर्णनात्मक शैलीमा लेखिएका छन् । यस उपन्यासको भाषाशैली आलङ्कारिक र दुर्बोध्य नभई साधारण पाठकले पनि बुझ्ने सरल र सहज छ ।

## ५.४. निष्कर्ष

**दिशाहीन यात्रा** उपन्यास वि.सं. २०६९ सालमा प्रकाशित भएको हो । यो उपन्यास जम्मा ५६ परिच्छेद र १६६ पृष्ठमा संरचित छ । यो उपन्यास सामाजिक परिवेशमा आधारित छ । नेपाली समाजबाट बितेको एक दशक लामो द्वन्द्वको त्रासद कतिपय घटनालाई यस उपन्यासले अन्तर्वस्तुका रूपमा चयन गरेको छ । यस उपन्यासले समयसमयमा भएका परिवर्तन र उपलब्धिलाई आत्मसात गर्न नसकेको वा गर्न नरुचाएको जस्तो अनुभूत भए पनि यसको अन्त्यमा नेपाली जनताको उन्नती र प्रगतिको अपेक्षा एवं मुलुकको स्वाधीनता र स्वतन्त्रताको रक्षा गर्नु रहेकोले उपन्यासले दिने सन्देश सकारात्मक रहेको छ । समग्रमा भन्दा सर्वे भवन्तु सुखिन को आदर्शमा यो उपन्यास निर्मित छ । कम्युनिस्ट कार्यकर्ता, त्यसको राजनीति र मनोदशालाई कथावस्तु बनाएर लेखकले नवीनता दिन खोजेका छन् । समाज, समय र घटनाहरूको सूक्ष्म र ऐतिहासिक अध्ययन नै **दिशाहीन यात्रा** उपन्यासको विषय हो । राजनीतिको ऐतिहासिक र कालक्रमिक विकास पक्षका आधारमा समसामयिक समाजको औपन्यासिक विवेचना प्रस्तुत गरिएको यो उपन्यास आकर्षक बन्न सकेको छ । आजको राजनीति कुन रूपमा दिशाहीन अवस्थामा पुगेको छ र यस्तो किसिमको दिशाहीन अवस्थाले भविष्यमा नेपालमा कस्तो समाज र संस्कृतिको निर्माण हुन पुग्ला ? भन्ने विषय नै अत्यन्त अन्योलपूर्ण बनेको यथार्थमा प्रकाश पार्न यो उपन्यास सफल छ । यस यथार्थलाई मनन गर्दा उपन्यासको शीर्षक **दिशाहीन यात्रा** निकै सशक्त बन्न सकेको छ ।

## परिच्छेद - छ

# अन्तर्वार्ता सङ्ग्रहको संक्षिप्त विवेचना

सूर्य सुवेदीले २०६८ सालमा **सूर्य सुवेदीका कथाहरू** शीर्षकको कथा सङ्ग्रह र २०६९ सालमा **दिशाहीन यात्रा** नामक उपन्यास प्रकाशित गरेर नेपाली साहित्यमा आफ्नो स्थान बनाइसकेका छन् । थोरै कृति प्रकाशित गरेर पनि उनले नेपाली साहित्यलाई ठूलो योगदान दिएका छन् । उनका कथा र उपन्यासले समाजमा रहेका समस्यालाई उजागर गर्ने काम गरेका छन् । आफ्नो साहित्य प्रतिको लगावलाई निरन्तरता दिँदै उनले २०७० सालमा **सिर्जना र दृष्टिकोण** अन्तर्वार्ता सङ्ग्रह प्रकाशित गरेका छन् । जसमा सुवेदीले साहित्यको इतिहासमा एउटा इट्टा थप्ने काम गरेका छन् । यो सङ्ग्रहबाट नेपाली साहित्यका साधकहरूले आफू र आफ्नो रचनाबारे कसरी हेर्छन् भनेर उनीहरूको दृष्टिकोण बुझ्न सकिन्छ ।

### ६.१ परिचय

सूर्य सुवेदीको **सिर्जना र दृष्टिकोण** अन्तार्वार्ता सङ्ग्रह २०७० सालमा प्रकाशनमा आएको हो । यस सङ्ग्रहलाई हिमालय बुक स्टलले प्रकाशनमा ल्याएको छ । यस कृतिको संयोजन र सम्पादन गर्ने काम स्वयंम सुवेदीले नै गरेका छन् । अन्तर्वार्ताकारले यस कृतिमा समावेश भएका र अन्य जीवित तथा दिवङ्गत नेपाली साहित्यकार जसले नेपाली भाषा, साहित्य, सँस्कृति र सभ्यतामा अनुपम योगदान दिने साहित्यका सेवकहरूप्रति समर्पित गरेका छन् । त्यसपछि अन्तर्वार्ताकारले कृतिमा 'आफ्नो भनाइ' प्रस्तुत गरेका छन् । यो अन्तर्वार्ता सङ्ग्रह ६१२ पृष्ठमा संरचित छ । यस कृतिमा प्रत्येक व्यक्तिका भनाइका कुनै खास वाक्यात्मक वा अर्धवाक्यात्मक अंशलाई शीर्षकीकरण गरी प्रत्येक व्यक्तिको तस्बिरसमेत राखेर तिनीहरूका दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । प्रस्तुत सङ्ग्रहमा ५२ जना पुरुष र ७ जना महिलासमेत ५९ जना साहित्यकार समाविष्ट छन् । यस पुस्तकमा ९० बर्ष नाघेका पाँचजना र अन्य पाको उमेरका सर्जकहरूको अन्तर्वार्तासमेत समावेश गरिएको छ । साहित्यकारहरूले आफूलाई र आफ्नो योगदान कसरी हेर्छन् र आफ्नो लेखनबारेमा के सोच्दछन् भन्ने कुरा जान्न यो **सिर्जना र दृष्टिकोण** नामको साहित्यकारहरूसँगको अन्तर्वार्ता सङ्ग्रह तयार गरिएको छ । यस कृतिमा सङ्कलित अन्तर्वार्तामध्ये महानन्द सापकोटा, यदुनाथ खनाल, विजय मल्लका अन्तर्वार्ता २०३० सालमै पत्रपत्रिकामा प्रकाशित भइसकेका हुन् । महानन्द सापकोटाको अन्तर्वार्ता २०३० साल भदौ ३० गते **गोरखापत्र**को शनिबारको अङ्कमा, यदुनाथ खनालको अन्तर्वार्ता वासु रिमाल यात्रीले सम्पादन र

प्रकाशन गरेको **विदेह** - ३ २०३० को आषाढ-श्रावण अङ्कमा र विजय मल्लको अन्तर्वार्ता कवि उपेन्द्र श्रेष्ठले सम्पादन र प्रकाशन गरेको **शिलान्यास**को वर्ष ५ अङ्क १, पौष २०३० मा छापिएका थिए (सुवेदी, २०७०) यस कृतिमा सङ्कलित अन्य सर्जकहरूको अन्तर्वार्ता भने २०६९/०७० सालमा लिएका हुन् । अन्तर्वार्ता लिने क्रममा सुवेदीले आफ्नो मनले चाहेको साहित्यकारसँग अन्तर्वार्ता लिए । उनले अन्तर्वार्ता लिँदा साहित्य सिर्जना गरेको लामो समयदेखिको निरन्तरता, कम्तीमा एउटा पुस्तकको प्रकाशन र उनीहरूको सिर्जनात्मक योगदान र पाको उमेरलाई ध्यान दिएका छन् ।

## ६.२ अन्तर्वार्ताको विवरण

सूर्य सुवेदीको **सिर्जना र दृष्टिकोण** अन्तर्वार्ता सङ्ग्रहमा निबन्धकार, उपन्यासकार, कथाकार, गीतकार, समालोचक, भाषासेवी साहित्यिक आन्दोलनकर्ता, आख्यानकार, इतिहासकार, सम्पादक, अनुसन्धानदाता आदि विभिन्न विधामा कलम चलाएका साहित्यकारहरूको अन्तर्वार्ता प्रस्तुत गरिएको छ । यस सङ्ग्रहमा ५९ जना साहित्यकारको अन्तर्वार्ता समावेश गरिएको छ । जसमा ५२ जना पुरुष र ७ जना महिला रहेका छन् । विविध साहित्यकारको अन्तर्वार्ताको सूची यसप्रकार छ :

| क.सं. | अन्तर्वार्ता दिने व्यक्ति | शीर्षक | अन्तर्वार्ता लिएको साल |
|---|---|---|---|
| १. | अभि सुवेदी | लेखनमा इमान्दार हुनुपर्छ । | २०६९ पुस ११ |
| २. | आनन्ददेव भट्ट | सचेत रूपमा कविताको सौन्दर्यलाई राम्ररी समात्न सकिन्न । | २०६९ पुस ८ |
| ३. | कमलमणि दीक्षित | नेपाली भाषा अब कमाउने भाषा भइसकेको छ । | २०६५ मङ्सिर १० |
| ४. | कालीप्रसाद रिजाल | म आम मान्छेको अनुभूतिको कविता लेख्छु । | २०६९ पुस ४ |
| ५. | कुमार बहादुर जोशी | म जीवनजगत्लाई बुझ्दै गर्न लेख्छु । | २०६९ पुस ११ |
| ६. | कृष्णप्रसाद पराजुली | नेपाली भाषा अत्यन्त सुन्दर र मीठो भाषा हो । | २०७० असार २६ |
| ७. | कोषराज रेग्मी | झर्रोवादी आन्दोलन स्वअस्तित्वको खोजी थियो । | २०६९ माघ २८ |
| ८. | क्षेत्रप्रताप अधिकारी | जहाँसुकै जाउ देश बोकेर जाउ | २०६९ पुस ५ |
| ९. | गीता केशरी | जम्मै घरमै पढेर जाँच दिएकी हुँ | २०६९ फागुन ९ |
| १०. | गोपीकृष्ण शर्मा | अबको पचास वर्षपछि नेपाली भाषाको शब्दभण्डार निकै विस्तृत हुनेछ । | २०६९ माघ ७ |
| ११. | गोविन्द प्रसाद लोहनी | म भौतिकवादी हुँ । | २०६९ पुस १ |
| १२. | चित्तरञ्जन नेपाली | देश अखण्ड रहेमा हामी सबैको कल्याण हुन्छ । | २०७० वैशाख २२ |
| १३. | चूडामणि रेग्मी | झर्रोवादी आन्दोलनको अनुयायी मात्रै हुँ । | २०६९ माघ २४ |
| १४. | जगदीश घिमिरे | म आफ्नै जीवनबाट प्रेरित भएको थिएँ । | २०६६ मङ्सिर ८ |
| १५. | जगदीशशमशेर राणा | अनि म तोपभूमि खोज्दै गएँ । | २०६९ फागुन ८ |

| | | | |
|---|---|---|---|
| १६. | डी.पी. भण्डारी | मूल्याङ्कनमा त्यति प्रवीण छैन । | २०६९ मङ्सिर २८ |
| १७. | तारानाथ शर्मा | अनि हामी 'झर्रो नेपाली' भनेर भख्य पऱ्यौं । | २०६९ मङ्सिर २६ |
| १८. | तुलसी दिवस | म मान्छे हुनुको पछाडि भाषाको सिर्जना र उसको सिर्जनशील प्रतिभा हो । | २०६९ पुस ११ |
| १९. | तेजेश्वर बाबु ग्वंग | तँ त कस्तो खालको काँग्रेस रहेछस् ? | २०६९चैत्र १६ |
| २०. | तोया गुरुङ | मेरो सबै स्टान्डर मिट भए वेमपेजमा कविता रे ! | २०६८ फागुन ६ |
| २१. | दुर्गालाल श्रेष्ठ | कविता लेख्दा म कवि भइनँ, सिद्धिचरण मेरोमा आउँदा म कवि भएँ । | २०६९ फागुन २८ |
| २२. | द्वारिका श्रेष्ठ | म कविता मनलेभन्दा बुद्धिले लेख्छु । | २०६९ चैत्र ५ |
| २३. | धर्मराज थापा | मेरा गीतले नयाँ युगको दैलो उघार्ने काम गरे । | २०६९ चैत्र ३० |
| २४. | ध्रुवचन्द्र गौतम | बदलिएको समय, समाज र मान्छेलाई टिप्ने कोसिस नै मेरो उपन्यास हो । | २०६९ पुस १० |
| २५. | नगेन्द्र | भाषा सुधारमा समसामयिक सुधार ल्याउनुपर्छ । | २०६९मङ्सिर २६ |
| २६. | नगेन्द्रराज शर्मा | सबैभन्दा रमाइलोचाहिँ अक्षरसँग लेख्दा लाग्छ । | २०६९फागुन १४ |
| २७. | पद्मावती सिंह | साहित्य अहिले विज्ञापनमय भइरहेको छ । | २०६९ फागुन २२ |
| २८. | परशु प्रधान | मेरा कथाले ग्रामीण जीवनको कथा भन्दछन् । | २०६९ पुस १२ |
| २९. | पुरुषोत्तम बस्नेत | साहित्यक लेखहरूभन्दा बढी सङ्ख्यामा मैले समसामयिक लेखहरू लेखे । | २०६९ पुस २८ |
| ३०. | पुष्कर लोहनी | मलाई बुझ्न मेरै सिर्जना भित्र छिर्नुपर्छ । | २०६९ पुस २ |
| ३१. | बालकृष्ण पोखरेल | मेरो जगत्मा जन्मेको वादको नाम हो झर्रोवाद । | २०६९ माघ २२ |
| ३२. | बेञ्जु शर्मा | एउटा ग्रुपले उठाइदियो भने मात्र लेखक माथि पुग्छन् । | २०६९ फागुन २६ |
| ३३. | भागीरथी श्रेष्ठ | अन्तरआत्माले वामपन्थलाई कहिले पनि स्वीकार्न सकिन्न । | २०६९फागुन ११ |
| ३४. | भानुभक्त पोखरेल | गद्य कविताहरू उच्च कविता होइनन् । | २०६९माघ २२ |
| ३५. | भुवन ढुङ्गाना | हरेक साहित्यकार पहिले कवि नै हुन्छ । | २०७० जेठ ६ |
| ३६. | मदनमणि दीक्षित | नेपालमा चाहि उत्तर आधुनिकता जस्तो कन्सेप्ट चल्दैन । | २०६९ कार्त्तिक २६ |
| ३७. | महानन्द सापकोटा | तीतो-पीरो कुरो मेरो मुटुमा तातो भीर रोपिएझैं रोपियो । | २०७० जेठ ३ |
| ३८. | माधवप्रसाद घिमिरे | साधना गर्नुहोस सिद्धि स्वतः पछि लाग्छ । | २०६९ मङ्सिर १६ |
| ३९. | माधवलाल कर्माचार्य | तल्लो मान्छेले वुझ्ने भाषा शैलीमा लेखेर पनि ठूला ठूला कुरा दिन सकिन्छ । | २०७० वैशाख २६ |
| ४०. | माया ठकुरी | हरेक दुख उज्यालो हुनुभन्दा अघिको अन्धकार | २०६९ फागुन २० |

| | | | |
|---|---|---|---|
| | | जस्तो लाग्छ । | |
| ४१. | मुकुन्दशरण उपाध्याय | नेपाली भाषालाई विश्वव्यापी रूपमा एकरूपता ल्याउनुपर्छ । | २०६९ मङ्सिर २२ |
| ४२. | मोदनाथ प्रश्रित | नयाँ आस्थामा जानुपर्छ भन्ने चेतना | २०६९ पुस १४ |
| ४३. | मोहनराज शर्मा | अधिकारयुक्त राष्ट्रिय एकाइ बनाएर नेपाली लेखनमा एकरूपता ल्याउनुपर्छ । | २०७० चैत्र १० |
| ४४. | युदनाथ खनाल | संस्कृत र अङ्ग्रेजीको पृष्ठभूमिले गर्दा नेपाली साहित्यमा चाख बन्यो । | २०६९ श्रावण २३ |
| ४५. | यादव खरेल | कविता,गीत र चलचित्र क्षेत्रका प्रेरक प्रसङ्गहरू | २०६९ मङ्सिर २० |
| ४६. | रत्नशम्शेर थापा | घरको माहौलले गर्दा नै गीत-सङ्गीततर्फ आकर्षित भएँ । | २०६९ मङ्सिर २५ |
| ४७. | राजेश्वर देवकोटा | घरकै वातावरण र देखासिकीले लेख्न थालेँ । | २०६९ मङ्सिर ६ |
| ४८. | रामदयाल राकेश | पैसाको लागि मात्र नभएर प्रतिष्ठा र नामको लागि लेख्न थालेँ । | २०७० वैशाख १४ |
| ४९. | रोचक घिमिरे | नेपाली भाषा र साहित्यको सेवा गरेर पाएको प्रतिष्ठाबाट ठूलो सन्तोष छ । | २०६९ चैत्र ७ |
| ५०. | लोकेन्द्रबहादुर चन्द | राजनीति मेरो नियति र साहित्य मेरो अभिरुचि | २०६९ माघ ५ |
| ५१. | वासुदेव त्रिपाठी | राजनीतिक भागबन्डाका प्राज्ञ हुनु र साँच्चै प्राज्ञ हुनु फरक हुन्छ । | २०६९ पुस २१ |
| ५२. | विजय मल्ल | साहित्यकारहरूले आजैका निम्ति मात्रै लेख्दैनन् । | २०२९असार १६ |
| ५३. | वैरागी काइँला | तेस्रो आयाम नाम मैले नै राखेको हो । | २०६९पुस २४ |
| ५४. | शिव रेग्मी | मलाई शारदा, धरती, प्रगति अति प्यारा लाग्ने नाम थिए । | २०७० जेठ १ |
| ५५. | श्यामदास वैष्णव | माटो, प्रकृति र परिस्थितिको अभिव्यक्ति दिनु साहित्य हो । | २०६९ मङ्सिर १५ |
| ५६. | श्यामप्रसाद शर्मा | देवकोटाले भन्नुभयो - हामी होस गरेर बोलौँ । | २०७० वैशाख ५ |
| ५७. | सत्यमोहन जोशी | यतिखेर राष्ट्रले राजनीतिक एकता मात्रै नभएर साँस्कृतिक एकता पनि खोजिरहेको छ । | २०६९ मङ्सिर २४ |
| ५८. | सुन्दरप्रसाद शाह | दुखी लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम र भीमनिधि तिवारीको प्रेरणाबाट लेख्न थालेको हुँ । | २०६९ मङ्सिर १८ |
| ५९. | स्वामी प्रपन्नाचार्य | भावी सन्ततिले सफल हुने काम नगर्ने असल हुने काम गर्ने । | २०६९चैत्र ९ |

### ६.३ अन्तर्वार्तामा लेखकहरूको चयन र चयनका आधार

सूर्य सुवेदीले **सिर्जना र दृष्टिकोण** अन्तर्वार्ता सङ्ग्रहमा उनले नेपाली भाषा र साहित्यलाई सम्पूर्ण जीवन दिएका खारिएका सर्जकहरूका अनुभव, सिर्जना, सन्दर्भ र भनाइहरू समेटेका छन् । उनले यस सङ्ग्रहमा नेपाली भाषा, साहित्य र वाङ्मयका लागि अत्यन्तै ठूलो योगदान दिएका मूर्धन्य साहित्यिक व्यक्तिहरूको अन्तर्वार्ता समावेश गरेका छन् । यस सङ्ग्रहमा समावेश गरिएका साहित्यकारहरूले आफूलाई र आफ्नो योगदानलाई कसरी हेर्छन र आफ्नो लेखनवारेमा के सोच्दछन् भन्ने कुरा जान्न यो **सिर्जना र दृष्टिकोण** नामको साहित्यकारहरूसँगको अन्तर्वार्ता सङ्ग्रह तयार गरेको हुँ (सुवेदी, २०७० : मेरो भन्नु) । उनले अन्तर्वार्तामा लेखकहरूको चयन गर्दा साहित्य सिर्जना गरेको लामो समयदेखिको निरन्तरता, कम्तीमा एउटा पुस्तकको प्रकाशन र उनीहरूको सिर्जनात्मक योगदान र पाको उमेरको आधार लिएका छन् । यस अन्तर्वार्ता सङ्ग्रहमा समाविष्ट सर्जकहरू समालोचक, गीतकार, उपन्यासकार, कवि, कथाकार, निबन्धकार, भाषासेवी आदि रहेका छन् ।

यस अन्तर्वार्ता सङ्ग्रहमा समावेश भएका साहित्यकारहरूलाई विभिन्न विधाका आधारमा छुट्याएर हेरिएको छ –

#### ६.३.१ कवि

मूलतः कवि सूर्य सुवेदीले **सिर्जना र दृष्टिकोण** अन्तर्वार्ता सङ्ग्रहमा विभिन्न कविहरूलाई पनि समावेश गरेका छन् जसमा क्षेत्रप्रताप अधिकारी, तुलसी दिवस, तोया गुरुङ, दुर्गालाल श्रेष्ठ, द्वारिका श्रेष्ठ, धर्मराज थापा, पुरुषोत्तम बस्नेत, पुष्कर लोहनी, बेञ्जु शर्मा, भानुभक्त पोखरेल, भुवन ढुङ्गाना, माधवप्रसाद घिमिरे, मुकुन्दशरण उपाध्याय, मोदनाथ प्रश्रित, वासुदेव त्रिपाठी, विजय मल्ल, वैरागी काइँला, श्यामदास वैष्णव, कालीप्रसाद रिजाल, कृष्णप्रसाद पराजुली यादव खरेल रत्नशमशेर थापा रहेका छन् ।

#### ६.३.२ आख्यानकार

सूर्य सुवेदीले **सिर्जना र दृष्टिकोण** अन्तर्वार्ता सङ्ग्रहमा आख्यानकारका अन्तर्वार्तालाई पनि समावेश गरेका छन् । जसमा गीता केशरी, जगदीश घिमिरे, डी.पी भण्डारी, ध्रुवचन्द्र गौतम, पद्मावती सिंह, परशु प्रधान, मदनमणि दीक्षित, माया ठकुरी, राजेश्वर देवकोटा, भागीरथी श्रेष्ठ, भुवन ढुङ्गाना, लोकेन्द्रबहादुर चन्द रहेका छन् ।

### ६.३.३ समालोचक

सूर्य सुवेदीले **सिर्जना र दृष्टिकोण** अन्तर्वार्ता सङ्ग्रहमा विभिन्न समालोचकहरूलाई पनि समावेश गरेका छन् । जसमा वासुदेव त्रिपाठी, आनन्ददेव भट्ट, कुमारबहादुर जोशी, मोहनराज शर्मा, गोपीकृष्ण शर्मा, जगदीश शमशेर राणा, पुष्कर लोहनी, यदुनाथ खनाल, रामदयाल राकेश रहेका छन् । यिनीहरूले अरू विभिन्न विधामा पनि कलम चलाएका छन् ।

### ६.३.४ निबन्धकार

सूर्य सुवेदीको **सिर्जना र दृष्टिकोण** अन्तर्वार्ता सङ्ग्रहमा विभिन्न निबन्धकारहरू पनि समावेश गरिएको छ । जसमा तेजेश्वर बाबु ग्वंस, पुरुषोत्तम बस्नेत, श्यामदास वैष्णव, श्यामप्रसाद शर्मा पर्दछन् । मूलतः निबन्धकार भएपनि यिनीहरूले अरू विधामा पनि कलम चलाएको पाइन्छ ।

### ६.३.५ विविध विधा

विविध विधाहरूमा गोविन्दप्रसाद लोहनी, मोहनराज शर्मा, सुन्दरप्रसाद शाह दुखी आदि रहेका छन् । त्यस्तै भाषासेवीमा बालकृष्ण पोखरेल, कृष्णप्रसाद पराजुली, नगेन्द्रराज शर्मा र रोचक घिमिरे रहेका छन् । संस्कृति विधामा सत्यमोहन जोशी, दर्शनमा स्वामी प्रपन्नाचार्य, इतिहासकारमा चित्तरञ्जन नेपाली, साहित्यिक आन्दोलनकर्तामा कोषराज रेग्मी र चूडामणि रेग्मी रहेका छन् ।

### ६.४ अन्तर्वार्ताको आयाम

सूर्य सुवेदीको यस अन्तर्वार्ता सङ्ग्रहमा समाविष्ट व्यक्तिहरूको अनुभूतिजन्य राष्ट्रिय अन्तर्राष्ट्रिय सन्दर्भका साथै वैयक्तिक दृष्टिकोण एवं मान्यता पनि प्रस्तुत गरिएको छ । उनले यसमा प्रत्येक व्यक्तिका भनाइका कुनै वाक्यात्मक वा अर्धवाक्यात्मक अंशलाई शीर्षकीकरण गरी प्रत्येक व्यक्तिको तस्बिरसमेत राखेर तिनीहरूका दृष्टिकोणलाई प्रस्तुत गरेका छन् । उनले अन्तर्वार्तामात्र नलिई त्यसलाई सुसंयोजन र सुव्यवस्थापन गर्ने काम पनि गरेका छन् । सुवेदीले अन्तर्वार्तालाई तिन भागमा प्रस्तुत गरेका छन् । हरेक व्यक्तिको अन्तर्वार्ता प्रस्तुत गर्नुभन्दा अघि सम्बद्ध व्यक्तिको मूलतः साहित्यिक परिचय दिइएको छ । बीच भागमा विभिन्न प्रश्न सोधी तिनको उत्तर लिइएको छ भने अन्त्यतिर अन्तर्वार्ता दिने व्यक्तिको वैयक्तिक अनुभुति दिइएको छ । प्रश्न सोधाइमा एकरूपता छैन, व्यक्तिले विशिष्टता हासिल गरेका क्षेत्रअनुरूप प्रश्न फरकफरक हुन्छन् । कुनै प्रश्न लामा र कुनै प्रश्न छोटा

रहेका छन् । सम्बद्ध व्यक्तिसँग अन्तर्वार्ता लिन जानुअघि नै तिनका बारेमा निकै सोधखोज र अनुसन्धान गरेर मात्र तिनीहरूसँग प्रश्न सोध्ने काम गरिएको कुरा प्रश्नहरूबाटै स्पष्ट हुन्छ ।

## ६.५ सोधिएका प्रश्नहरूको विषय सन्दर्भ

यस सङ्ग्रहमा सुवेदीले सम्बद्ध व्यक्ति र कृतिबारेमा राम्रो अध्ययन गरिसकेपछि मात्र अन्तर्वार्ता लिएका छन् । उनले ऋषितुल्य पितृपुस्ताका व्यक्तिहरूको अनुभवलाई एकै ठाउँमा समेट्ने कार्य गरेका छन् । सुवेदीले जीवनको उत्तरवयमा पुगेका वृद्ध पुस्ताका व्यक्तिहरूका अनुभवलाई समेटेर तिनका सकारात्मक पक्षलाई बढी प्रश्रय दिएका छन् । उनले यस सङ्ग्रहमा साहित्यकारहरूसँग उनीहरूको व्यक्तित्व र कृतित्व विषयमा अन्तर्वार्ता लिएका छन् । सुवेदीले यस सङ्ग्रहमा समावेश गरिएका साहित्यकारहरूले आफूलाई र आफ्नो योगदानलाई कसरी हेर्छन् र आफ्नो लेखनबारेमा के सोच्दछन् भन्ने कुराको जानकारी राखेका छन् । सुवेदीले विभिन्न सन्दर्भका प्रश्नहरू सोधेका छन् जसमा साहित्यिक, विधागत, राजनीतिक सन्दर्भ, सामाजिक, प्रज्ञाप्रतिष्ठानका, विश्वसाहित्य, स्वास्थ्य, शैक्षिक, भाषिक, प्रशासनिक र पत्रकारिताका सन्दर्भका रहेका छन् ।

## ६.६ निष्कर्ष

सूर्य सुवेदीको **सिर्जना र दृष्टिकोण** साहित्यकारहरूसँग उनीहरूको व्यक्तित्व र कृतित्व विषयमा लिइएका अन्तर्वार्ताको सङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा ५२ जना पुरुष र ७ जना महिलासमेत ५९ जना साहित्यकारहरूको अन्तर्वार्ता समावेश गरिएको छ । यस कृतिमा ९० वर्ष नाघेका पाँचजना सर्जकहरूको अन्तर्वार्ता समावेश गरिएको छ । यसमा समाविष्ट व्यक्तिहरूले अनुभूतिजन्य, राष्ट्रिय-अन्तर्राष्ट्रिय सन्दर्भका साथै वैयक्तिक दृष्टिकोण एवं मान्यता पनि बताइएको छ । नेपाली साहित्यसँग सम्बद्धमात्र नभएर अन्य क्षेत्रका व्यक्तिहरूका लागि पनि यो कृति पठनीय एवं सङ्ग्रहणीय छ । नेपाली साहित्यको अन्त्यन्तै उर्वर समयका यी साहित्यकारहरूबाट आफू र आफ्नो रचनाबारे कसरी हेर्छन् भनेर उनीहरूको दृष्टिले बुझ्न यो सङ्ग्रह निकै चाखलाग्दो बनेको छ । नब्बे वर्ष नाघेका माधव घिमिरे, सत्यमोहन जोशी, मदनमणि दीक्षित, धर्मराज थापा र स्वामी प्रपन्नाचार्यसमेत इतिहास बनाइसकेका साहित्यिक महारथीहरूको अन्तर्वार्ता समेटिएको यो सङ्ग्रह ऐतिहासिक महत्त्व बोकेको पुस्तक बनेको छ । अरू थुप्रै राम्रा र स्तरीय साहित्यकारहरूलाई समेट्न नसकिए पनि नेपाली साहित्यको झन्डै सय वर्षको कालखण्डलाई बुझ्न यो किताब एउटा कोसेढुङ्गा हुनेछ । नेपाली साहित्यसँग सम्बद्ध मात्र नभएर अन्य क्षेत्रका व्यक्तिहरूका लागि यो कृति पठनीय एवं सङ्ग्रहणीय छ ।

# परिच्छेद सात

# उपसंहार तथा निष्कर्ष

## ७.१ उपसंहार तथा निष्कर्ष

प्रस्तुत शोधको पहिलो परिच्छेद परिचय खण्ड हो । शोधको समष्टि सङ्गठन पक्षको सङ्क्षिप्त स्वरूपलाई यस अन्तर्गत विषय परिचय, समस्याकथन, उद्देश्य कथन, पूर्वकार्यको समीक्षा, शोधविधि, अध्ययनको सीमाङ्कन र अध्ययनको औचित्यमा समेटिएको छ । यस क्रममा समस्या कथनमा मुख्य समस्या, उद्देश्य कथनमा शोधको मुख्य उद्देश्य, पूर्वकार्यको समीक्षामा कृतित्व सम्बन्धि अध्ययनसँग सम्बन्धित र निकट किसिमका विश्लेषणको प्रारूपको उल्लेख छ । शोधविधिका रूपमा सामग्री सङ्कलन र विश्लेषणात्मक विधि अपनाइको छ । त्यसै गरी अध्ययनको सीमाङ्कनमा सूर्य सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन एवम् विश्लेषण गरिएको छ र औचित्यमा शोधको आवश्यकताको विषयमा सङ्क्षिप्त परिचय दिइएको छ ।

प्रस्तुत शोधको दोस्रो परिच्छेदमा सूर्य सुवेदीको जीवनी र व्यक्तित्वका विभिन्न पक्षको समग्र विश्लेषण गरिएको छ । यस अन्तर्गत जन्म र बाल्यकाल, शिक्षादिक्षा, पारिवारिक स्थिती, पेसा, भ्रमण, सम्मान र पुरस्कार, स्वभाव र रुचि, लेखनका लागि प्रेरणा र प्रभाव, प्रकासित कृतिहरूलाई प्रस्ट्याइएको छ । त्यसैगरी सूर्य सुवेदीको व्यक्तित्व, उनका व्यक्तित्वका विभिन्न पाटाका रूपमा साहित्यिक र साहित्येत्तर व्यक्तित्वको चर्चा गरिएको छ । जीवनी, व्यक्तित्व र साहित्यिक लेखनका बीचको अर्न्तसम्बन्ध दर्शाइएको छ ।

तेस्रो पच्छिेदमा कथाको विधागत स्वरूपलाई मुख्य शीर्षक दिएर त्यसभित्र कथाको परिचय, कथाको परिभाषा, कथाको रचना विधान र कथा विश्लेषणका आधारको अध्ययन गरिएको छ ।

चौथो परिच्छेदमा सूर्य सुवेदीको कथायाात्रा र प्रवृतिको चर्चा गर्दै सूर्य सुवेदीका कथाको विधागत तत्त्वका रूपमा कथावस्तु/कथायन, पात्र, परिवेश, उद्देश्य, भाषाशैली, दृष्टिविन्दु आदिका रूपमा वर्णन गरिएको छ ।

पाँचौ परिच्छेदमा सूर्य सुवेदीको **'दिशाहीन यात्रा'** उपन्यासको विधागत तत्त्वका रूपमा कथानक, पात्र, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैलीय विन्यास आदिका रूपमा वर्णन गरिएको छ ।

**दिशाहीन यात्रा** उपन्यासमा सुवर्णलाई प्रमुख पात्र बनाएर उपन्यासको कथावस्तुलाई अगाडी बढाइएका छन् । यसमा नेपालको दशवर्षे द्वन्द्वलाई अगाडी बढाइएको छ । माओवादी र सैनिकको दोहोरो चपेटामा परेका नेपालीहरूको विवशतालाई यस उपन्यासमा देखाइएको छ ।

छैठौ परिच्छेदमा सूर्य सुवेदीको **'सिर्जना र दृष्टिकोण'** अन्तर्वार्ता संग्रहको संक्षिप्त विवेचनालाई मुख्य शीर्षक दिएर त्यसभित्र अन्तर्वार्ताको विवरण, अन्तर्वार्तामा लेखकहरूको चयन र चयनका आधार, अन्तर्वार्ताको आयाम, सोधिएका प्रश्नहरूको विषय सन्दर्भलाई प्रस्ट्याइएको छ ।

वि.सं. २००५ जेठ २ गते तेरथुम जिल्लाको साबला गा. वि. स. मा माता विष्णुमाया र पिता रामप्रसादका साहिँला सन्तानका रूपमा जन्मिएका सूर्य सुवेदी नेपाली साहित्य क्षेत्रमा कलम चलाउँदै आएका छन् ।

शोधनायक सूर्य सुवेदीले आफ्नो बाल्यकाल पूर्णतयाः आफ्नै गाउँमा बिताएका थिए । उनले आफ्नै गाउँबाट एस. एल. सी. सम्मको पढाई पुरा गरी उच्च शिक्षाका लागि काठमाडौं आएको पाइन्छ । उनको बाल्यकाल सामान्यतया सुखद रूपमा नै बितेको पाइन्छ । बाल्यकालमा कुनै पनि आर्थिक दुरावस्थाले आक्रान्त बन्न नपरेको अनुभाव सुवेदीलाई छ । हाल काठमाडौंको ज्ञानेश्वरमा स्थायी बसोवास रहेको छ ।

सुवेदीको शिक्षादिक्षा औपचारिक, अनौपचारिक र अनियमित गरी तिन किसिमले प्राप्त भएको छ । औपचाारिक रूपमा उनले स्नातकोत्तरसम्म गरेका छन् । अनौपचारिक र अनियमित शिक्षाबाट उनले आफूलाई प्रसस्त खार्दै लगी एक सफल साहित्यकारका रूपमा आफूलाई स्थापित गरेका छन् ।

सूर्य सुवेदीले साहित्य लेखनको प्रेरणा आफ्नै घरबाट प्राप्त गरेका छन् । उनका जेठा दाजु नै उनको साहित्यिक अभियानका सहयोगी हुन् । साथसाथै अभि सुवेदी, ठूला बुवा, गुरुहरू पनि उनका सहयोगी हुन् ।

सुवेदी गम्भीर र संवेदनशील, शान्त र सौम्य स्वभाव भएका व्यक्ति हुन् । सुवेदीमा मान्छे सानो वा ठूलो हुँदैन, उसको कर्मले ठूलो वा सानो हुन्छ भन्ने विचार रहेको छ । साहित्य जीवनमा सही रूपमा उतार्न सकेमा मात्र त्यो वास्तविक साहित्य हुन्छ भन्ने दृष्टिकोण उनमा रहेको पाइन्छ ।

सुवेदी पुरस्कार र सम्मानका लागि साहित्य लेख्ने साहित्यकार होइनन् । उनले थुप्रै उत्कृष्ट साहित्यिक कृतिहरू प्रकाशन गरिसक्दा पनि कुनै साहित्यिक सम्मान र पुरस्कार प्राप्त गरेका छैनन् ।

वि.सं. २०२६ सालदेखि सुवेदी साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । सूर्य सुवेदी वि. सं. २०२८ सालतिर त्रि. वि. मा स्नातकोत्तर पढ्दै गर्दा रेडियो नेपालमा पार्टटाइम काम गरेर कार्य क्षेत्रमा प्रवेश गरेका हुन् । उनका हालसम्म एकवटा कथासङ्ग्रह, एकवटा उपन्यास र एकवटा अन्तर्वार्ता सङ्ग्रह प्रकाशनमा आएका छन् । सूर्य सुवेदी र उनका रचना बारेमा समालोचकहरूले गरेका टीकाटीप्पणीहरू न्यून छन् । तापनि उनको प्रखर साहित्यिक यात्रालाई चिनाउने थेरथोर प्रयास भने गरेको भेटिन्छ ।

सुवेदीले राजनीतिमा पनि चाख राखेको पाइन्छ । उनले समसामयिक लेखहरू पनि थुप्रै लेखेका छन् । उनको साहित्यिक व्यक्तित्व कथा, उपन्यास सम्पादन, अन्तर्वार्ता, समालोचना गरी विभिन्न विधामा फस्टाएको छ । करिब तिन दशकको अवधिसम्म निरन्तर साहित्यको सेवा गर्दे आएका सूर्य सुवेदी एक प्रतिष्ठित र प्रतिभाशाली साहित्यिक व्यक्तित्वका रूपमा परिचित भइसकेका छन् । सूर्य सुवेदीले झोलुङ्गपुलहरूको निर्माण, खानेपानी, वातावरण संरक्षण, बाटोघाटो मर्मत, खेतीकिसानीमा सुधार गरेका छन् । समाज सेवा गरेवापत सुप्रवल गोरखा दक्षिण बाहुबाट सम्मानित भएका छन् ।

सुवेदी वि. सं. २००५ मा जन्मिएर नेपाली साहित्यको साधनामा अनवरत रूपमा लागेका छन् । उनले साहित्यका विविध विधामा कलम चलाए पनि कथा र उपन्यास विधामा सशक्त देखिनछन् । वि.सं. २०२३ मा **दर्पण** पत्रिकामा 'दुई आत्मा र आफ्ना समस्या' नामक कथाबाट आफ्नो साहित्य यात्रा थालेका सुवेदीले त्यसपछि समालोचना, कथा, उपन्यास, अन्तर्वार्ता आदि विधामा समेत कलम चलाइएका छन् । उनका कथा र उपन्यासमा समाजमा घटेका घटनाहरू पाउन सकिन्छ । उनका कृति पढ्दा हरेक व्यक्तिका मन छुने खालका भएको हुँदा प्रवृतिगत हिसाबले उनको महत्त्वपूर्ण योगदान रहेको मन्न सकिन्छ ।

**'सूर्य सुवेदीका कथाहरू'** कथासङ्ग्रहमा उनले नेपालको गाउँले जनजीवनको आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक आदि पक्षको उजागर गरेका छन् । **'दिशाहीन यात्रा'** उपन्यासमा नेपालको माओवादी समस्या, दश वर्षे द्वन्द्व, द्वन्द्वकालमा नेपालीले भोगेको समस्या र पाएका दुखको उजागर गरेका छन् । आफ्नो मनमा आएका र समाजले भोगेका घटनाहरूलाई साहित्यको रूप दिएर अगाडी बढेका सुवेदीमा सामाजिक, नारीवादी, मानवप्रेमी, राष्ट्रप्रेमी जस्ता प्रवृतिहरू भेट्न सकिन्छ ।

सूर्य सुवेदीका कथाहरूमा सामाजिक यथार्थको अभिव्यक्ति साथै पूर्वी पहाडी ग्रामीण सामाजिक यथार्थको प्रस्तुती पाइन्छ । उनका कथामा राजनीतिक, प्रशासनिक क्षेत्रमा देखिएका विकृति एवम् विसङ्गतिको चित्रण गरी तिनीहरूप्रति व्यङ्ग्य गरेको पाइन्छ । समाजका गरिबी, अभाव, अन्धविश्वास

र सामाजिक असमानताका साथै चरम गरिबीको दुर्दान्त चित्रण उनका कथामा भेटिन्छन् । उनी मानवताप्रेमी र पशुप्रेमीका रूपमा देखापरेका छन् । यस उपन्यासमा कम्युनिष्ट कार्यकर्ता, त्यसको राजनीति र मनोदशालाई कथावस्तु बनाएर लेखकले नवीनताको प्रयोग गरेका छन् ।

सूर्य सुवेदीले नेपाली साहित्यमा वि.सं. २०२६ सालदेखि कलम चलाएर निरन्तर साधानारत रही नेपाली साहित्यलाई ठूलो योगदान गरेका छन् ।

# सन्दर्भ सामग्रीसूची

## १. पुस्तकसूची

अवस्थी, महादेव (सम्पा.), **नेपाली कथा भाग २**, काठमाडौँ : साझा प्रकाशन, २०५५ ।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु, **नेपाली कथाको इतिहास**, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, २०६२ ।

दण्डी, **काव्यदर्श**, वाराणासी : चौखम्बा संस्कृत सीरिज अफिस, २०३० ।

प्रधान, कृष्णचन्द्र सिंह, **नेपाली उपन्यास र उपन्यासकार**, तेस्रो संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०५२ ।

बराल, ईश्वर (सम्पा.), **झ्यालबाट**, पाँचौँ संस्करण, ललितपुर : साझा प्रकाशन, २०४८ ।

बराल, कृष्णहरि र एटम, नेत्र, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन, २०६२ ।

वाणभट्ट, **कादम्बरी**, वाराणासी : चौखम्बा संस्कृत सिरिज अफिस, २०१८ ।

शर्मा, मोहनराज, **कथाको विकास प्रक्रिया**, दोस्रो संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०५० ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **शोधविधि**, चौथो संस्करण, ललितपुर : साझा प्रकाशन, २०६६ ।

श्रेष्ठ, दयाराम, **नेपाली कथा भाग ४**, ललितपुर : साझा प्रकाशन, २०५७ ।

………………, **अभिनव कथा शास्त्र**, काठमाडौँ : पालुवा प्रकाशन, २०६६ ।

……………… र शर्मा, मोहनराज, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, छैटौँ संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०५९ ।

सुवेदी, सूर्य, **सूर्य सुवेदीका कथाहरू**, काठमाडौँ : खगेन्द्र सुवेदी र अन्य प्रकाशन, २०६९ ।

…………., **दिशाहीन यात्रा**, काठमाडौँ : साब्ला प्रकाशन, २०६९ ।

…………., **सिर्जना र दृष्टिकोण**, काठमाडौँ : हिमालय बुक्स स्टल प्रकाशन, २०७० ।

## २. अप्रकाशित शोधपत्रसूची

ढकाल, भागवत, **भाउपन्थीको कथाकारिता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५० ।

दाहाल, लोकनाथ, **राजवको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६१ ।

पौडेल, दुर्गा, **हरिभक्त बुढाथोकीको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, कीर्तिपुर,२०६५ ।

भण्डारी, सीता, **मधुवन पौडेलको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६१ ।

रावल, रुक्मिणीकुमारी, **सनत रेग्मीको कथाकारिता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६५ ।

शर्मा, सावित्राकुमारी, **विमलकुमार सुवेदीको उपन्यासकारिता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०७० ।

## ३. पत्रपत्रिकासूची

काइँला, वैरागी, 'सूर्य सुवेदीका कथाबारे', **अभिव्यक्ति**, (वर्ष ४२, अङ्क १५५, २०६८), पृ. ५१ ।

खतिवडा, कर्णखर, 'सूर्य सुवेदीका कथाहरू', **गोरखापत्र**, २०६८ भदौ १७, पृ. १० ।

घिमिरे, सोमनाथ, 'सूर्य सुवेदीको दिशाहीन यात्रा' **युगसंवाद साप्ताहिक**, २०६९ असोज २ ।

तिम्सिना, यसोदा, 'गाउँघरको यथार्थ चित्रण', **नेपाल खबर पत्रिका**, २०६८ साउन ५, पृ. ९ ।

पौडेल, हेमनाथ, '**दिशाहीन यात्रा**को नालीवेली', **अन्नपूर्ण पोष्ट**, २०६९ मंसिर १६ ।

भट्टराई, शिवप्रसाद, '**दिशाहीन यात्रा** उपन्यास', **गोरखापत्र**, २०६९ माघ २०, पृ १० ।

लुइटेल, खगेन्द्रप्रसाद, 'नेपाली कथाको सेरोफेरो', **मधुपर्क**, (वर्ष ३६, अङ्क १, २०६४), पृ. ३३६-३७३ ।

........................., 'अनुभवको उत्कृष्ट सङ्ग्रह', **नागरिक**, २०७१ कार्तिक २२, पृ. १० ।

लोहनी, मोहन, 'विचारप्रधान उपन्यास', **नागरिक**, २०६९ कार्तिक १८, पृ. १६+४ ।

शर्मा, गोपीकृष्ण, 'सूर्य सुवेदीका कथाहरू', **अभिव्यक्ति**, (वर्ष ४२, अङ्क १५६, २०६८), पृ. ४३-४४ ।